# तीन वर्षीय अन्तरिम योजनाको आधार पत्र

(२०६४/०६५–२०६६/६७)

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**२०६४ आषाढ**

## भूमिका

देशमा लामो जनसंघर्ष र ऐतिहासिक जनआन्दोलन, २०६३ पछि दीर्घकालीन शान्ति स्थापनाको विशिष्ट परिस्थितिसँगै वि. सं. २०६४ असारमा दशौं योजना समाप्त हुने भएकोले त्यसको लगत्तै नयाँ आवधिक विकास योजना तर्जुमा गर्ने अनुकूल संयोग परेको छ। आर्थिक वर्ष २०६४/६५ देखि कार्यान्वयनमा ल्याइने तीन वर्षे अन्तरिम योजना तयार गर्ने क्रममा यो आधारपत्र तर्जुमा गरिएको छ। यो आधारपत्र तर्जुमा गर्दा जनआन्दोलनमार्फत नेपाली जनताले व्यक्त गरेको भावनालाई सम्बोधन गर्ने, राजनीतिक तहबाट गरिएका विभिन्न सहमतिहरू, अन्तरिम संविधान र अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रमका माध्यमबाट अघि बढाइएका विषयहरूलाई संस्थागत गर्ने प्रयत्न गरिएको छ।

मुलुकमा विद्यमान विशिष्ट परिस्थितिमा तयार भैरहेको यस अन्तरिम योजनाले विगतका कमी कमजोरीबाट शिक्षा लिई उपलब्धिहरूलाई निरन्तरता दिँदै द्वन्द्वपछिको संक्रमण काललाई योजनावद्ध हिसाबले अगाडि बढाउन खोजेको छ। यी कुराहरू यस योजनाको तर्जुमा प्रक्रिया र योजनाको अवधारणा तथा प्राथमिकता दुवैमा प्रतिविम्बित भएका छन्। नेपालको योजना तर्जुमाको इतिहासमै पहिलो पटक ३० जिल्लाका ७० भन्दा बढी गाउँ विकास समितिसम्म पुगी प्रत्यक्ष अवलोकन गर्ने तथा सर्वसाधारण जनताको सुझाव सङ्कलन गर्ने काम गरिएको छ। यसैगरी केन्द्रीय तहमा राजनीतिक दल, नागरिक समाजलगायत राष्ट्रिय जीवनका विभिन्न पेशागत समूह, संगठन आदिसँग विचार विमर्श गरी सुझाव सङ्कलन गरिएको छ।

द्वन्द्वपश्चातको विशिष्ट अवस्थामा राहत तथा रोजगारी अभिवृद्धि तथा शान्ति स्थापनामा सहयोग पुग्ने गरी सार्वजनिक लगानी वृद्धि गर्ने तथा पुनःनिर्माण, पुनःस्थापना, पुनःएकीकरण, समावेशीकरण र अर्थतन्त्रको पुनरूत्थानमा यस योजनाले विशेष जोड दिएको छ। यसैगरी मुलुकको आर्थिक, सामाजिक तथा क्षेत्रीय विकास प्रक्रियाले समेट्न नसकेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, न्यूनआय वर्ग, कर्णाली अञ्चल वासी लगायत अति दुर्गम क्षेत्रका जनताको हितलाई विशेष ध्यान दिइएको छ। असहाय र विपन्न वर्गलगायत सर्वसाधारण जनतालाई राहत प्रदान गर्न एवं उनीहरूको सामाजिक-आर्थिक स्थितिमा सुधार ल्याउनका लागि यस आधारपत्रले विशेष नीति तथा कार्यक्रमहरू अवलम्वन गरेको छ। साथै दशौं योजनामा शुरु गरिएका सुधारहरू तथा अधुरा आयोजनालाई निरन्तरता दिई परिवर्तित परिवेशमा आमजनताका चाहना र आवश्यकतामा केन्द्रित नीतिहरू

समावेश गरिएका छन् ।

मुलुकमा लामो समयदेखि जरा गाडेको रूढीवादी तथा सामन्ती सोच र व्यवस्थालाई भत्काई गरिबी, पछौटेपन तथा आर्थिक र सामाजिक असन्तुलन पूर्णतः अन्त्य गर्न अल्प अवधिको एउटै योजनाबाट सम्भव हुँदैन । तथापि द्वन्द्वपछिको अवस्थामा सिर्जना भएका आन्तरिक एवम् बाह्य सम्भावना तथा सहयोगका अवसरहरूलाई उपयोग गर्दै स्पष्ट प्राथमिकता तोकेर तत्कालै राहत पुग्ने, रोजगारी सिर्जना गर्ने, दिगो शान्ति र सद्भाव अभिवृद्धि गर्ने एवं समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्नका लागि आधार तयार गर्न यस आधारपत्रले सम्भव सबै प्रयास केन्द्रित गरेको छ। साथै संक्रमणकालीन स्थितिलाई ध्यानमा राख्दै यस योजनालाई लचिलो र परिवर्तित परिस्थितिमा समायोजन गर्न समेत सकिने गरी तत्काल गर्नुपर्ने र तीन वर्षमा गर्न सकिने कार्यहरू समावेश गरिएको छ ।

अन्त्यमा, यस आधारपत्र तर्जुमा गर्ने क्रममा आफ्नो अमूल्य सुझाव तथा प्रतिक्रिया दिनुहुने सम्पूर्ण व्यक्ति, संस्था तथा समुदायहरूलाई यस आयोग धन्यवाद दिनुका साथै योजनाको विस्तृत दस्तावेज तयारीका सिलसिलामा पनि थप सुझाव र सहयोगको अपेक्षा गर्दछ ।

**आषाढ, २०६४** **राष्ट्रिय योजना आयोग**

# विषय–सूची


१. पृष्ठभूमि १

२. विकासको वर्तमान स्थिति २

   २.१ समष्टिगत आर्थिक स्थिति ३

   २.२ आर्थिक क्षेत्र ४

   २.३ सामाजिक क्षेत्र ८

   २.४ पूर्वाधार क्षेत्र १३

   २.५ मानव अधिकार १५

   २.६ शान्ति तथा सुशासन १५

   २.७ स्थानीय विकास र विकेन्द्रीकरण १७

   २.८ शान्ति, पुनःनिर्माण, पुनःस्थापना र पुनःएकीकरण १७

   २.९ समावेशी विकास १८

   २.१० कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन १९

३. विकास प्रक्रियाका विद्यमान चुनौतीहरू २०

४. अवसरहरू २१

५. दीर्घकालीन सोच २२

६. लक्ष्य २२

७. उद्देश्य २२

८. रणनीतिहरू २२

९. प्राथमिकताका क्षेत्रहरू २५

१०. परिमाणात्मक लक्ष्य २६

११ आर्थिक वृद्धिदर, स्रोत तथा साधनको व्यवस्था र बाँडफाँड २७

१२. नीतिहरू ३८
१२.१ प्रमुख नीतिहरू ३८
१२.२ समष्टिगत आर्थिक नीति ४२
१२.३ गरिबी निवारण तथा रोजगारी ४७
१२.४ आर्थिक क्षेत्र ४८
१२.५ सामाजिक क्षेत्र ५९
१२.६ भौतिक पूर्वाधार क्षेत्र ६९
१२.७ मानव अधिकार ७५
१२.८ शान्ति तथा सुशासन ७६
१२.९ स्थानीय विकास र विकेन्द्रीकरण ७८
१२.१० शान्ति, पुनःनिर्माण, पुनःस्थापना र पुनःएकीकरण ८०
१२.११ समावेशी विकास ८१
१२.१२ क्षेत्रीय एवं सन्तुलित विकास ८४
१२.१३ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ८४
**अनुसूची** ८८

## १. *पृष्ठभूमि*

नेपाली जनताले विगतमा गरेका ऐतिहासिक संघर्ष र वि.सं. २०६३ मा भएको जनआन्दोलन पछि मुलुक अहिले दीर्घकालीन शान्ति स्थापनाको दिशामा अग्रसर भैसकेको छ। हाल मुलुकमा प्रमुख राजनीतिक शक्तिहरूबीच अभूतपूर्व रूपमा सहमति कायम भएको छ। करिव एक दशक लामो राजनीतिक द्वन्द्व समाप्ति पछि उत्पन्न नयाँ अवसर, सर्वसाधारण जनतामा जागृत उत्साह, भावना तथा सोचलाई नवीन ऊर्जाका रूपमा लिई पुराना चिन्तनशैली जर्जर संरचना र सामन्ती अवशेषहरू भत्काउँदै राजनीतिक सहमतिका माध्यमबाट गरिबी, अभाव र पछौटेपनमा बाँचिरहेका नेपाली जनताको जीवनस्तर उकास्न दृढताकासाथ अघि बढ्ने सुनौला अवसर सिर्जना भएको छ। यस्ता सुनौला अवसरलाई उपयोग गर्दै विगतका आन्दोलनबाट हासिल भएका ऐतिहासिक उपलब्धिलाई संस्थागत गरी विकासमा फड्को मार्नु अब मुलुकको प्रमुख लक्ष्य बनेको छ।

नेपालमा योजनावद्ध विकास प्रयासको पाँच दशकमा नौ वटा आवधिक योजना सम्पन्न भइसकेका छन् भने दशौं योजना चालु आर्थिक वर्षको अन्त्यमा सकिंदैछ। यस अवधिमा भौतिक संरचनाको विकास, क्षेत्रीय विकास, न्यूनतम आवश्यकताको परिपूर्ति, गरिबी निवारण जस्ता विभिन्न पक्षहरूमा विकास प्रयासहरू केन्द्रित रहे। यी प्रयासका फलस्वरूप थुप्रै भौतिक तथा सामाजिक विकासका संरचनाहरू निर्माण हुनुका साथै सरकार, नागरिक समाज र सर्व साधारण जनताबीचको परस्पर सम्बन्धमा निकै परिवर्तन भएको छ। तर आवधिक योजनाहरूले परिलक्षित गरेको आर्थिक वृद्धि हासिल हुन सकेन र अति कम विकसित मुलुकहरूको दाँजोमा समेत आर्थिक प्रगति पछाडि पऱ्यो। विगतमा अवलम्बन गरिएका नीतिहरूले उत्पादनशील स्रोत साधनमा असमान पहुँच, वितरणात्मक द्वन्द्व तथा सुशासनको कमी जस्ता अर्थतन्त्रको संरचनागत समस्याहरूलाई यथेष्ट रूपमा सम्बोधन गर्न सकेन। महिला, दलित, आदिवासी जनजाति, मधेशी, कर्णाली अञ्चलवासी लगायत पछाडी परेका अति दुर्गम क्षेत्रका वासिन्दा तथा असहाय एवं निमुखा वर्गको आर्थिक, सामाजिक स्थितिमा अपेक्षित सुधार आउन सकेन। यस्तो स्थितिले द्वन्द्वलाई निम्त्यायो र थप ऊर्जा प्रदान गऱ्यो।

नेपाली जनताले विगतमा गरेका संघर्षहरूले आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा मुलुकमा विद्यमान संरचनात्मक तथा सामन्ती सोच, नेपाली जनतालाई विभिन्न रूपमा वर्गीकृत गर्ने रूढीवादी संस्कार, जाति, भाषा, संस्कृति र धर्मको आधारमा हुने विभेद, मानव अधिकार हनन् र सामाजिक तथा भौगोलिक रूपमा रहेको वंचितीकरणको स्थितिलाई उजागर गर्नुका साथै



जनतालाई सवल बनाएको छ। वि.सं. २००७ मा भएको आन्दोलनले समाजमा विद्यमान छुवाछुत प्रथा, बालविवाह र सामन्ती पद्धतिलाई परिवर्तन गर्ने कार्यको थालनी गर्न मद्दत गऱ्यो। वि.सं. २०४६ को जनआन्दोलन पश्चात लिइएका आर्थिक तथा सामाजिक नीति अनुरूप सरकारी तथा गैरसरकारी क्षेत्रमा संचालित विकास कार्यक्रमका फलस्वरूप समष्टिगतरूपमा सकारात्मक प्रतिफल तथा प्रभाव देखिएको छ। यस अवधिमा समावेशी विकास अवधारणालाई व्यापक रूपमा लागू गर्न सकिएन। तर नेपाली जनताले गरेको ऐतिहासिक संघर्ष र पछिल्लो जनआन्दोलनले महिला, दलित, आदिवासी, जनजाति, मधेशी, अपाङ्गलगायतको समावेशीकरण सहितको सामाजिक तथा आर्थिक विकासको निमित्त योजनाबद्ध रूपमा अघि बढ्न नयाँ सोचको लागि निर्देशित गरेको छ।

संविधान सभाको चुनावपछि जनताको चाहना अनुसारको संविधान तयार गरी निर्वाचित सरकार गठन हुन करिव ३ वर्ष लाग्नसक्ने देखिएकाले त्यतिन्जेलसम्म विकास प्रक्रियालाई योजनाबद्ध तरिकाले सञ्चालन गर्नका लागि आगामी वर्षदेखि तीनवर्षे अवधिको नयाँ योजना लागू गर्नु उपयुक्त हुने देखिएको छ।

यस योजनाले भौतिक पूर्वाधारहरूको पुनःनिर्माण र पुनःस्थापना, सामाजिक पुनःएकीकरण, आर्थिक पुनःउत्थान र समावेशी विकास, आर्थिक र सामाजिक रूपान्तरण जस्ता पक्षहरूलाई जोड दिनेछ। यसैगरी गरिबी निवारण रणनीतिको सफल कार्यक्रमहरूको निरन्तरता, सहस्राब्दी विकास लक्ष्यप्रतिको प्रतिवद्धता, विश्व व्यापार संगठनको सदस्यता पछिको अवसर र छिमेकी चीन तथा भारतबीचको व्यापारिक अवस्था एवं औद्योगिक विकासबाट उपलब्ध अवसरलाई उपयोग गर्दै विकास प्रक्रिया अघि बढाउने नीतिहरू लिइनेछ।

जनआन्दोलनमार्फत् जनताले अभिव्यक्त गरेको भावना अनुरूप प्रतिनिधि सभाले गरेको ऐतिहासिक घोषणा तथा त्यसपछि राजनीतिक तहमा भएका सहमतिहरू र अन्तरिम संविधानमा रहेको राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति एवं अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रमहरूलाई निर्देशक दस्तावेजका रूपमा लिई यस योजनामा दीर्घकालीन सोचसमेत राखी विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा नीतिहरू तर्जुमा गरिएका छन्।

## २. *विकासको वर्तमान स्थिति*

विगतका केही योजनाहरू गरिबी निवारणको प्रमुख उद्देश्य लिई कार्यान्वयन गरिएका थिए। समग्र आर्थिक परिसूचकहरू सकारात्मक रहेर मात्र गरिबी निवारणको लक्ष्य हासिल हुन नसक्ने विगतका अनुभवहरूका आधारमा दशौं योजनामा गरिबीलाई आयको गरिबी, मानवीय गरिबी तथा सामाजिक

वञ्चितीकरण गरी मूलतः ३ आयाममा विभाजन गरिएको थियो। यी सबै आयामहरूको विगतका वर्षहरूमा विश्लेषण गर्दा नेपालीको समग्र गरिबी र मानव विकास सूचकहरूमा उल्लेख्य सुधार आएको छ।

नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ का अनुसार विगत ८ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट ११ प्रतिशत विन्दुले घटी ३१ प्रतिशतमा झरेको अनुमान छ। यसरी गरिबी घट्नुमा कृषि तथा गैर कृषि क्षेत्रको ज्यालादरमा भएको वृद्धि, बढ्दो शहरीकरण, जनसंख्यामा सक्रिय जनशक्तिको हिस्सामा भएको वृद्धि र ठूलो परिमाणमा भित्रिन सकेको विप्रेषण प्रमुख कारकहरू रहेको देखिएको छ। तर, यस अवधिमा आय वितरणको असमानता दर्शाउने गिनी गुणक (Gini Co-efficient) ०.३४ बाट ०.४१ पुगेको देखिन्छ अर्थात् धनी र गरिब बीचको अन्तर बढेको देखिएको छ।

त्यसैगरी मानव विकास प्रतिवेदन, २०६३ अनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्षको (०.५१३) तुलनामा बढेतापनि (०.५२७), नेपाल दक्षिण एसियामै सबैभन्दा कम मानव विकास भएको मुलुकको रूपमा रहेको छ। नेपाल मानव विकासको विश्व सूचीमा १३८ औं स्थानमा रहेको छ।

सहस्राब्दी विकास लक्ष्यको प्रगति प्रतिवेदन, २०६३ अनुसार प्राथमिक शिक्षा र एच्आइभी/एड्स बाहेकका अन्य सहस्राब्दी विकासका लक्ष्यहरू सन् २०१५ भित्र हासिल गर्न सक्ने देखिएको छ।

## *२.१ समष्टिगत आर्थिक स्थिति*

दशौं योजनामा सामान्य आर्थिक वृद्धिदर औसत वार्षिक ४.३ प्रतिशत (कृषि क्षेत्र २.८ र गैर कृषि क्षेत्र ५.२) हुने लक्ष्य रहेको थियो। तर योजनावधिमा वृद्धिदर वार्षिक औषत ३.४ प्रतिशत (कृषि क्षेत्र २.६७ र गैर कृषि क्षेत्र ३.७९) रह्यो तथा कुल मूल्य अभिवृद्धि ३.४ प्रतिशतले हुने अनुमान छ। कुल मूल्य अभिवृद्धिमा गैर कृषि क्षेत्र अन्तर्गतको समुदाय तथा सामाजिक सेवा र विद्युत ग्याँस तथा पानीको क्षेत्रको वृद्धिदर अन्य क्षेत्रको तुलनामा बढी रहेको अनुमान छ (तालिका १ अनुसूची १)।

यस अवधिमा अर्थतन्त्रमा केही संरचनागत परिवर्तन भएको देखिएको छ। योजनाको आधार वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३७.४ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ६२.६ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा क्रमशः ३३.१ प्रतिशत र ६६.९ प्रतिशत हुन पुगेको अनुमान छ। गैर कृषि क्षेत्रमध्ये व्यापार, होटल तथा रेष्टुँराको योगदान सबै भन्दा बढी रहेको देखिन्छ (तालिका २ अनुसूची १)।



समीक्षा अवधिमा कुल उपभोग औषतमा ८९.८४ प्रतिशत रह्यो। कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल पूँजी निर्माण वार्षिक औषत २५.५७ प्रतिशत रह्यो। त्यस्तै, कुल गार्हस्थ बचत कुल गार्हस्थ उत्पादनको अनुपातमा वार्षिक औषत १० प्रतिशत रह्यो भने कुल राष्ट्रिय बचत वार्षिक औषत २८.१ प्रतिशत रह्यो। यसरी समग्रमा विश्लेषण गर्दा दशौं योजना कालमा गार्हस्थ बचत र उपभोगमा खास परिवर्तन नदेखिएता पनि कुल पूँजी निर्माण र कुल राष्ट्रिय बचतमा सकारात्मक परिवर्तन देखिएको छ। योजनावधिमा चालु खाता बचतमा केही कमी आएको छ भने शोधनान्तरको स्थितिमा सुधार आएको छ (तालिका ३ अनुसूची १)।

योजनावधिमा मुद्रा प्रदाय (एम्-१) को औषत वृद्धिदर ११.३ प्रतिशत रहेकोमा आ.व. २०६३/६४ मा यसको वृद्धिदर १४.७ प्रतिशत हुन पुगेको छ। यस अवधिमा मूल्य सूचकाङ्क वृद्धिदर (GDP deflator) औषत ५.६ प्रतिशतले बढ्न गएको छ। सरकारी बजेटतर्फ कुल गार्हस्थ उत्पादनको अनुपातमा राजस्व र वैदेशिक सहायता सकारात्मक रूपमा वढ्न गएको छ भने पूँजीगत खर्च (सावाँ भुक्तानी समेत) को औषत अनुपातमा वृद्धि भएन। चालु खर्चको औषत अनुपातमा केही वृद्धि देखिएको छ।

## *२.२ आर्थिक क्षेत्र*

**कृषिः** विगतका विकास प्रयासबाट कृषि प्रणाली जीविकोपार्जनमुखीबाट क्रमशः व्यवसायीकरण तर्फ रूपान्तरण हुँदै गएको छ। नगदेबालीको उत्पादन र उपभोगमा वृद्धि भएको छ। अनुसन्धान, प्रसार, बजार, व्यवसाय प्रवर्द्धन, खाद्य प्रविधि र गुणस्तर नियन्त्रण, उत्पादन सामग्री आपूर्ति तथा ग्रामीण पूर्वाधार निर्माण र सम्बर्द्धन कार्यको समन्वयात्मक परिचालन हुन थालेको छ। सेवा प्रवाहमा सरकारी क्षेत्रको प्रभुत्व क्रमशः घट्दै गई सहकारी, निजी र सामुदायिक संघ संस्थाको प्रभावकारी प्रादुर्भाव भएको छ भने उपभोग्य वस्तुको उत्पादनमा आशातीत रूपमा नै वृद्धि भैरहेको छ। नीतिगत क्षेत्रमा कृषि क्षेत्रको विकासको लागि राष्ट्रिय कृषि नीति, २०६१ र राष्ट्रिय कृषि व्यवसाय नीति, २०६३ जारी गरिएका छन्।

कृषि तथा सहकारी क्षेत्रमा प्रतिव्यक्ति उपभोग्य खाद्यान्न (आलु र दालसमेत) उत्पादन योजनाको सुरु वर्षमा २६४ के.जी. बाट २८६ के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा २७५ के.जी. भएको, चिनी उत्पादन ८.७ के.जी.बाट ९.०३ के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा ९.४४ के.जी. भएको, तरकारी (बेमौसमी समेत) उत्पादन ६६.७४ के.जी.बाट ७९.१५ के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा ८० के.जी. भएको, फलफूल उत्पादन १६.१७ के.जी.बाट १७.८९ के.जी पुऱ्याउने लक्ष्य रहेकोमा २१.६३ के.जी. भएको, माछा उत्पादन १.५

के.जीबाट १.८७ के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा १.८७ के.जी. भएको, मासु उत्पादन ८.५ के.जी.बाट ९.९४ के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा ८.६ के.जी. भएको, दूध उत्पादन ४७.०५ लिटरबाट ५०.८५ लिटर पुऱ्याउने लक्ष्य रहेकोमा ५१ लिटर भएकोले उत्पादनमा आशातीत रूपमा नै वृद्धि भइरहेको देखिएको छ। साथै, चिराइतो, अल्लो र केशर जस्ता र जडीबुटीजन्य उत्पादनको विविधिकरण प्रविधिको विकास भएको छ। यसका अतिरिक्त उच्च मूल्यका कृषि उत्पादनहरूको उन्नत जातका खेती प्रविधिको विकास भएको छ। यसैगरी कृषि क्षेत्रमा विविधिकरण तथा आधुनिकीकरणका लागि पनि प्रयासहरू भइरहेका छन्।

यातायातको कठिनाई र अप्रतिस्पर्धात्मक बजारको कारण खासगरी दुर्गम पहाडी क्षेत्रमा खाद्यान्नको समस्या जटिल रहेको छ। लगानी र भौतिक सुविधाको प्रभावकारी उपयोग गर्न नसक्नु, बाली सघनता कम हुनु, रासायनिक मल, उन्नत विउ, सिंचाइ, ऋण जस्ता आधारभूत कृषि सामग्रीको अपर्याप्त आपूर्ति र कम उपयोग हुनु, बजार संयन्त्र कमजोर हुनु, उत्पादन जोखिम बढी हुनु, कृषि प्रसार संयन्त्रहरू प्रभावकारी नहुनु तथा कृषि अनुसन्धान वाञ्छित क्षेत्रमा नहुनु यस क्षेत्रमा प्रमुख समस्याहरूको रूपमा देखिएका छन्।

दुर्गम जिल्लाहरूमा खाद्य समस्या विद्यमान रहेको छ। स्रोत र साधनको पहुँचमा बढ्दो कमी, परिवार भित्रको असमानता, आपतकालीन सहयोगमा कमी, सुलभ तर अस्वस्थकर खाना खाने बानीमा विस्तार आदि कारणले खाद्य सुरक्षामा ह्रास आएको छ।

**भूमिसुधारः** नापनक्सा हुन बाँकी रहेका गाउँ विकास समिति (गा.वि.स.)/गाउँ ब्लक क्षेत्र तथा नगरपालिका क्षेत्रको नाप नक्साको कार्यका साथै डिजिटल कित्तानापी प्रविधि अपनाई जग्गा पुनः नापी गरी डिजिटल तथ्यांकीय आधार तयार गर्ने कार्य सुरु भएको छ। छ वटा मालपोत कार्यालयहरूमा भूसूचना प्रणालीको स्थापना भएको छ भने ७४ जिल्लाका नक्साको एमोनिया प्रिन्ट केन्द्रीयस्तरमा व्यवस्थित गर्ने कार्य सम्पन्न भएको छ।

भूमिहीन र आर्थिक दृष्टिले पछाडि परेका वर्गको भूमिमा पहुँच कम हुनु, द्वैध स्वामित्व व्यवहारमा अझै कायम रहनु, खेतीयोग्य जग्गा टुक्रिई कित्ताहरू छरिनु, भूउपयोग योजना कार्यान्वयन नहुनु र भूमिहीन तथा मुक्त कमैयाको बसोवास व्यवस्थित हुन नसक्नु प्रमुख चुनौती रहेका छन्।

**वनः** हालसम्म नेपालमा वनले ढाकेको जम्मा क्षेत्र ३९.६ प्रतिशत रहेको छ। दशौं योजनाको प्रारम्भ हुँदा करीब १२ हजार सामुदायिक वन उपभोक्ता समूहहरू गठन भई वन क्षेत्रको व्यवस्थापन हुँदै आएकोमा योजनाको अन्त्यसम्ममा करीब १४५०० सामुदायिक वन उपभोक्ता समूहहरू गठन भई



हाल झण्डै १२ लाख ४० हजार हेक्टर वन क्षेत्र व्यवस्थापन हुँदै आएको छ। सामुदायिक वनको अतिरिक्त गरिबीको रेखामुनिका घरधुरीलाई आय आर्जनको अवसर सिर्जना गर्न ९५० भन्दा बढी कबुलियती वन उपभोक्ता समूह गठन भई ३७०० हेक्टर वन व्यवस्थापन भएको छ। यसबाट वनको गुणस्तरमा सुधार आउनुका साथै वन, वातावरण, जैविक विविधताको संरक्षण भएको तथा वनमा निर्भर जनसंख्याका लागि वनपैदावारको सहज आपूर्ति र दिगो व्यवस्थापनका साथै सामुदायिक विकासका कामहरू हुँदै आएका छन्। सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट लैंगिक सन्तुलन, समुदायको सशक्तीकरण र संस्थागत विकास कार्यहरू बढी रहेका छन्। नेपालको जैविक विविधता दिगो रूपमा संरक्षण गर्ने सन्दर्भमा हालसम्म कुल भूभागको १९ प्रतिशत जमिन संरक्षण क्षेत्रले ओगटेको छ। जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दायित्व पूरा गर्न नेपाल जैविक विविधता रणनीति, २०५९ र नेपाल जैविक विविधता रणनीति कार्यान्वयन योजना, २०६३ लागू गरिएको छ। कार्बन व्यापार, जलवायु परिवर्तनमा न्यूनीकरण र वातावरणीय सेवाको लागि भुक्तानी जस्ता प्रावधानहरूबाट नेपालको वन क्षेत्रको माध्यमबाट अन्तर्राष्ट्रिय स्रोत जुटाउने अवसर प्राप्त भएकाले यसका लागि कूटनीतिक प्रयासलाई तीव्र र प्रभावकारी बनाउन आवश्यक छ। वन अतिक्रमण भई वन क्षेत्र संकुचित हुँदै जानु, नदी कटान र पहिरोले भूसंरक्षणको कार्य खर्चिलो र अप्रभावकारी हुनु, जैविक विविधता सम्बन्धी चेतनाको कमी हुनु, वहुमूल्य गैरकाष्ठ वन उपजहरूको पहिचान, खेती प्रविधि आदिको जानकारी नहुनु तथा यसमा निजी क्षेत्र अपेक्षित रूपमा अगाडि सरी नसक्नु जस्ता समस्या विद्यमान् छन्।

**पर्यटनः** पर्यटन विकासको क्रम वि.सं. २०४६ को राजनैतिक परिवर्तन पछि तीव्र भयो। सरकारले अपनाएको उदार नीतिको फलस्वरूप होटल, ट्राभल एजेन्सी, विमान सेवा सञ्चालन कम्पनीहरूमा उल्लेख्य वृद्धि भै वि.सं. २०४७ सालदेखि पर्यटक आगमनको संख्या र पर्यटक बसाइ अवधि पनि उल्लेख्य रूपमा बढेको थियो। यसरी क्रमिक रूपमा विकसित हुँदै आएको पर्यटन व्यवसाय देशमा राजनैतिक द्वन्द्व चर्केपछि भने खस्किन थाल्यो। दशौं योजना अवधिमा वर्षेनी ७.२ प्रतिशतले वृद्धि गरी पर्यटक आगमन संख्या ५ लाख १६ हजार पुऱ्याउने र ८ प्रतिशतका दरले विदेशी मुद्रा आर्जनमा वृद्धि गर्ने लक्ष्य राखिएकोमा आ.व. २०६२।६३ मा पर्यटक संख्या ३ लाख ७५ हजार पुगी त्यसबाट कुल अमेकिन डलर १४.८४ करोड आर्जन भएको छ, जुन देशको कुल विदेशी मुद्रा आर्जनको ७.१ प्रतिशत हुन आउँछ। पर्यटक बसाई अवधि सरदर ९.१ दिन कायम हुन आएको देखिन्छ। यसैगरी कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान आ.व. ०६२/६३ मा १.२ प्रतिशत रहेको छ। तथापि, पर्यटन क्षेत्रको विकासका लागि आवश्यक

ग्रामीण पूर्वाधार, भरपर्दो र पर्याप्त आन्तरिक तथा वाह्य वायु सेवा, होटल एवं पर्यटन व्यवसायमा सुधार आउन सकेको छैन भने आन्तरिक द्वन्द्वको कारण पर्यटन क्षेत्र प्रभावित भएको छ ।

**उद्योगः** उद्योग तथा खानी क्षेत्रको कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान ९.३२ प्रतिशत हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा ८.४ प्रतिशत रहेको छ । त्यसैगरी वार्षिक सरदर ७.८ प्रतिशतका दरले औद्योगिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको भएतापनि यस अवधिमा १.९५ प्रतिशतको वृद्धिदर मात्र हासिल हुन सक्यो । दशौं योजनाको पहिलो ४ वर्षको अवधिमा शान्ति सुरक्षाको बिग्रदो स्थितिको कारणबाट औद्योगीकीरणको गतिमा नकारात्मक प्रभाव पर्न गयो भने उद्योग क्षेत्रमा भौतिक पूर्वाधारको कमी, क्षमताको न्यून उपयोग, व्यवसायिक वातावरणको अभाव, कमजोर आधारभूत संरचना, प्रविधि हस्तान्तरणको समस्या लगायतका कारणबाट उत्पादनमा कमी आउनु, प्रतिस्पर्धात्मक क्षमताको कमी हुनु र आन्तरिक बजार सानो हुनु जस्ता समस्याहरू देखिएका छन् ।

**वाणिज्यः** व्यापारसँग सम्बन्धित नीतिगत र कानुनी आधारहरू विकास गर्ने तर्फ केही प्रयासहरू भएका छन् । स्वस्थ र प्रतिस्पर्धात्मक बजारको विकास गर्न र कर्पोरेट सुशासनको स्थापना गर्न प्रतिस्पर्धा ऐन, दामासाही ऐन, कम्पनी ऐन, साइवर ऐन आदि कार्यान्वयनमा आएका छन् । व्यापारिक वस्तुको आवागमनलाई छिटो छरितो गर्न एवं प्रकृयागत सरलीकरण गरी वैदेशिक व्यापारको लागत कम गर्न वीरगन्ज, भैरहवा र विराटनगरमा सुख्खा बन्दरगाहहरूको निर्माण गर्ने काम यस अवधिमा सम्पन्न भएका छन् । नेपाल विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा प्रवेश भएबाट नयाँ चुनौतीहरू र अवसरहरू सिर्जना भएका छन् । दशौं योजना अवधिमा वस्तु व्यापारतर्फ निर्यात ०.५ प्रतिशतले मात्र र आयात ८.७ प्रतिशतले वृद्धि भएको अनुमान छ । फलस्वरूप दशौं योजनाले व्यापार घाटालाई कुल ग्राहस्थ उत्पादनको १२.२ प्रतिशतमा सीमित राख्ने लक्ष राखेकोमा १५.१ प्रतिशत पुगेको छ ।

**आपूर्तिः** सरकारले विगत लामो समयदेखि आपूर्तिको क्षेत्रमा विशेष गरी दुर्गम तथा पिछडिएको क्षेत्रमा खाद्यान्न, नून, रासायनिक मल, निर्माण सामग्रीको सहुलियत मूल्यमा आपूर्ति र कामको लागि खाद्यान्न कार्यक्रम संचालन गर्दै आएको छ । यसै क्रममा सरकारले दुर्गम क्षेत्रका ३० वटा जिल्लामा ढुवानी अनुदानमा खाद्यान्न तथा २२ वटा जिल्लामा आयोडिनयुक्त नूनको आपूर्ति गरिआएको छ । खुला तथा उदार अर्थ व्यवस्था अनुरूप केही आधारभूत उपभोग्य वस्तु (पेट्रोलियम पदार्थ, नुन र खाद्यान्न) बाहेक अन्य वस्तुहरूको



विक्री वितरणमा सरकारी नियन्त्रण रहेको छैन । पेट्रोलियम पदार्थको मासिक ७६ हजार किलोलिटर माग रहेकोमा करीब ६० हजार किलोलिटर आपूर्ति भएको छ । खाद्यान्न तर्फ १७३ हजार क्विन्टल वार्षिक माग रहेकोमा ९७ हजार क्विन्टल वार्षिक आपूर्ति गर्न सकिएको छ ।

**श्रम व्यवस्थापन र रोजगार प्रवर्द्धनः** नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ का अनुसार पूर्ण बेरोजगारी ३.८ प्रतिशत रहेको अनुमान छ । आन्तरिक श्रम व्यवस्थापनको लागि नयाँ श्रम तथा रोजगार नीति, २०६२ जारी गरिएको छ । आन्तरिक श्रम बजारमा पर्याप्त रोजगारका अवसरको सिर्जना हुन नसकेकाले विभिन्न देशहरूमा हालसम्म करिव ८ लाख युवाहरू रोजगारीका लागि गएका छन् । तर, सरकारी कार्यविधि पूरा नगरी तेस्रो मुलुक जाने युवाहरूको संख्या पनि उल्लेख्य रहेको अनुमान छ । साथै कामका लागि भारतका विभिन्न स्थानहरूमा मौसमी र स्थायी रूपमा प्रवासन गर्ने व्यक्तिहरू तेस्रो मुलुकमा जाने युवाहरूको तुलनामा बढिरहेको छ । श्रम प्रशासनले स्वदेशी तथा वैदेशिक रोजगारका क्षेत्रलाई प्रभावकारी रूपमा व्यवस्थापन गरी महिला तथा पुरुष कामदार/कर्मचारीहरूलाई सुरक्षित, मर्यादित र उत्पादनमूलक रोजगारको अवसर सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने देखिएको छ । वैदेशिक रोजगारका लागि आकर्षण बढ्दै गए पनि सुरक्षित एवं व्यवस्थित गर्ने चुनौती विद्यमान छ भने विदेशी श्रम बजारको माग बमोजिम सीपयुक्त र दक्ष जनशक्ति उत्पादन गर्न सकिएको छैन ।

## *२.३ सामाजिक क्षेत्र*

**शिक्षाः** प्राथमिक विद्यालयलगायत शिक्षाको विभिन्न तहमा छात्रछात्रा दुवैको सहभागिता बढेको देखिन्छ । प्राथमिक विद्यालयमा खुद भर्नादर ८७.४ पुगेको छ । विद्यालय जाने उमेरका बालबालिकामध्ये छात्राको प्रतिशत ४८, आदिवासी जनजातिको करिव ३८ प्रतिशत, दलितको १८ प्रतिशत र अपाङ्गको १ प्रतिशत रहेको देखिन्छ । सरकारी र निजी गरी कूल विद्यालय संख्या २८,०२६ पुगेको छ । प्राथमिकस्तरमा शिक्षिकाको अनुपात ३०.६, दलितको २.५ र जनजातिको १७.८ रहेको छ । मुलुकको कुल साक्षरता ५३.७ प्रतिशत छ भने महिला साक्षरता ४२.५ प्रतिशत रहेको छ । साक्षरता लैङ्गिक समता सूचकाङ्क दशौं योजनाको अन्त्यसम्म ०.८ पुऱ्याउने लक्ष्य राखिएकोमा ०.६१ पुगेको छ ।

अझै करिब १३ प्रतिशत बालबालिकाहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ । विद्यालय र उच्च शिक्षामा सबै लिङ्ग, वर्ग र क्षेत्रका छात्रछात्राहरूको समान पहुँच पुग्न सकेको छैन । कक्षा दोहोऱ्याउने दर र बीचमै कक्षा छोड्ने दर बढी छ भने उत्तीर्ण हुने दर सन्तोषजनक छैन । हरेक तहको शिक्षामा छात्रछात्राको पहुँच वृद्धि भैरहको देखिए पनि गरिब, दलित

खासगरी मधेशका दलित र आदिवासी जनजातिको भर्नादर न्यून रहेको छ। यसको साथै मुलुकमा हाल संचालनमा रहेका विश्वविद्यालयहरू ५ छन्।

**स्वास्थ्यः** "स्वास्थ्य जनताको आधारभूत अधिकार" को विश्वव्यापी मान्यतालाई नेपालले स्वीकार गरेर अन्तरिम संविधान, २०६३ ले यो अवधारणालाई आत्मसात् गरी नेपाली नागरिकको स्वास्थ्यप्रतिको राज्यको दायित्वलाई ऐतिहासिक रूपमा पहिलोपल्ट स्थापित गरेको छ। स्वास्थ्य क्षेत्रमा भएका नीतिगत, कार्यगत तथा संस्थागत सुधारका कारण स्वास्थ्य सेवामा जनताको पहुँच बढ्दै गएको छ। क्षेत्रीय, अञ्चल, जिल्लास्तरीय अस्पतालदेखि हरेक गाउँ विकास समितिमा स्वास्थ्य संस्था सञ्चालन भइरहेका छन्। यसको परिणाम स्वरूप, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०६४ अनुसार मातृ मृत्युदर प्रति एक लाखमा २८१, बाल मृत्युदर प्रति हजारमा ६१, शिशु मृत्युदर प्रति हजारमा ४८ र नवजात शिशु मृत्युदर प्रति हजारमा ३४ पुगेको छ भने नेपालीको औसत आयु ६२ वर्ष पुगेको छ। यसमा पुरुषको भन्दा महिलाको औसत आयु बढी रहेको छ। स्वास्थ्य क्षेत्रको सुधारका लागि राष्ट्रिय स्वास्थ्य नीति तथा अन्य उपक्षेत्रगत नीतिहरू कार्यान्वयनमा रहेका छन्। आयुर्वेदिक स्वास्थ्य सेवा लगायत अन्य वैकल्पिक स्वास्थ्य सेवाको विस्तार भरहेको छ। बालबालिकाको पोषणको स्थितिको सम्बन्धमा वि.सं २०५८ सालको तुलनामा वि.सं २०६४ सालमा उमेर अनुसारको उचाइ नपुग्ने (पुड्को) प्रतिशत ५७ बाट घटी ४९, उचाइ अनुसार वजन नपुग्ने प्रतिशत ११ बाट बढी १३ र उमेर अनुसारको वजन नपुगेकोमा ४३ बाट घटी ३९ पुगेको छ। तथापि स्वास्थ्य संस्थाहरूको कमजोर भौतिक अवस्था तथा स्वास्थ्यकर्मी, औषधी र उपकरणको कमीको कारण जनतालाई आवश्यक एवं गुणस्तरीय स्वास्थ्य सेवा सहज रूपमा पु¥याउन सकिएको छैन।

**जनसंख्याः** मुलुकको जनसंख्याको वार्षिक वृद्धिदर अझै पनि उच्च (२.२५%) छ। वि.सं. २०३८ मा कुल प्रजनन दर सरदर ६.३ रहेकोमा यो दर ३.१ मा झरेको छ भने कोरा जन्मदर २८.४ र परिवार नियोजनको साधन प्रयोग दर ४८ प्रतिशत पुगेको छ। शहरी क्षेत्रमा कूल प्रजनन् दर घट्दै गएपनि ग्रामीण क्षेत्रमा जनसंख्या वृद्धिदर अझै पनि उच्च रहेको छ। नेपालको जनसंख्याको वनावटमा आश्रितहरूको (बालबालिका र वृद्धवृद्धा) संख्या बढी रहेको छ। पुरुषहरूको प्रवासको कारण हाल १०० जना महिलामा करिव ८९ जना पुरुषको अनुपात रहेको पाइएको छ। प्रजनन् स्वास्थ्यमा अझै पनि अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिएको छैन। साथै जनसंख्या सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनमा दोहोरोपना आएको तथा क्षेत्रगत निकायहरू बीच समन्वयको कमी रहेको देखिन्छ।



**खानेपानी तथा सरसफाईः** खानेपानी प्रणालीको निर्माण, संचालन र संभारमा उपभोक्ता समूहको संलग्नता तथा सहभागितामा समेत व्यापक रूपमा वृद्धि भएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०६४ अनुसार करिव ९० प्रतिशत शहरका घरधुरी र करिव ८० प्रतिशत ग्रामीण घरधुरीमा खानेपानीको पहुँच पुगेको छ। यसैगरी सरसफाईतर्फ शहरमा करिव ३७ प्रतिशत र गाउँमा २० प्रतिशत घरधुरीले सुधारिएको चर्पी प्रयोग गरेको देखिन्छ। प्रशासनिक अभिलेखबाट करिव ७७ प्रतिशत जनताको खानेपानीमा पहुँच पुगेको र करिव ४६ प्रतिशत जनताले व्यवस्थित चर्पीको प्रयोग गरेको देखिन्छ। खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत विभिन्न निकायहरूको कार्यको नियमन तथा समन्वय कमजोर देखिएको छ भने कतिपय स्थानमा आवश्यक सुविधा पु¥याउन सकिएको छैन। यस अतिरिक्त उपलब्ध खानेपानीको गुणस्तर सुधार्न पर्याप्त ध्यान पु¥याउन सकिएको छैन भने निर्मित खानेपानी प्रणालीको यथेष्ट मर्मतसम्भार गर्न सकिएको छैन।

**महिला सशक्तीकरण र लैङ्गिक समानताः** लैङ्गिक विकास सूचकाङ्क र लैङ्गिक सशक्तीकरण सूचकाङ्क क्रमशः ०.४५२ र ०.३९१ रहेको पाइएको छ। महिलाहरूको श्रम सहभागिता ४८.९ र पुरुषको ६७.६ रहेको छ। अधिकांश महिलाहरू अनौपचारिक, निर्वाहमुखी, घरायसी तथा ज्याला प्राप्त नहुने तथा कम ज्याला प्राप्त हुने हेरचाहमूलक कार्यमा संलग्न रहेका छन्। घरबाहिरको आर्थिक क्रियाकलापमा प्रति हप्ता महिलाको ३६.३ र पुरूषको ४२.६ घण्टा श्रम योगदान रहेको छ भने घरभित्रको आर्थिक क्रियाकलापमा प्रति हप्ता यो योगदान क्रमशः ४२.५ र ४६.५ घण्टा रहेको छ। घरभित्रको गैर-आर्थिक क्रियाकलापमा भने महिला र पुरूषको श्रम सहभागिता क्रमशः २५.१ र ९.७ घण्टा रहेको छ। समग्रमा आर्थिक तथा गैरआर्थिक क्रियाकलापमा प्रति हप्ता महिला र पुरूषको संलग्नता क्रमशः १०३.९ घण्टार ९८.८ घण्टा रहेको छ।

त्यस्तै आयमा महिलाहरूको हिस्सा ३० प्रतिशत र प्रशासनिक सेवामा १२.७ प्रतिशत मात्र रहेको देखिन्छ। पुनःस्थापित संसदबाट सम्पूर्ण राज्य संयन्त्रमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने प्रस्ताव पारित भएको छ। बेइजिङ्ग कार्य योजना, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि सम्बन्धी राष्ट्रिय कार्य योजना र चेलिबेटी बेचबिखन नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना तयार भएका छन्। महिलाहरूप्रति विभेदकारी कानुनहरूमा संशोधनसमेत भएको छ। राष्ट्रिय महिला आयोगको स्थापनाका साथै क्षेत्रगत मन्त्रालयहरूमा लैंगिक सम्पर्क विन्दुहरू स्थापना गरिएका छन्। एकल महिलाहरूको सामाजिक तथा आर्थिक सशक्तीकरणका लागि सीप विकासमा सहयोग गरिएको छ। अर्थ मन्त्रालयमा लैंगिक बजेटसम्बन्धी संयन्त्र निर्माण गरिएको छ। स्थानीय विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा

महिलावर्गको सहभागिता अनिवार्य रूपमा गराउने परिपाटीलाई संस्थागत गरिएको छ। महिलाहरूको हक अधिकारको संरक्षणका लागि गैरसरकारी क्षेत्र एवं नागरिक समाजको सक्रियतामा महिलाहरूको सचेतनाको स्तर वृद्धि भएको छ। तथापि लैगिंक समानताको लागि कानुनी व्यवस्था, विकास कार्यक्रम र बजेटमा भने पर्याप्त मात्रामा सुधार हुन नसकेको महशुस गरिएको छ।

**बालबालिका:** १६ वर्ष मुनिका बालबालिका कुल जनजंख्याको ४०.९३ प्रतिशत रहेका छन्। विद्यालय जाने उमेरका कुल बालबालिकामध्ये ८७.४ प्रतिशत विद्यालयमा भर्ना भएको देखिन्छ। विगतको आन्तरिक द्वन्द्वको क्रममा २३० बालबालिकाको मृत्यु भएको र १०७ जना अपाङ्ग भएको पाइएको छ। बालबालिकाको हितको लागि मुलुकी ऐनमा संशोधन र यौन तथा श्रम शोषणविरुद्ध कानुन निर्माण भएको छ। बालश्रम सम्बन्धी गुरूयोजना २०६१-२०७१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लागू भएको छ। बाल अधिकार महासन्धिका इच्छाधीन आलेखहरू र सार्क महासन्धि अनुमोदन भएका छन्। बालबालिकाका लागि १० वर्षे (२०६१-२०७१) राष्ट्रिय कार्ययोजना अनुसार विभिन्न कार्यक्रमहरू सञ्चालन हुन थालेका छन्। बाल गृहहरू सञ्चालनका लागि न्यूनतम मापदण्ड निर्धारण भएको छ। स्वास्थ्य, शिक्षा तथा बाल सहभागितामा सुधार हुँदै गए तापनि विशेष गरी दलित, आदिवासी, जनजाति, मधेशी, ग्रामीण र गरिबीको मारमा परेका परिवारका बालबालिकाको शिक्षा स्वास्थ्य लगायतका सेवामा पहुँच र सामाजिक सुरक्षाको स्थितिमा आशातीत रूपमा सुधार हुन सकेको छैन।

**अपाङ्गता:** कुल जनसंख्यामा विविध किसिमको अपाङ्गता भएका व्यक्तिहरूको प्रतिशत १ देखि ८ प्रतिशतसम्म रहेको अनुमान छ। यस क्षेत्रमा अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ लागू भई अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको गठन समेत भएको छ। विशेष शिक्षा कक्षा संचालन, अपाङ्ग पुनःस्थापना सीपमूलक आदि तालिमहरू सञ्चालन भएका छन्। कोटा बमोजिम स्थानीय निकायबाट मासिक रूपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरिएको छ। अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको गठन भएको छ। अपाङ्ग विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिँदै आएको छ। सरकारी भवन तथा भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री बनाउने प्रयास भैरहेको छ। तथापि, अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र पुनःस्थापनका लागि पर्याप्त कार्यक्रमहरू आउन सकेका छैनन र संचालित कार्यक्रमहरूको दायरा र प्रभावकारिता पनि सीमित भएकाले उनीहरूको स्थितिमा उल्लेखनीय सुधार हुन सकेको छैन।

**युवा:** नेपालको कुल जनसंख्यामा युवाहरूको संख्या उल्लेख्य रहेको छ। जनसंख्याको ठूलो भाग ओगट्ने युवाहरूलाई विकासको मूलप्रवाहमा ल्याउने



प्रयास भैरहेको छ। ऐतिहासिक जनआन्दोलनको क्रममा युवाहरू देशको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणका लागि अग्रपंक्तिमा देखापरे। युवाहरूको उर्जालाई देश विकासमा समाहित गर्न प्रभावकारी रणनीति अवलम्बन गर्नुपर्ने आवश्यकता देखिएको छ।

**ज्येष्ठ नागरिक:** कुल जनसंख्याको ६.५ प्रतिशत ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरू रहेका छन्। विगतमा ज्येष्ठ नागरिकहरूका लागि केही कल्याणकारी संरक्षणात्मक कार्यको थालनी गरिएको छ। तदनुसार ४७ जिल्लामा ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम सञ्चालन भैरहेको छ। अधिराज्यका विभिन्न स्थानमा वृद्धाश्रम, दिवा सेवा केन्द्रहरूलाई अनुदान उपलब्ध गराउदै आइएको छ। ज्येष्ठ नागरिक सम्बन्धी एक उच्चस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको गठन भएको छ। परित्यक्त, असहाय वृद्धहरूका लागि वृद्धाश्रममा राख्ने व्यवस्था गरिदै आइएको छ। पाँचै विकास क्षेत्रमा नमूना वृद्धाश्रमको स्थापना गर्ने कार्य भैरहेको छ। ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरिएको छ। ज्येष्ठ नागरिक नीति तथा कार्यनीति, २०५८ अनुसार योजनाबद्ध ढंगले कार्य गर्ने व्यवस्थाको थालनी भएको छ। ज्येष्ठ नागरिक/विधबालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरिएको छ।

**गैरसरकारी संस्था:** देशको सामाजिक आर्थिक जीवनमा गैर-सरकारी संस्थाहरूको भूमिका एवं लगानीमा उल्लेखनीय विस्तार भएको छ। हाल मुलुकमा दर्ता भएका २२,६८५ मध्ये १९,९४४ वटा गैरसरकारी संघ संस्थाहरू लागेका छन्। जसमध्ये ५० प्रतिशतभन्दा बढी सामुदायिक तथा ग्रामीण विकासको क्षेत्रमा कार्यरत छन्। ती सबैलाई एकद्वार नीतिमार्फत कार्यान्वयन गरिनुको साथै सामाजिक सेवाको क्षेत्रलाई मर्यादित, व्यवस्थित र जवाफदेही बनाउनेतर्फ प्रयास भएतापनि यस क्षेत्रको लगानी र क्रियाकलापलाई प्रभावकारी सहजीकरण, समन्वय र अनुगमन तथा मूल्याङ्कनका माध्यमबाट राष्ट्रिय प्राथमिकताको क्षेत्रमा वाञ्छित मात्रामा निर्दिष्ट गर्न सकिएको छैन।

**सामाजिक सुरक्षा** : अति गरिब, द्वन्द्व पीडित, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अनाथ र जोखिममा परेका बालबालिका तथा महिला र प्राकृतिक प्रकोप पीडित व्यक्ति तथा समूहको लागि हाल सरकारले केही सामाजिक सुरक्षणको कार्यक्रम सञ्चालन गरिरहेको छ। त्यस्ता व्यक्ति तथा समूहको मानव अधिकारको प्रत्याभूतिका लागि नयाँ तथा विस्तृत नीति तथा कार्यक्रम तय हुन सकेको छैन।

## २.४ पूर्वाधार क्षेत्र

**सडकः** यातायातलाई समग्र विकासको आधारस्तम्भको रूपमा लिई विगत वर्षहरूदेखि नै सडक निर्माणमा विशेष जोड दिइंदै आएको छ। फलस्वरूप आ.व. २०६३/६४ को अन्त्यसम्ममा कालोपत्रे ५,३६० कि.मि., खण्डास्मित ४,८५४ कि.मि. र कच्ची ७,६२६ कि.मि.समेत गरी जम्मा १७,८४० कि.मि. सडक निर्माण हुने अनुमान छ। हालसम्म १,१९७ वटा मोटर चल्ने पुलहरू निर्माण भएका छन्। सबै जिल्ला सदरमुकारमा सडक यातायात पुऱ्याउने नीति भए तापनि हालसम्म ६३ जिल्ला सदरमुकामहरूसम्म मात्र सडक पुऱ्याउन सकिएको छ। सडक यातायातले नछोएको कर्णाली अञ्चलको कालिकोट र जुम्लामा आ.व. २०६३/६४ मा सडक पुगेको छ। सडकलगायत अन्य भौतिक पूर्वाधारहरूको निर्माण गर्दा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्न निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरणको अवधारणालाई अगाडि वढाइएको भए तापनि आशातीत रूपमा निजी क्षेत्रको लगानी बढ्न सकेको छैन। साथै निर्मित सडकको उचित मर्मत सम्भार हुन नसक्दा त्यस्ता संरचनाहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन।

**विद्युतः** मूलुकभरी आ.व. २०६३/६४ सम्म कुल ५६० मेगावाट मात्र विद्युत उत्पादन भएको छ भने करिव २,१०० गा. वि. स. मा मात्र जलविद्युत सेवा उपलब्ध छ। विद्युत् प्रसारण लाइनतर्फ ३३ के.भी. देखि १३२ के.भी. क्षमताका लाइनहरूको कुल लम्बाइ ३३३२.८६ कि.मी. पुगेको छ। विद्युतको बढ्दो माग बमोजिम नयाँ आयोजनाहरू संचालन हुन नसक्दा माग बमोजिम आपूर्ति हुन नसक्नु एवं विद्युत चुहावटलाई अपेक्षित रूपमा नियन्त्रण गर्न नसक्नु विद्युत क्षेत्रमा देखिएका मुख्य समस्या एवं चुनौती हुन। निजी क्षेत्रको सहभागिता अभिवृद्धि गरी जलविद्युत क्षेत्रलाई उद्योगको रूपमा विकास गर्ने प्रमुख नीति अनुरूप निजी क्षेत्रबाट केही जलविद्युत आयोजनाहरू सम्पन्न भइसकेका छन् भने कतिपय आयोजनाहरू संचालन गर्न इजाजत पत्र प्रदान गरिए तापनि संचालन भएका छैनन्।

**सिंचाइः** हालसम्म कृषियोग्य जमिनमध्ये ६६ प्रतिशत जमिनमा मात्र (११,६८,१४४ हेक्टर) सिंचाइ सुविधा पुऱ्याउन सकिएको छ। सतही र भूमिगत सिंचाइ सुविधा विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने नीति लिइए तापनि यसतर्फ अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन्। तराई क्षेत्रमा स्यालो ट्यूबवेलमा प्रत्यक्ष अनुदान घटेपछि सिंचाइ सुविधाको विस्तारमा ह्रास आएको छ भने सम्पन्न आयोजनाहरूको यथोचित मर्मत संभारमा समस्या देखिएको छ।



**सूचना तथा सञ्चारः** हुलाक सेवातर्फ आन्तरिक तथा वैदेशिक द्रुत डाँक सेवा र अन्तर्राष्ट्रिय धनादेश सेवाको क्षेत्रमा उल्लेख्य विस्तार भएको छ। यसैगरी सिडि रोममा पत्रपत्रिकाहरू सुरक्षित गर्ने काम सुरु गरिएको छ। नेपाल टेलिभिजनले भू-उपग्रह केन्द्र स्थापना गरी आफ्नो प्रशारण आरम्भ गरेको छ। रेडियो नेपालको पहुँच ७२ प्रतिशत जनतामा प्रष्ट सुनिने गरी पुगेको छ। निजी क्षेत्र समेतको संलग्नतामा टेलिफोन (मोवाइल समेत) घनत्व प्रतिहजार ६५ पुगेको, मोवाइल टेलिफोन ग्राहक संख्या १२ लाख २९ हजार ३८१ पुगेको, २९०८ गा.वि.स.मा टेलिफोन सेवा पुगेको र ५८ जिल्लामा इमेल/इन्टरनेट सेवा पुगेको छ। पत्रपत्रिकातर्फ दैनिक ३४०, साप्ताहिक १६६१ र अन्य २६१३ गरी कुल पत्रपत्रिका दर्ता संख्या ४६१४ पुगेको छ। टेलिभिजनतर्फ १६ वटा निजी टेलिभिजनले इजाजत प्राप्त गरेकोमा ७ वटा सञ्चालनमा रहेका छन् भने ४९२ केवुल टि.भी.ले सञ्चालन अनुमति प्राप्त गरेका छन्। रेडियोतर्फ २१३ वटा एफ.एम. रेडियो सञ्चालनको इजाजत प्राप्त गरेकोमा ७२ वटा सञ्चालनमा रहेका छन्। तथापि समयानुकुल र गुणस्तरीय प्रविधिको कमी, विकट भौगोलिक स्थिति, आन्तरिक द्वन्द्व, समन्वयको कमी, श्रोत र साधनको अपर्याप्तता आदिसमस्याहरूले गर्दा लक्षित उद्देश्य प्राप्तिमा कठिनाइ महसुस गरिएको छ।

**आवास तथा शहरी विकासः** नेपालमा हाल शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या करीव १५ प्रतिशत रहेको र यसको वार्षिक वृद्धि दर ३.५ प्रतिशत भन्दा माथि रहेको छ। कुल शहरी जनसंख्याको एक तिहाई भाग (५० हजारभन्दा कम जनसंख्या भएका) ४२ वटा साना नगरपालिकाहरूमा केन्द्रित रहेको छ भने दुई तिहाइ जनसंख्या १६ वटा ठूला नगरपालिकामा केन्द्रित रहेको छ। व्यवस्थित वस्ती विकासका लागि हाल निजी क्षेत्रको सक्रियता बढिरहेको छ।

एकातिर बढ्दो शहरीकरणलाई व्यवस्थित गरी शहरी बासिन्दाका लागि आवश्यक सेवा सुविधा सुलभ ढङ्गले उपलब्ध गराउन सकिएको छैन भने अर्कोतर्फ छरिएर रहेका ग्रामीण वस्तीहरूलाई व्यवस्थित गर्ने र गाउँ नगरबीच अन्तरसम्बन्ध सुदृढ गर्ने सन्दर्भमा पर्याप्त काम हुन सकेको छैन।

**वातावरण, विज्ञान तथा प्रविधिः** वातावरणीय व्यवस्थापनलाई विकास कार्यसँग आवद्ध गर्ने उद्देश्यले वातावरण कानुनले तोके बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन कार्यको आन्तरिकीकरण भैसकेको छ। प्राथमिक तहदेखि विश्वविद्यालयसम्म वातावरण शिक्षाको पठन पाठन भई जनशक्ति उत्पादन गर्ने कार्य भएको छ। सवारी प्रदुषण र औद्योगिक निष्काशन न्यूनीकरण तथा व्यवस्थापन गर्न वातावरण मापदण्ड कार्यान्वयनमा रहेका छन्। क्योटो

प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रबमोजिम कार्बन व्यापारबाट लाभ लिने कार्यको थालनी भएको छ। यसैगरी देशका विभिन्न स्थानमा ग्रामीण सूचना केन्द्रहरू स्थापना भएका छन्। विज्ञान तथा प्रविधि नीतिलाई परिमार्जन गरिनुका साथै जैविक प्रविधि नीति, ग्रामीण ऊर्जा नीति, विद्युतीय कारोवार ऐन र नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाहरू भएका छन्। नेपालमा पहिलो पटक DNA परीक्षण गर्ने कार्य प्रारम्भ भएको छ। वैकल्पिक ऊर्जातर्फ हालसम्म करीब १ लाख ७० हजार बायोग्यास प्लान्ट स्थापना भएको, ९.५ मेगावाट जलविद्युत् उत्पादन भएको, ८१ हजार सोलार होमसिस्टम जडान भएको तथा २ लाख १३ हजार सुधारिएको चुलो जडान गरिएको छ। त्यसैगरी नवीकरणीय ऊर्जा अनुदान नीति र कार्यविधि लागु हुनुका साथै वैकल्पिक ऊर्जाबाट ५.१ प्रतिशत जनतालाई विद्युत् सेवा उपलब्ध भएको छ।

उल्लिखित उपलब्धिहरूका वाबजुद वातावरण क्षेत्रमा अन्तरनिकायगत समन्वयको अभावले कार्यक्रम कार्यान्वयनमा वातावरणीय पक्षले प्राथमिकता पाउन सकेको छैन। विज्ञान तथा प्रविधि क्षेत्रमा देशको आवश्यकता अनुसार उपयुक्त प्रविधिको विकास, अनुसन्धान र प्रयोग गर्नु पर्ने देखिन्छ।

## २.५ मानव अधिकार

राष्ट्रियस्तरमा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा राष्ट्रिय जनजाति प्रतिष्ठान जस्ता संस्थाहरूको स्थापना भएको छ। मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना तयार भई कार्यान्वयन भइरहेको छ। धेरै विभेदकारी नीति तथा कानुनहरूमा परिमार्जन गरिएको छ। यद्यपि ऐतिहासिक जनआन्दोलन पूर्वका केही वर्षहरू मानव अधिकार हनन्का हिसाबले अत्यन्त नाजुक स्थितिमा रहे। गैर-सरकारी क्षेत्रमा मानव अधिकारको स्थितिको निगरानी गर्ने, सचेतना कार्यक्रमहरू संचालन गर्ने, कानुनी परामर्श तथा सहायता प्रदान गर्ने, मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान र सूचनाहरू प्रचार प्रसार गर्ने थुप्रै संस्थाहरू सक्रिय रहेको भए तापनि तिनमा समन्वय ल्याउनु पर्ने देखिन्छ।

## २.६ शान्ति तथा सुशासन

वितेको पाँच दशकको अवधिमा नेपालको शासन व्यवस्थाले लोकतान्त्रिक स्वरूप ग्रहण गर्ने क्रममा सुशासनका प्रमुख अवयवहरू राजनैतिक स्थिरता, जन आवाज, उत्तरदायित्व र भ्रष्टाचार नियन्त्रण सहितको विधिको शासन स्थापित गर्ने प्रयासका बाबजुद राजनैतिक अस्थिरता बढेको र



सरकारलाई पूर्ण जनविश्वास प्राप्त गर्न कठिनाइ भएको देखिन्छ। ट्रान्सपरेन्सि इन्टरनेशनलको पछिल्लो भ्रष्टाचार सूचकाङ्कअनुसार नेपाल विश्व कै अन्तिम चौथाइमा रहेको देखाएको छ।

पछिल्लो ऐतिहासिक जनआन्दोलनको सफलता, प्रतिनिधि सभाको घोषणा र सात राजनैतिक दल एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच सम्पन्न बृहत् शान्ति सम्झौता, अन्तरिम संविधान र सरकारको न्यूनतम साझा कार्यक्रम जारी भएपश्चात् राज्यव्यवस्था पुनःसंरचनाको अजेण्डाले गति र आकार ग्रहण गर्दै आएको छ। राज्यको संरचनामा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्ग र पिछडिएका वर्ग र क्षेत्रको वास्तविक सहभागिताका लागि संरचनागत एवं नीतिगत सुधार अपरिहार्य छ।

शासन व्यवस्थाको आधारस्तम्भ को रूपमा रहेको निजामती सेवाको सोचमा केही परिवर्तन आइ जनमुखी एवं समावेशी प्रशासनको आवश्यकताको बोध भएको छ। विश्वव्यापी बन्दै गएको नयाँ सार्वजनिक व्यवस्थापनका कतिपय सान्दर्भिक पक्षहरूलाई अवलम्बन गर्दै पनि लगिएको छ।

शान्ति सुरक्षा लगायत अपराध नियन्त्रणका लागि नेपाल प्रहरीको संगठनलाई बदलिंदो चुनौतीसँग सामना गर्न समयसापेक्ष थप सुदृढ गराउनु पर्ने आवश्यकता देखिन्छ। साथै, अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन एवं घरेलु सुरक्षासम्बन्धी सेवा अभिवृद्धि गर्न संगठनात्मक सुदृढीकरणमा थप ध्यान दिनु पर्ने दखिन्छ।

स्थानीय स्वायत्त शासन ऐनको सन्तोषजनक कार्यान्वयन र स्थानीय प्रतिनिधिमूलक संस्थाको जवाफदेहीतामा आएको अभिवृद्धिबाट स्थानीय निकायहरू सुदृढ हुँदै गएको भए पनि ती निकायहहरूमा निर्वाचित प्रतिनिधिहरूको रिक्तताबाट स्थानीयस्तरको सेवा प्रवाहमा असर परेको छ। राजनीतिक, प्रशासनिक र वित्तीय अधिकारलाई सुनिश्चित गर्दै स्थानीयस्तरसम्म गरिने विकेन्द्रीकरण एवम् निक्षेपण लामो समयसम्म अवरुद्ध रहन नहुने अवस्थामा राजनैतिक सुझबुझका आधारमा जनताको काम गराउने अन्तरिम संयन्त्र निर्माण हुन भने सकेको छैन।

सेवाग्राही र उपभोक्तामा आएको जागरणका कारण सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरू बढी सजग एवं सेवामुखी हुँदै गएका छन। विकास तथा सेवा वितरण प्रक्रियामा सहभागिता, पारदर्शिता र जवाफदेहीताका माध्यमबाट सुशासन अभिवृद्धि गर्न उपभोक्ता हित सम्बन्धी कानुन, आचार संहिता, सेवा वडापत्रहरू जारी भई सेवा प्रवाहमा हुने ढिलासुस्तीमा कमी आएको छ। नागरिक समाज र सञ्चारजगतको अनुगमनकारी भूमिका अभिवृद्धि भई जनसरोकारका मुद्दाहरू सार्वजनिक भई सुधारोन्मुख रहेका छन्।

## २.७ *स्थानीय विकास र विकेन्द्रीकरण*

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुरूप स्थानीय निकायहरूलाई थप अधिकार प्राप्त भई तिनीहरूको केही मात्रामा भएपनि क्षमता वृद्धि भएको छ। जनताका आधारभूत आवश्यकता परिपूर्तिमा स्थानीय स्रोत, साधन र क्षमतालाई परिचालन गरी सामाजिक, आर्थिक तथा संस्थागत र भौतिक पूर्वाधार विकास गर्नेतर्फ स्थानीय विकासका कार्यक्रमहरू उन्मुख रहेका छन्। ५२ जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमा भएको छ भने ७४ जिल्लामा जिल्ला यातायात गुरूयोजना तर्जुमा भएका छन्। विषयगत निक्षेपणतर्फ कृषि, प्राथमिक शिक्षा, आधारभूत स्वास्थ्य र स्थानीय पूर्वाधारका क्षेत्रमा केही क्रियाकलापहरू निक्षेपित गरिएको भए तापनि ऐनको उद्देश्य र सिद्धान्त अनुसार पूर्ण निक्षेपण भएको पाइएको छैन। हालसम्म २२६३ प्राथमिक विद्यालय र १४१७ प्राथमिक स्थास्थ्य संस्थाहरू हस्तान्तरण भएका छन्। अति विपन्न परिवारलाई लक्षित गरी ल्याइएको पश्चिम तराई गरिबी निवारण आयोजना र पश्चिम उच्च पहाडी क्षेत्र गरिबी निवारण आयोजनाहरूबाट मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा ग्रामीण जनताको आयस्तरमा वृद्धि भएको छ।

विकेन्द्रीकरण तथा स्थानीय स्वशासन पद्दतिलाई संस्थागत गरी जनतामा पुऱ्याइनु पर्ने सेवा प्रवाहमा जनताको अर्थपूर्ण सहभागिता जुटाउने प्रयास भए तापनि जारी द्वन्द्व र निर्वाचित जनप्रतिनिधिविहीनताको अवस्थाले यस क्षेत्रमा उल्लेख्य प्रगति हासिल हुन सकेको छैन।

## २.८ *शान्ति, पुनःनिर्माण, पुनःस्थापना र पुनःएकीकरण*

एक दशक लामो आन्तरिक द्वन्द्वबाट मानवीय क्षतिका साथै भौतिक पूर्वाधारतर्फ राष्ट्रले ठूलो क्षति व्यहोर्नु परेको छ। सो क्रममा करिव ११,३०० जनाले ज्यान गुमाउनु पुगे। त्यसैगरी पछिल्लो तथ्यांक अनुसार रू. ५ अर्व बरावरको भौतिक क्षति भएको अनुमान छ। द्वन्द्वका कारण सबैभन्दा बढी क्षति प्रहरी कार्यालय, गा.वि.स. भवन, स्थानीय स्तरका सेवा इकाइ कार्यालय भवनहरू र सञ्चार सम्प्रेषणका माध्यम र टेलिफोनका पूर्वाधारलाई पुगेको छ।

द्वन्द्व प्रभावित क्षेत्रका बासिन्दाहरू उल्लेख्य रूपमा विस्थापित भएका छन्। आफ्नो स्थायी बसोबास त्याग्न बाध्य भएका द्वन्द्व पीडितहरू विभिन्न स्थानमा आश्रय लिई कष्टकर जीवन विताइरहेका छन्। तिनीहरू विशेषतः सदरमुकाम र अन्य शहरी क्षेत्रमा बसोबास गर्दै आएका कारण ती स्थानमा रहेका सरकारी सेवा प्रवाह केन्द्रहरूमा अत्यधिक चाप देखिएको छ। द्वन्द्व पीडितहरूको मानवोचित हेरचाह र पुनःस्थापनाका सम्बन्धमा समग्र



व्यवस्थापन गर्न एक छुट्टै शान्ति तथा पुनःनिर्माण मन्त्रालयको स्थापना भई पुनःस्थापन, पुनःनिर्माण लगायत सामाजिक समायोजना सम्बन्धी कार्यमा मित्र राष्ट्रहरूबाट समेत प्राथमिकताका साथ सहयोग प्राप्त हुने प्रतिवद्धता आएको छ।

## २.९ *समावेशी विकास*

नेपालमा गरिबीको चाप दलित र जनजातिमा बढी रहेको पाइएको छ। ४६ प्रतिशत दलित, ४४ प्रतिशत पहाडी जनजाति (मगर, तामाङ, गुरुङ, राई, लिम्बु) र ४१ प्रतिशत मुस्लिम समुदाय गरिबीको रेखामुनी रहेको देखिएको छ। राष्ट्रिय औसत ३१ प्रतिशतको तुलनामा गरिबीको अनुपात निकै बढी रहेकाले यी समुदायहरूको राज्यको साधन-स्रोत र विकास लगानी तथा प्रतिफलमा सीमित पहुँच रहेको देखिन्छ।

महिला सशक्तीकरण, लैङ्गिक समानता, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा कानुनी, नीतिगत, संस्थागत र कार्यक्रम कार्यान्वयनमा सुधार भएका छन्। महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि बचत तथा कर्जा कार्यक्रमबाट उत्साहजनक प्रगति भएको छ। समष्टीगत आर्थिक परिवेश, विकास प्रक्रिया, बजेट तथा नीति निर्माणमा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्न जरूरी छ।

अपाङ्गताको क्षेत्रमा अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ तयार भएको छ। अपाङ्गहरूले प्रयोग गर्ने सहायक सामाग्रीहरूमा भंसार छुटको व्यवस्था गर्नुका साथै निःशुल्क स्वास्थ्य सेवामा वृद्धि गरिएको छ। आर्थिक र सामाजिक विकास प्रक्रियामा अपाङ्गमैत्री भावना समाहित गर्न जरूरी देखिन्छ।

छुवाछूत तथा जातीय विभेदको अन्त्य एवं दलित तथा आदिवासी जनजातिको सशक्तीकरण तथा मूलप्रवाहीकरणका लागि विभिन्न नीतिगत तथा संस्थागत प्रयासहरू भएका छन्। कर्णालीलगायत पिछडिएका क्षेत्र र दुर्गम पहाडी जिल्लाहरूलाई लक्षित गरेर सञ्चालन गरिएका कार्यक्रमहरूबाट सो क्षेत्रका बासिन्दाहरूलाई सीमित रूपमा मात्र लाभ भएको छ। यति हुँदाहुँदै पनि नीति निर्माण निकाय र प्रक्रियाहरूमा दलित र आदिवासी जनजातिको सहभागितामा खासै वृद्धि भएको छैन। निजामती सेवामा दलित, जनजाति र मधेशीको सहभागिता अत्यन्तै न्यून छ। आदिवासी जनजातिहरूको संस्कृति र भाषाहरूको संरक्षण र सम्बर्द्धनमा ठोस काम हुन सकेका छैनन्। समावेशी राजनैतिक वातावरण बन्न थालेता पनि राज्यको विभिन्न अङ्गमा समावेश गराउने विधि, प्रक्रियाको व्यवस्थापन गम्भीर चुनौतीका रूपमा रहेको छ। तराईका सुविधाबाट वञ्चित समुदायहरू/जातिहरूलाई पहिचान गरेर

उनीहरूलाई विकासको मूलप्रवाहमा समाहित गराउन भने यस अवधिमा खासै काम हुन सकेन ।

## *२.१० कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन*

**कार्यान्वयनः** मध्यमकालिन खर्च सरंचनाको माध्यमबाट कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकीकरणको आधारमा सञ्चालन गर्ने गरिएको छ । सार्वजनिक खरिद प्रकृयामा सरलता र दक्षता ल्याउन सार्वजनिक खरिद ऐन लागू भएको छ । स्थानीय निकायमा अधिकार र साधनको निक्षेपण गर्नुका साथै जिल्लास्तरीय कार्यक्रमको रकमान्तर र कार्यक्रम संशोधन जिल्ला विकास समितिले नै गर्न सक्ने व्यवस्था छ । द्वन्द्वको समयमा पनि स्थानीय स्तरमा विकास क्रियाकलापहरू संचालन गर्न सामुदायिक संस्थाहरू, उपभोक्ता समूहहरू र गैर-सरकारी संस्थाहरू परिचालन भए ।

समयमा अख्तियारी तथा वार्षिक कार्यक्रम कार्यस्थलमा नपुग्नु, खरिद प्रकृया झन्झटिलो भई ठेक्का सम्झौता समयमा हुन नसक्नु, कर्मचारीको जवाफदेहीता नतिजा भन्दा प्रकृयाबाट खोजिनु, सम्पादन गरिएको कामसँग कर्मचारीको वैयक्तिक मूल्यांकनलाई आवद्ध गर्न नसकिनु जस्ता कारणहरूबाट आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा ढिलासुस्ती हुने गरेको छ ।

सञ्चालित विकास कार्यक्रम कार्यान्वयनमा अवरोध उत्पन्न हुनु, मुलुकको ध्यान विकास-निर्माण भन्दा शान्ति-सुव्यवस्थातिर खिचिनु जस्ता कारणहरूले आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा प्रतिकूल असर पऱ्यो ।

**अनुगमन तथा मूल्याङ्कनः** आयोजना तथा कार्यक्रम तहको वित्तीय तथा भौतिक प्रगतिको समीक्षामा सीमित रहेको विगतको अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई सुधार गरिएको छ । यस अनुरूप केन्द्रस्तरमा गरिबी अनुगमन तथा विश्लेषण व्यवस्थाको विकास गरी यसलाई संस्थागत गर्ने प्रयास गरिनुका साथै गरिबी न्यूनीकरण रणनीति पत्रका निश्चित सूचकहरू अन्तर्गत रही वार्षिक प्रगति प्रकाशन गर्ने गरिएको छ । यसैगरी जिल्लास्तरका लागि समेत जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणालीलाई संस्थागत गर्न प्रारम्भ गरिएको छ । सहभागितामूलक गरिबी अनुगमन व्यवस्थाको रूपरेखा तयार गरी त्यसका आधारमा नागरिक प्रतिवेदन कार्डको नमूना परीक्षण गरिएको छ । घर परिवार सर्वेक्षणमा देखिएका विसंगतिहरूलाई सुधार गर्ने क्रममा सर्वेक्षणहरूलाई व्यवस्थित गरिनुका साथै नेपाल जीवनस्तर मापन सर्वेक्षण र जनसाख्यिंक तथा पारिवारिक स्वास्थ्य सर्वेक्षण सम्पन्न गरिएको छ । यसैगरी बजेट निकासालाई कार्यसम्पादनसँग आवद्ध गर्न कार्य सम्पादनमा आधारित बजेट निकासा प्रणाली लागू गरिएको छ ।



अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थालाई सशक्त बनाउन भएका प्रयासहरूलाई संस्थागत गर्न नसकिनु, अनुगमन तथा मूल्यांकन बढी प्रकृयामुखी हुनुका साथै उच्च तहको प्रतिबद्धताको कमी रहनु यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

## *३. विकास प्रक्रियाका विद्यमान चुनौतीहरू*

संक्रमणकालीन नेपालको द्रूत विकासका सामु निम्न चुनौतीहरू देखिएका छन् :

- राज्यको उपस्थिति र उपयोगिता सिद्ध गर्नु ।
- राज्यको पुनःसंरचनासम्मको अन्तरिम अवधिमा विकास प्रयासलाई समायोजित गर्दै राष्ट्रलाई दिगो शान्ति र समृद्धितर्फ उन्मुख गराउनु र आम नागरिकलाई परिवर्तनको अनुभूति दिँदै भविष्यप्रति आशावादी बनाउनु ।
- विगतको द्वन्द्वबाट प्रभावित सबैलाई यथाशीघ्र राहत दिनु, पुनःस्थापित गर्नु र बिग्रे-भत्केका संरचनाको पुःननिर्माण गर्नु ।
- विकासको क्रममा पछाडि पारिएका क्षेत्र, समुदाय, समूहलाई राज्यले गरेका विकास प्रयासमा सहभागी बनाई विकास प्रतिफल सुनिश्चित गर्नु ।
- राज्य, नागरिक र निजी क्षेत्रबीच आपसी विश्वासको सम्बन्ध स्थापित गर्नु ।
- राष्ट्रिय हितका नीतिहरूलाई सर्वस्वीकृत रूपमा ग्रहण गरी निरन्तरता दिनु ।
- विकेन्द्रीकरण तथा निक्षेपणका कार्यलाई अग्रगति दिलाई मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता प्रवर्द्धन गर्नु, स्थानीयस्तरको सेवा प्रभावकारी बनाउनु र लोकतन्त्रको जराधारदेखि नै संस्थागत विकास गर्नु ।
- दक्ष जनशक्ति विकास तथा रोजगारीमा व्यापक वृद्धि गर्नु ।
- घरपरिवारको बचत परिचालन र उपयोग तथा गैर मौद्रिक क्रियाकलापहरूको योजना र योजनागत लगानीमा प्रतिविम्वित हुने परिपाटी तयार पार्नु ।
- अत्यन्तै न्यून अवस्थामा रहेका आर्थिक क्रियाकलापहरूलाई गतिशील बनाउँदै उच्च आर्थिक वृद्धिदर हासिल गर्न विश्वासिलो लगानीको वातावरण तयार गर्नु ।

- उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि तथा पूँजी र श्रमको उत्पादकत्वमा वृद्धि गर्नु ।

## ४. *अवसरहरू*

उल्लिखित चुनौतीहरू विद्यमान भए पनि मुलुकमा निश्चित् अवसरहरू प्राप्त छन् । तिनको उपयोग गरी मुलुकको विकास प्रक्रियालाई अघि बढाउन सकिने स्थिति रहेको छ ।

- ऐतिहासिक रूपमा कायम भएको राजनीतिक समझदारी एवं सहमतिपूर्ण स्थितिको उपयोग गरी आर्थिक समृद्धि र सामाजिक न्याय कायम गर्ने नवीन अवसर सिर्जना भएको ।
- देशको भू-धरातलीय बनोट एवं हावापानीको कारणले सास्कृतिक, जैविक एवं पर्यावरणीय विविधता प्रचूर मात्रामा रहेको ।
- जनसांख्यिक संरचनामा सक्रिय जनशक्तिको हिस्सा बढेको सन्दर्भमा देश विकासका लागि आवश्यक मानव पूँजी उपलब्ध भएको ।
- नेपालको अपार जलसम्पदा विकासका लागि प्रमुख साधनका रूपमा रहेको ।
- लोकतान्त्रिक व्यवस्था स्थापना र सुदृढीकरणको प्रयास, मानव अधिकारप्रतिको प्रतिबद्धता एवं सुशासन कायम गर्ने दृढताका कारण अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको छविमा सुधार आएको ।
- भारत र चीनमा भएको उच्च आर्थिक वृद्धि दरबाट फाइदा उठाई बजार संयन्त्र तथा पूर्वाधार विस्तार एवं द्विपक्षीय/बहुपक्षीय सहयोग आदान प्रदान गर्न सक्ने संभावना देखिएको ।
- विगत ५० वर्षमा सिर्जना भएका भौतिक तथा सामाजिक पूर्वाधार, सुशासन तथा विकेन्द्रित शासनका लागि भएका प्रयास र अनुभवहरूले भावी विकासका लागि आधार प्रदान गरेको ।
- क्षतिग्रस्त संरचनाको पुनःनिर्माण गर्दा पुरानो संरचनालाई समेत पुनरावलोकन गरी नयाँ सोचको उपयोग गर्ने अवसर प्राप्त भएको ।
- शान्ति कायम भएपछि स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना भएको ।
- देशमा गतिशील एवं सवल हुँदै गइरहेको नागरिक समाज तथा गैर-सरकारी क्षेत्र विकास प्रक्रियाका लागि सहयोगी हुने देखिएको ।
- विदेशमा कार्यरत नेपालीहरूबाट वर्षेनी भित्रिने विप्रेषण रकमलाई लगानी गर्न सक्ने अवस्था रहेको ।



- विभिन्न समूह, व्यक्ति, उद्यमी, व्यवसायी तथा खोजकर्ताले गरेका नयाँ एवं सफल प्रविधि र प्रक्रियालाई उपयोग र प्रवर्द्धन गर्न सकिने स्थिति रहेको ।

## ५. *दीर्घकालीन सोच*

**समृद्ध, आधुनिक र न्यायपूर्ण** नेपाल निर्माण गर्नु यस योजनाको दीर्घकालीन सोच रहेको छ । सो परिकल्पित अवस्थामा नेपाल आर्थिक रूपले आत्मनिर्भर हुँदै निरपेक्ष गरिबीको अवस्थाबाट मुक्त हुनेछ । गरिब र धनी बीचको खाडल कम हुनेछ । व्यक्ति-व्यक्ति, व्यक्ति-समुदाय र राज्य बीचको सम्बन्ध र व्यवहारमा सुधार आउनेछ । सबै नेपालीहरूलाई आफ्नो क्षमताको उपयोगको लागि कानुनी रूपमा समान अधिकार र आर्थिक तथा सामाजिक अवसर प्राप्त हुनेछ । आधुनिकताको सोचले सामाजिक, साँस्कृतिक, शैक्षिक, आर्थिक, वित्तीय लगायतका पक्षमा समष्टिगत रूपमा जनताको स्थितिमा परिवर्तन हुने, व्यवहारमा सुधार आउने र उपयुक्त प्रविधि तथा नवीनतम अवधारणाहरू ग्रहण तथा उपयोग गर्ने स्थिति रहनेछ । साथै कानुनी, सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैंगिक, शारीरिक र भौगोलिक सबै प्रकारका विभेद र असमानता अन्त्य हुनुका साथै सामाजिक न्याय, आधारभूत मानव अधिकारको प्रत्याभूति र सुशासनको स्थिति आउनेछ ।

## ६. *लक्ष्य*

**समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल** निर्माणका लागि आर्थिक, सामाजिक रूपान्तरणको आधार तयार गर्नु यस अन्तरिम योजनाको प्रमुख लक्ष्य रहेको छ ।

## ७. *उद्देश्य*

देशमा विद्यमान वेरोजगारी, गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउदैं आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य हुनेछ ।

## ८. *रणनीतिहरू*

यस योजनाका रणनीतिहरू निम्नबमोजिम हुनेछन्:

***राहत, पुनःनिर्माण र पुनःएकीकरणमा विशेष जोड दिनेः***

द्वन्द्वबाट बिग्रे-भत्केका, मर्मत सम्भार हुन नसकेका तथा कार्यक्रम अनुसार नयाँ निर्माण हुन नसकेका भौतिक, आर्थिक र सामाजिक संरचनालाई पुनःनिर्माण, पुनःस्थापना र पुनःएकीकरण गर्न ग्रामीण पूर्वाधार पुनःनिर्माण तथा पुनःस्थापना, सडकसम्बन्धी लगानी योजना, पूर्वाधार सम्बन्धी गुरु योजना

जस्ता योजनाले परिलक्षित गरेका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। द्वन्द्वबाट प्रभावित व्यक्ति वा समूहलाई राहत र सामाजिक पुनःस्थापनामा विशेष जोड दिइनेछ।

***रोजगारीका अवसरहरूको सिर्जना र विस्तारमा जोड दिनेः***

शिक्षा प्रणालीलाई रोजगारीमूलक बनाउदै श्रम वजारमा नव प्रवेशीहरूलाई आफ्नो दक्षता र सीप अनुसार रोजगारीको अवसर सिर्जना गरिनेछ। औपचारिक र अनौपचारिक क्षेत्र दुवैको कामदार र श्रमिकलाई मानवोचित कार्यगत वातावरण प्रदान गर्न नीतिगत सुधार गरिनेछ। श्रमिकहरूको उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने गरी सीप तथा प्रशिक्षण प्रदान गर्न संस्थागत व्यवस्था मिलाइनेछ। अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकहरूको सीप अभिवृद्धिका लागि प्रशिक्षण र उनीहरूले ग्रहण गर्नसक्ने उपयुक्त प्रविधी हस्तान्तरणको व्यवस्था मिलाइनेछ। यस क्रममा रोजगारी सिर्जना गर्ने ठूला र सहभागितामूलक साना आयोजनाको कार्यान्वयनमा विशेष जोड दिइनेछ। महिला, दलित, आदिवासी जनजाती, युवा र मधेसी समुदायलाई तत्काल वढी रोजगार दिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

***गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्नेः***

आर्थिक समृद्धिका लागि निजी तथा सहकारी क्षेत्रको समेत भूमिकालाई प्रभावकारी वनाउने रणनीति लिइनेछ। देशमा विद्यमान गरिबीको निराकरण गर्नको लागि गरिब तथा निमुखा जनतालाई काममा लगाई उनीहरूको आय वृद्धि गर्नसक्ने गरी आर्थिक क्रियाकलापहरूको सिर्जना तथा विस्तार गरिनेछ। यसका निम्ति उत्पादन क्षेत्र तथा सेवा क्षेत्रलाई फराकिलो पार्नको साथै आफूले गर्न चाहेको आर्थिक क्रियाकलापमा समावेश गराइनेछ।

आर्थिक क्रियाकलापलाई पारदर्शी, नियमसम्मत एवं सुरक्षित वातावरणमा संचालन गर्ने अवस्थाको सिर्जना गरिनेछ। आर्थिक क्रियाकलापहरूमा निजी क्षेत्रको अलावा सहकारी क्षेत्रको भूमिका तथा निजी-सरकारी क्षेत्रको सहकार्यको अवधारणालाई समेत प्रभावकारी वनाउने रणनीति लिइनेछ। आर्थिक वृद्धिमा कृषि क्षेत्रको भूमिकालाई अझ गहन गराइनेछ र यस क्षेत्रको समग्र अर्थतन्त्रसँगको अन्तरसम्बन्धमा वृद्धि गरिनेछ। गरिव तथा निमुखा व्यक्तिले आफ्नो क्षमताको उपयोग गरी आयवृद्धि गर्ने विशेष कार्यक्रमहरू संचालन गरिनेछ।

***सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउनेः***

कानुनी राज्यको मूल्य र राज्य संयन्त्रहरूको सुदृढीकरण गरी जनसहभागिता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमुक्त अवस्थाको



सिर्जनाद्वारा आर्थिक तथा सामाजिक सेवा प्रवाहमा पछाडि परेका वा पारिएका वर्गलगायत सबै नेपालीहरूको पहुँच बढाइनेछ। यसका लागि निजी क्षेत्र, नागरिक समाज (गै.स.स., सामुदायिक संस्था समेत) लाई विकासका साझेदारको रूपमा अंगिकार गर्दै आवश्यक पर्ने कानुन, नीति र कार्यक्रम संशोधन र तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै विकेन्द्रीकरण, संस्थागत सुदृढीकरण तथा क्षमता विकासमा जोड दिइनेछ।

***भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नेः***

द्वन्द्वका कारण भत्किएका सामाजिक तथा भौतिक पूर्वाधारको पुनःनिर्माण र पुनःस्थापना गरिनुका साथै यी पूर्वाधारहरूको विकासमा विशेष जोड दिई पुनः निर्माणको क्रममा नयाँ अवधारणाहरू पनि उपयोग गरिनेछ। पूर्वाधार विकासको सन्दर्भमा ठूला आयोजना निर्माण र स्थानीय जनताको पहिचान र सहभागितामा आधारित मझौला तथा स–साना आयोजनाहरू निर्माण गर्ने दुवैखाले रणनीति अवलम्बन गरिनेछ। जिल्ला सदरमुकामहरू जोड्ने र उत्तर-दक्षिण जोड्ने सडकहरूका अतिरिक्त द्रुतगति मार्ग र सडक सञ्जाललाई विशेष प्राथमिकता दिइनेछ। साथै पर्यटकीय दृष्टिकोणले समेत महत्त्वपूर्ण हुने केवलकार, रोपवे जस्ता यातायातका क्षेत्रहरूको विकास गरिनेछ। निर्माणाधीन साना र मझौला जलविद्युत आयोजनाहरू पूरा गरिनेछ भने ठूला जलविद्युत आयोजनाहरू सुरु गर्न पहल गरिनेछ। सूचना तथा सञ्चार एवं सूचना प्रविधिको व्यापक विस्तार गरिनेछ। ठूलो लगानी गरी निर्माण गरिएका पूर्वाधारहरूवाट बढी भन्दा बढी उपयोगिता हासिल गर्नका लागि नियमित मर्मत सम्भार तथा स्तरोन्नति कार्यलाई प्राथमिकता दिइनेछ।

***समावेशी विकास प्रक्रिया अवलम्वन गर्नेः***

समाजमा विद्यमान विभेदपूर्ण स्थिति र राज्यव्यवस्थाको संरचनागत कमजोरीले गर्दा पछाडिपरेका वा पारिएका वर्ग, आदिवासी जनजाति, दलित, मधेशी/तराईवासी, महिला, असहाय, अपाङ्ग, अति गरिब व्यक्ति तथा समूह एवं विकट भौगोलिक क्षेत्र समेतलाई केन्द्रित गरी स्पष्ट नीति, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। समावेशी विकास प्रक्रिया अपनाउँदा भौगोलिक, आर्थिक, सामाजिक र लैङ्गिक आधारमा ऐक्यवद्धता तथा पुनःएकीकरण, विकास निवेश र प्रतिफलबाट वन्चित समूहहरूको सहभागिता बढाइनेछ। सवै प्रकारका विभेदको अन्त गर्ने र बहुसंस्कृतिवादको प्रवर्द्धन गर्ने दिशामा विशेष प्रयास गरिनेछ। समावेशी विकासको आधार सुनिश्चित गर्न समष्टिगत, आर्थिक, सामाजिक तथा राजनीतिक विकास प्रक्रियालाई लैङ्गिकीकरण गर्दै लगिनेछ।

***लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने:***

यस अन्तर्गत कर्णाली अञ्चललगायत विकासका कार्यक्रमबाट ओझेलमा परेका दुई जिल्लाको सीमानामा अवस्थित क्षेत्रहरू र अन्तर्राष्ट्रिय सीमा क्षेत्रका लागि विशेष कार्यक्रम पर्नेछन्। महिला वर्ग र सुविधाबाट अत्यन्त वञ्चित स्थितिमा रहेका दलित समूह, सीमान्तीकृत आदिवासी जनजाति, तराईवासी (मधेशी/पिछडावर्ग लगायत), अपाङ्ग, श्रमिक एवं विपन्न असहाय वर्गलाई सोझै लक्षित गरी विकासको मूलधारमा ल्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछन्। खाद्य सुरक्षा, स्वास्थ्य तथा शिक्षा लगायतका सामाजिक एवं आर्थिक पक्षका आधारमा कतिपय व्यक्ति, समूह र समुदाय आजको एक्काइसौं शताब्दीमा पनि मानवीयताका हिसावले अस्वीकार्य जीवन बाँचिरहेकोले त्यसलाई सुधार गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै द्वन्द्व प्रभावितहरूलाई राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण र समावेश गरिनेछ।

## ९. *प्राथमिकताका क्षेत्रहरू*

यस योजनाका प्राथमिकताका क्षेत्रहरू निम्नबमोजिम हुनेछन् :

- भौतिक संरचनाहरूको पुनर्निमाण र पुनःस्थापना गर्नुका साथै द्वन्द्व प्रभावितहरूलाई राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण र समायोजन गरिनेछ।
- विकासको सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाइनेछ।
- राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउन कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने भौतिक पूर्वाधारमा लगानी बढाइनेछ।
- विद्युत विकासमा प्राथमिकता दिइनेछ।
- सडक सिंचाई तथा संचार जस्ता पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ।
- मानव संसाधन विकासको लागि शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा लगानी बढाइनेछ।



## १०. *परिमाणात्मक लक्ष्य*

आर्थिक, सामाजिक तथा पूर्वाधार विकाससम्बन्धी प्रमुख सूचकहरूको परिमाणात्मक लक्ष्य तालिका (क) बमोजिम हुने अनुमान छ :

**तालिका क: परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **आ.व. २०६३/६४ सम्मको स्थिति** | **अन्तरिम योजनाको लक्ष्य** |
|---|---|---|---|
| १. | **आर्थिक बृद्धिदर** (%)<br>**कृषि क्षेत्र बृद्धिदर** (%)<br>**गैरकृषि क्षेत्र बृद्धिदर** (%) | २.५+<br>०.७+<br>३.६+ | **५.५**<br>**३.६**<br>**६.५** |
| २. | गरिबीको रेखामुनी रहेको जनसंख्या (%) | ३१ | २४ |
| ३. | रोजगारी वृद्धिदर | ३.० | ३.५ |
| ४. | स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने महिला (%) | २३.४ | ३५ |
| ५. | परिवार नियोजन साधन प्रयोग कर्ता (%) | ४८ | ५१ |
| ६. | कुल प्रजनन् दर (१५-४९ वर्षको महिला) (%) | ३.१ | ३.० |
| ७. | मातृ मृत्युदर (प्रति लाख) | २८१ | २५० |
| ८. | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३४ | ३० |
| ९. | शिशु मृत्युदर (प्रति हजार जीवीत जन्ममा) | ४८ | ४२ |
| १०. | समष्टिगत राज्य संयन्त्रमा महिलाहरूको प्रतिनिधित्व कम्तिमा (%) | - | ३३ |
| ११. | खानेपानी सेवा पुगेको जनसंख्याको (%) | ७७ | ८५ |
| १२. | सरसफाई सुविधा पुगेको जनसंख्याको (%) | ४६ | ६० |
| १३. | साक्षरता दर (%) - १५ बर्ष माथि | ५४.१ | ६६ |
| १४. | प्राथमिक तहमा खूद भर्नादर (%) | ८७.४ | ९२ |
| १५. | सडक यातायात जोडिएको जिल्ला सदरमुकाम (संख्या) | ६३ | ७५* |
| १६. | टेलिफोन, मोवाइल समेत (प्रति सय घनत्वमा) | ६.५ | २० |
| १७. | विद्युत उत्पादन (मेगावाट) | ५६० | ७०४ |
| १८. | सिंचाइ (हेक्टर) | ११,६८,१४४ | १२,६३,८२४ |

+ आ.व. २०६३/६४ को स्थिति

* हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटमा तिब्बततर्फबाट यातायात पुऱ्याइने।

## ११. *आर्थिक वृद्धिदर, स्रोत तथा साधनको व्यवस्था र बाँडफाँड*

### आर्थिक वृद्धिदर र लगानी बाँडफाँडका आधारहरू

तीन वर्षीय अन्तरिम योजनाले लक्षित गरेको वृद्धिदर हासिल गर्न क्षेत्रगत लगानीको बाँडफाँड निम्न आधारमा गरिनेछ :

- द्वन्द्वपश्चात्को स्थितिलाई ध्यानमा राखी पुनःनिर्माण, पुनःस्थापना र समावेशीकरणमा साधनको विनियोजनमा प्राथमिकता दिइनेछ ।
- फराकिलो आधार भएको समावेशी एवं दिगो विकासमा सहयोग पुऱ्याउने प्राथमिकताका क्षेत्रहरूमा लगानी बढाइनेछ । सरकारी लगानी प्रभावकारी सेवाको प्रवाह एवं पूर्वाधार विकासतर्फ बढी केन्द्रित गरिनेछ ।
- कृषि विकासतर्फ कृषि सडक, कृषि ऋण, अनुसन्धान तथा प्रविधि प्रसार, सिंचाइ, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकास गर्नमा विशेष ध्यान दिइनेछ ।
- पिछडिएका भौगोलिक क्षेत्र, जाति, जनजाति, महिला, अपाङ्ग, ज्येष्ठ नागरिक र मधेशी समुदायलाई विकासको प्रक्रिया र प्रतिफलमा सहभागी गराइनेछ ।
- गरिब तथा सीमान्त समूहको आय वृद्धि हुने तथा सशक्तीकरण गर्ने कार्यक्रमहरूलाई विशेष जोड दिई गरिबी निवारण र आर्थिक वृद्धिमा ठोस योगदान पुऱ्याइनेछ ।
- सरकार संलग्न रहेको तर निजी क्षेत्र संलग्न हुनसक्ने क्षेत्रहरू खासगरी विद्युत्, सूचना तथा सञ्चार, ग्रामीण ऊर्जा र सडकमा निजी क्षेत्रको लगानी वृद्धि गर्नेतर्फ जोड दिइनेछ ।
- सरकारप्रति जनविश्वास वृद्धि गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न केही ठूला आयोजनाहरूमा लगानी गरिनेछ भने स्थानीयस्तरमा समुदायद्वारा पहिचान गरिएका र व्यवस्थापन गर्न सक्ने बहुसंख्यक आयोजनाहरू कार्यान्वयन गरी जनसहभागिता, स्वामित्वभाव तथा रोजगारी बढाइनेछ ।
- वित्तीय सेवा लगायतका उत्पादनका स्रोत र साधनमा सबै जनताको पहुँच पुऱ्याइनेछ ।
- लगानीमैत्री वातावरणको विकास र उत्पादकत्व वृद्धिमा जोड दिइनेछ ।
- सुशासन र सेवा प्रवाहमा सुधार र विस्तार गरिनेछ ।



### आर्थिक वृद्धिदरको लक्ष्य

विद्यमान परिस्थिति र सम्भावित आन्तरिक र वाह्य साधनको उपलब्धता समेतलाई ध्यानमा राखी यस अन्तरिम योजनाको लागि आर्थिक वृद्धिदरको लक्ष्य वार्षिक औषत ५.५ प्रतिशत निर्धारण गरिएको छ, जसको कारणबाट प्रतिव्यक्ति आयमा प्रतिवर्ष ३.३ प्रतिशतले वृद्धि हुनेछट भने रोजगारी प्रति वर्ष ३.५ प्रतिशतका दरले बढनेछ । गरिबीको आर्थिक वृद्धिदरसँगको लचकता, रोजगारी वृद्धि तथा लक्षित कार्यक्रमहरूको उपलब्धिका आधारमा योजनाको अन्त्यसम्ममा गरिबीको रेखामुनि रहेका जनसंख्याको प्रतिशत २४ मा झर्ने प्रक्षेपण गरिएको छ । कुल आर्थिक वृद्धिमध्ये कृषि क्षेत्रतर्फ ३.६ प्रतिशत र गैर कृषि क्षेत्रतर्फ ६.५ प्रतिशतले वृद्धिदर हुने अनुमान गरिएको छ । यस योजना अवधिमा मुद्रास्फीतिको वृद्धिदर वार्षिक औषत ५.६ प्रतिशत रहने अनुमान गरिएको छ ।

योजना अवधिमा कृषि क्षेत्रलाई व्यवसायीकरणतर्फ उन्मुख गराउने, सहकारीकरणलाई प्रवर्द्धन गरिने, उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिंचाई, कृषि सडक, कृषि ऋण, अनुसन्धान तथा प्रविधि प्रसार, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकास गरिने हुँदा कृषि क्षेत्रको औषत वार्षिक वृद्धिदर ३.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

उद्योगतर्फ औद्योगिक वातावरणमा सुधार ल्याउन नीतिगत, प्रक्रियागत एवं संस्थागत सुधार गरिनेछ । साथै औद्योगिक एवं व्यवसायिक पूर्वाधारको विकास तथा सेवाको विस्तार, साना, घरेलु तथा मझौला उद्योगहरूको विस्तार र प्रवर्द्धन र औद्योगिक शान्तिको प्रत्याभूतिद्वारा विद्यमान उद्योगहरूलाई वास्तविक क्षमताको पूर्ण उपयोग गरिने वातावरणको सिर्जनाबाट यस क्षेत्रको वृद्धिदर ६.३ प्रतिशत हुने अनुमान गरिएको छ ।

योजनावधिमा ग्रामीण विद्युतीकरणलाई विशेष ध्यान दिइनेछ । साथै निजी क्षेत्रको संलग्नतामा समेत केही विद्युत आयोजनाहरूको निर्माण सम्पन्न हुने र अन्य स्रोतबाट प्राप्त हुने ऊर्जाबाट विद्युत् क्षेत्रको वृद्धिदर वार्षिक औषत ७.१ प्रतिशत हुने अनुमान गरिएको छ ।

निर्माणतर्फ विगतमा द्वन्द्वलगायतका कारणहरूबाट सम्पन्न हुन नसकेका आयोजनाहरू सम्पन्न हुने, भत्केका, बिग्रिएका भौतिक आधारशीलाको पुनःनिर्माण गरिने, थप नयाँ पूर्वाधारहरूको निर्माण र विस्तार कार्य हुने र यसमा निजी क्षेत्रको समेत संलग्नता अझ अभिवृद्धि हुने अनुमानको आधारमा

योजना अवधिमा यस क्षेत्रको वार्षिक औषत वृद्धिदर ७.३ प्रतिशत हुने अनुमान गरिएको छ ।

शान्ति पुनःस्थापना भएकोले पर्यटन क्षेत्रमा उत्साहप्रद वातावरण बनेको र यस योजनावधिमा पर्यटनका नयाँ क्षेत्र एवं सेवाको विकास गरिने तथा पर्यटन विकासका संरचनात्मक बाधा हटाउन नीतिगत एवं संस्थागत सुधारबाट यस क्षेत्रको वृद्धिदर ७.१ प्रतिशत हुने अनुमान गरिएको छ ।

यातायात तथा सञ्चार क्षेत्रलाई योजना अवधिमा विशेष प्राथमिकता दिई सरकारी क्षेत्रबाट उच्च लगानी हुने र नीतिगत सुधारबाट निजी क्षेत्रको पनि लगानी अभिवृद्धि हुने हुँदा यस क्षेत्रको वृद्धिदर वार्षिक औसत ६.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

व्यापार क्षेत्रतर्फ आर्थिक कुटनीतिको सकारात्मक प्रभाव तथा औद्योगिक वातावरणमा सुधार भई यस क्षेत्रको वृद्धि ६.४ प्रतिशतले हुने अनुमान गरिएको छ। यसैगरी शान्ति पुनःस्थापना पश्चात् लगानीको वातावरणमा सुधार आउने भएकोले वित्तीय क्षेत्र तथा घरजग्गातर्फ क्रमश ५.५ र ६.४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ भने सामाजिक सेवातर्फ सरकारले दिने प्राथमिकताका कारण लगानीमा थप वृद्धि भई स्वास्थ्य र शिक्षा तथा अन्य सामुदायिक क्षेत्रको वृद्धिदर क्रमशः ६.३, ६.५ र ७.० प्रतिशत हुने अनुमान गरिएको छ। (तालिका १)



**तालिका १ : अन्तरिम योजनाको कुल गार्हस्थ उत्पादन र क्षेत्रगत मूल्य अभिवृद्धि (२०६३/६४ को स्थिर मूल्यमा)**

*(रू. करोडमा)*

| क्षेत्रहरू | २०६३/६४ को अनुमानित कुल गार्हस्थ उत्पादन | | २०६६/६७ को अनुमानित कुल गार्हस्थ उत्पादन | | अन्तरिम योजनाको वार्षिक वृद्धिदर (%) |
|---|---|---|---|---|---|
| | उत्पादन | प्रतिशत अंश | उत्पादन | प्रतिशत अंश | |
| कृषि, मत्स्यपालन र वन | २२८६७.७ | ३३.१ | २५४२७.३ | ३१.२८ | ३.६ |
| गैर कृषि क्षेत्र | ४६२८८.२ | ६६.९ | ५५८५२.८ | ६८.७२ | ६.५ |
| उद्योग तथा खानी | ५५१९.३ | ८.० | ६६३५.४ | ८.१६ | ६.३ |
| विद्युत, ग्याँस तथा पानी | १३५३.० | २.० | १६६३.५ | २.०५ | ७.१ |
| निर्माण | ४४१८.६ | ६.४ | ५४५३.३ | ६.७१ | ७.३ |
| थोक तथा खुद्रा व्यापार | ९६२८.४ | १३.९ | ११५९७.४ | १४.२७ | ६.४ |
| होटेल तथा रेष्टुरेण्ट | ९८०.२ | १.४ | १२०५.२ | १.४८ | ७.१ |
| यातायात, भण्डारण तथा सञ्चार | ८१३४.१ | ११.८ | ९८५२.९ | १२.१२ | ६.६ |
| वित्तीय मध्यस्थता | २२६८.६ | ३.३ | २६६१.२ | ३.२७ | ५.५ |
| घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५८५४.६ | ८.५ | ७०४५.१ | ८.६७ | ६.४ |
| सामान्य प्रशासन तथा रक्षा | १२५०.० | १.८ | १३९६.६ | १.७२ | ३.८ |
| शिक्षा | ३९६६.१ | ५.७ | ४७९५.३ | ५.९० | ६.५ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ८८९.० | १.३ | १०६६.८ | १.३१ | ६.३ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | २०२६.३ | २.९ | २४८०.० | ३.०५ | ७.० |
| कुल मूल्य अभिवृद्धि | ६९१५५.९ | १००.० | ८१२८०.१ | १००.०० | ५.५ |
| कुल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा) | ७१९४७.६ | | ८४७१६.३ | | ५.६ |

### पूँजी लगानी तथा सीमान्त पूँजी उत्पादन अनुपात

योजना अवधिमा शान्ति पुनःस्थापना र लगानीको वातावरणमा सुधार आउनुको साथै आयोजनाहरूको शीघ्रकार्यान्वयन हुने अनुमानको आधारमा विभिन्न क्षेत्रहरूको विद्यमान क्षमताको उपयोगमा वृद्धि भई सीमान्त पूँजी उत्पादन अनुपातमा केही सुधार हुने देखिए तापनि यस अवधिमा पूर्वाधारको विकासमा लगानी वृद्धि गरिने तर त्यसको प्रतिफल तत्काल आउन नसक्ने भएकोले सीमान्त पूँजी उत्पादन अनुपातमा केही वृद्धि भई ४.८:१ हुने अनुमान गरिएको छ। यस अनुमानित सीमान्त पूँजी उत्पादन र प्रक्षेपित आर्थिक वृद्धिदर ५.५ प्रतिशतको आधारमा योजना अवधिमा २०६३/६४ को स्थिर मूल्यमा कुल स्थिर पूँजी लगानी रू. ५ खर्ब ८७ अर्ब ६८ करोड हुने अनुमान गरिएको छ।

कुल लगानीमध्ये सरकारी क्षेत्रको लगानी औसत ३०.४६ प्रतिशत रहने अनुमान गरिएको छ। सो सरकारी लगानीमध्ये कृषि क्षेत्रमा १२.३१ प्रतिशत र गैर कृषि क्षेत्रमा ८७.६९ प्रतिशत लगानी हुने अनुमान गरिएको छ। गैर कृषि क्षेत्रमध्ये सबभन्दा बढी यातायात तथा सञ्चार क्षेत्रमा २५.७६ प्रतिशत लगानी गरिनेछ। यसैगरी विद्युत्, ग्याँस तथा पानीमा १९.३६ प्रतिशत, अन्य सामुदायिक क्षेत्रमा २०.३४ प्रतिशत, शिक्षामा १८.२० प्रतिशत र स्वास्थ्यमा७.२२ प्रतिशत लगानी हुने अनुमान गरिएको छ। निजी क्षेत्र आकर्षित हुने क्षेत्रहरू खासगरी विद्युत्, सञ्चार, उद्योग, वित्त, घरजग्गा आदि क्षेत्रहरूमा निजी क्षेत्रलाई नै प्रोत्साहित गरिनेछ। यी क्षेत्रहरूमा सरकारको लगानी कम गरी बचत हुने स्रोत र साधनलाई कृषि, सामाजिक सेवा, पूर्वाधार विकास जस्ता क्षेत्रहरूमा लगानी गर्ने नीति लिइएको छ। (तालिका २)



### तालिका २ : अन्तरिम योजनामा हुने निजी तथा सरकारी क्षेत्रको क्षेत्रगत स्थिर पूँजी लगानी (२०६३/६४ को स्थिर मूल्यमा)

(रू. करोडमा)

| क्षेत्रहरू | सीमान्त पूँजी उत्पादन अनुपात | सरकारी | | निजी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कृषि, मत्स्य पालन र वन | २.८ | २२०४.३ | १२.३१ | ४९६२.६ | १२.१४ | ७१६६.९ | १२.२० |
| उद्योग तथा खानी | ४.२ | १६५.० | ०.९२ | ४५२२.६ | ११.०७ | ४६८७.६ | ७.९८ |
| विद्युत, ग्याँस तथा पानी | १८.५ | ३४६५.८ | १९.३६ | २२७८.३ | ५.५७ | ५७४४ | ९.७७ |
| निर्माण | १.८ | ० | ०.०० | १८६२.५ | ४.५६ | १८६२.५ | ३.१७ |
| थोक तथा खुद्रा व्यापार | २.८ | ७१.७ | ०.४० | ५४४१.७ | १३.३२ | ५५१३.३ | ९.३८ |
| होटेल तथा रेष्टुरेण्ट | ६.५ | १४०.२ | ०.७८ | १३२२.६ | ३.२४ | १४६२.८ | २.४९ |
| यातायात, भण्डारण तथा सञ्चार | ८.५ | ४६१०.१ | २५.७६ | ९९९९.४ | २४.४७ | १४६०९.५ | २४.८६ |
| वित्तीय मध्यस्थता | ५.२ | २८३.४ | १.५८ | १७५८.३ | ४.३० | २०४१.७ | ३.७४ |
| घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५.६ | ० | ०.०० | ६६६७.० | १६.३१ | ६६६७ | ११.३४ |
| सामान्य प्रशासन तथा रक्षा | ३.८ | ५५७.२ | ३.११ | ०.० | ०.० | ५५७.२ | ०.९५ |
| शिक्षा | ३.२ | १४६७.१ | ८.२० | ११८६.३ | २.९ | २६५३.३ | ४.५१ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ८.९ | १२९३.० | ७.२२ | २८९.५ | ०.७१ | १५८२.५ | २.६९ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ९.३ | ३६४१.३ | २०.३४ | ५७७.९ | १.४१ | ४२१९.२ | ७.१८ |
| कुल स्थिर पूँजी निर्माण | ४.८ | १७८९९.० | १००.०० | ४०८६८.६ | १००.०० | ५८७६७.६ | १००.०० |
| कृषि क्षेत्र | २.८ | २२०४.३ | १२.३१ | ४९६२.६ | १२.१४ | ७१६६.९ | १२.२० |
| गैर कृषि क्षेत्र | ५.४ | १५६९४.७ | ८७.६९ | ३५९०६.० | ८७.८६ | ५१६००.७ | ८७.८० |

**सरकारी बजेट तथा सरकारी खर्च व्यहोर्ने स्रोतहरू**

योजनावधिमा आ.व. २०६३/६४ को स्थिर मूल्यमा कुल राजस्व रू. ३ खर्व १८ अर्ब ८९ करोड उठाउने अनुमान गरिएको छ। राजस्व प्रक्षेपण गर्दा स्थिर मूल्यमा वार्षिक औषत ९.९ प्रतिशतले वृद्धि हुने र कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आ.व. २०६३/६४ मा १२.०८ प्रतिशत रहेको अनुमानमा योजनाको अन्तिम वर्ष २०६६/६७ मा १३.६० प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।

सरकारी खर्चतर्फ योजना अवधिमा आ.व. २०६३/६४ को स्थिर मूल्यमा कुल खर्च रू. ५ खर्ब ११ अर्ब ३८ करोड हुने अनुमानमध्ये चालु खर्च रू. २ खर्ब ८५ अर्ब ४८ करोड हुने अनुमान गरिएको छ। चालु खर्च आ.व. २०६३/६४ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ११.१७ प्रतिशत रहने अनुमानमा रहेकोमा योजनावधिको शुरू वर्षमा संविधानसभाको चुनाव लगायतका कारणले चालु खर्चमा वृद्धि हुने भएको कारणले आ.व. २०६४/६५ को चालु खर्चमा अत्यधिक चाप पर्न गई कुल गार्हस्थ उत्पादनको अनुपातमा १२.२० पुग्ने अनुमान छ। तर यसलाई क्रमशः घटाउँदै लगी योजनाको अन्तिम वर्षमा ११.६० प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ। पूँजीगत खर्चतर्फ योजना अवधिमा रू. १ खर्ब ७८ अर्ब ९९ करोड खर्च गर्ने प्रक्षेपण गरिएको छ। आ.व. २०६३/६४ मा पूँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको ५.०६ प्रतिशत रहेकोमा यसलाई क्रमशः वृद्धि गरी योजनाको अन्तिम वर्षमा ७.९६ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।

वैदेशिक सहायतातर्फ योजना अवधिमा आ.व. २०६३/६४ को स्थिर मूल्यमा कुल रू. १ खर्ब ४० अर्ब ६६ करोड परिचालन गर्ने अनुमान रहेको छ। यसमध्ये वैदेशिक अनुदान रू. ८४ अर्ब १४ करोड र वैदेशिक ऋण रू. ५६ अर्ब ५२ करोड परिचालन गर्ने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आ.व. २०६३/६४ मा कुल वैदेशिक सहायताको अनुपात ४.४५ प्रतिशत रहेको अनुमानमा यसलाई क्रमशः वृद्धि गरी योजना अवधिको अन्तिम वर्षमा ६.०५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।

योजना अवधिमा साधनको परिचालनतर्फ राजस्व परिचालनमा समुचित वृद्धि हुने, त्यस्तै वैदेशिक सहायता उपलब्धतामा पनि आशातीत वृद्धि हुने र चालु खर्चको वृद्धिमा नियन्त्रण कायम गरिने भएकोले आन्तरिक ऋणको वृद्धिदरलाई वान्छित सीमाभित्र राख्न सकिने अनुमान गरिएको छ। आ.व. २०६३/६४ मा आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको २.३१ प्रतिशत रहने अनुमान रहेकोमा योजनाको अन्तिम वर्षमा यसमा कमी आई १.८ प्रतिशतमा रहने अनुमान गरिएको छ। योजनावधिमा लिइने वित्तीय नीतिबाट समष्टिगत आर्थिक स्थायित्व कायम हुन जाने अनुमान गरिएको छ। (तालिका ३ र ६)



**तालिका ३ : सरकारी बजेटको प्रक्षेपण (आ.व. २०६३/६४ को स्थिर मूल्यमा)**

*(रू. करोडमा)*

| | २०६३/६४ | कुल खर्चमा प्रतिशत (२०६३/६४) | तीन वर्षको कुल बजेट | |
|---|---|---|---|---|
| | | | रकम | कुल खर्चमा प्रतिशत |
| कुल खर्च | १३५५४.० | १००.० | ५११३७.८ | १००.० |
| चालु खर्च | ८०३३.० | ५९.३ | २८५४८.३ | ५५.८ |
| पूँजीगत खर्च | ३६३७.० | २६.८ | १७८९९.० | ३५.० |
| साँवा भुक्तानी | १८८४.० | १३.९ | ४६९०.५ | ९.२ |
| कुल खर्च व्यहोर्ने स्रोतहरू | | | | |
| राजस्व | ८६८९.४ | ६४.१ | ३१८८९.३ | ६२.४ |
| वैदेशिक सहायता | ३२००.० | २३.६ | १४०६६.० | २७.५ |
| *अनुदान* | *२०००.०* | *१४.८* | *८४१३.७* | *१६.५* |
| *ऋण* | *१२००.०* | *८.९* | *५६५२.२* | *११.१* |
| आन्तरिक ऋण | १६६४.६ | १२.३ | ५१८२.६ | १०.१ |

विकास खर्चतर्फ योजनावधिमा २०६३/६४ को स्थिर मूल्यमा रू. २ खर्ब ८० अर्ब ३० करोड खर्च हुने अनुमान छ जसमध्ये कृषितर्फ १५.११ प्रतिशत, यातायात तथा सञ्चारतर्फ १९.२२ प्रतिशत, विद्युत्तर्फ १४.९८ प्रतिशत, शिक्षातर्फ ११.५४ प्रतिशत, अन्य सामुदायिकतर्फ १९.८२ प्रतिशत र स्वास्थ्यमा ९.६९ प्रतिशत छुट्याइएको छ। विकास खर्चको ६३.८६ प्रतिशत सरकारी लगानी हुनेछ। (तालिका ४)

**तालिका ४ : कुल विकास कार्यक्रम खर्चको क्षेत्रगत बाँडफाँड (आ.व. २०६३/६४ को स्थिर मूल्यमा)**

*(रू. करोडमा)*

| क्षेत्रहरू | अन्तरिम योजनाको प्रक्षेपण | |
|---|---|---|
| | रकम | अंश प्रतिशत |
| कृषि, मत्स्यपालन र वन | ४२३६.० | १५.११ |
| उद्योग तथा खानी | २०८.३ | ०.७४ |
| विद्युत, ग्याँस तथा पानी | ४१९९.६ | १४.९८ |
| थोक तथा खुद्रा व्यापार | १२१.३ | ०.४३ |
| होटेल तथा रेष्टुरेण्ट | २६८.५ | ०.९६ |
| यातायात, भण्डारण तथा सञ्चार | ५३८८.६ | १९.२२ |
| वित्तीय मध्यस्थता | ३६६.९ | १.३१ |
| सामान्य प्रशासन तथा रक्षा | ८८९.९ | ३.१७ |
| शिक्षा | ३२३५.० | ११.५४ |
| स्वास्थ्य तथा सामाजिक कार्य | २७१७.४ | ९.६९ |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका क्रियाकलाप | ५५५५.० | १९.८२ |
| विविध | ८४३.७ | ३.०१ |
| कुल विकास कार्यक्रम बजेट | २८०३०.१ | १००.०० |

## लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव

प्रस्तावित लगानीबाट अर्थतन्त्रको समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक रहने अनुमान गरिएको छ। यस योजनामा समष्टिगत आर्थिक स्थायित्व कायम गरिने र आर्थिक वृद्धिलाई रोजगारमूलक, बढी समावेशी तथा फराकिलो आधार युक्त भएको बनाइनेछ।

समष्टिगत आर्थिक परिसूचकहरूलाई कुल गार्हस्थ्य उत्पादनको अनुपातमा हेर्दा राजस्व २०६३/६४ को १२.०८ प्रतिशतको स्थितिबाट वृद्धि भई आ.व. २०६६/६७ मा १३.६० प्रतिशत पुग्ने अनुमान गरिएको छ। कुल खर्च १८.८४ प्रतिशतबाट वृद्धि भई २१.४५ प्रतिशत पुग्ने, चालु खर्च ११.१७ प्रतिशतबाट ११.६० प्रतिशत पुग्ने र पूँजीगत खर्च ५.०६ प्रतिशतबाट वृद्धि भई ७.९६ प्रतिशत पुग्न जानेछ। त्यस्तै वैदेशिक सहायता ४.४५ प्रतिशतबाट वृद्धि भई ६.०५ प्रतिशत पुग्ने र आन्तरिक ऋण २.३१ प्रतिशतबाट घटी १.८० प्रतिशत पुग्न जाने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी २५.३५ प्रतिशतबाट ३०.४ प्रतिशत पुग्ने अनुमान छ। (तालिका ६)



**तालिका ५ : अन्तरिम योजनामा हुने कुल स्थिर पूँजी निर्माणका स्रोतहरू (आ.व. २०६३/६४ को स्थिर मूल्यमा)**

*(रू. करोडमा)*

| क्षेत्रहरू | रकम | प्रतिशत |
|---|---|---|
| कुल लगानी (मौज्दात परिवर्तन समेत) | ६८०४८.८ | |
| कुल स्थिर पूँजी लगानी | ५८७६७.६ | १०० |
| निजी क्षेत्र | ४०८६८.६ | (६९.५४) |
| सरकारी क्षेत्र | १७८९९.० | (३०.४६) |
| कुल साधन | ६८०४८.८ | १०० |
| (क) राष्ट्रिय बचत | ५३९८२.८ | (७९.३३) |
| (ख) वैदेशिक सहायता | १४०६६.० | (२०.६७) |
| राजस्व | ३१८८९.३ | (६२.३६) |
| कुल खर्च | ५११३७.८ | १००.०० |
| चालु खर्च | २८५४८.३ | (५५.८३) |
| पूँजीगत खर्च | १७८९९.० | (३५.००) |
| सावाँ भुक्तानी | ४६९०.५ | (९.१७) |
| वैदेशिक सहायता | १४०६६.० | (२७.५१) |
| अनुदान | ८४१३.७ | (१६.४५) |
| ऋण | ५६५२.२ | (११.०५) |
| आन्तरिक ऋण | ५१८२.६ | (१०.१३) |

**तालिका ६ : अन्तरिम योजनाको प्रक्षेपित लगानी, सरकारी खर्च र यसका स्रोतहरू (कुल गार्हस्थ उत्पादनको अनुपातमा)**

| क्षेत्रहरू | आ.व. २०६३/६४ | अन्तरिम योजनाको अन्तिम वर्ष (आ.व. २०६६/६७) |
|---|---|---|
| कुल लगानी (मौज्दात परिवर्तन समेत) | २५.३५ | ३१.३ |
| कुल स्थिर पूँजी लगानी | २२.७३ | २६.७ |
| निजी क्षेत्र | १७.६७ | १८.८ |
| सरकारी क्षेत्र | ५.०६ | ८.० |
| कुल राष्ट्रिय बचत | २८.५६ | २८.९ |
| कुल गार्हस्थ बचत | ९.३५ | १२.७ |
| खुद फ्याक्टर आय | ६.१८ | ६.५ |
| चालु ट्रान्सफर | १९.९४ | २२.६ |
| चालु खाता (बचत) | २.३ | ३.५ |
| राजस्व | १२.०८ | १३.६ |
| कुल खर्च | १८.८४ | २१.४५ |
| चालु खर्च | ११.१७ | ११.६० |
| पूँजीगत खर्च | ५.०६ | ७.९६ |
| सावाँ भुक्तानी | २.६२ | १.८९ |
| वैदेशिक सहायता | ४.४५ | ६.०५ |
| अनुदान | २.७८ | ३.६ |
| ऋण | १.६७ | २.४५ |
| आन्तरिक ऋण | २.३१ | १.८० |



## *१२. नीतिहरू*

### *१२.१ प्रमुख नीतिहरू*

योजनाले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न अवलम्बन गरिने प्रमुख नीतिहरू निम्नबमोजिम रहेका छन् :

- नयाँ रूपमा संघीय नेपालको निर्माण गर्न संरचनागत तथा कानुनी आधार तयार गरिनेछ।
- सामान्यतयाः बजार अर्थ व्यवस्थालाई अंगिकार गर्दै सरकारी, सहकारी तथा निजी क्षेत्रको माध्यमवाट लोक कल्याणकारी आर्थिक विकासको नीति अवलम्वन गरिनेछ।
- समष्टिगत आर्थिक संरचनालाई लैङ्गिकीकरण गर्दै सामाजिक समावेशी बनाइनेछ। साथै सरकारी संयन्त्रहरूलाई लैङ्गिक मूलप्रवाहीकरण गरिनेछ।
- गरिबीको रेखामुनि रहेका व्यक्तिहरूको पहिचान गर्ने प्रक्रिया आरम्भ गरिनेछ र गरिबी निवारणका निम्ति विकासका प्रयासहरू केन्द्रित गर्दै सामाजिक न्याय, आर्थिक वृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवं सामाजिक नीति र कार्यक्रम बनाइनेछ।
- निर्वाहमुखी घरपरिवारले राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानलाई कदर गर्दै तिनको विकासमा जोड दिइनेछ।
- द्वन्द्वको क्रममा बिग्रिएका वा भत्किएका भौतिक संरचनाहरूको पुनःनिर्माण तथा पुनःस्थापना गरिनेछ।
- द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा समुदायको पुनःस्थापना र पुनःएकीकरणका साथै तुरून्त राहतको व्यवस्था मिलाइनेछ।
- प्राकृतिक प्रकोप र द्वन्द्वको कारण मर्कामा परेका साना किसान र साना घरेलु उद्यमीहरूले लिएको निश्चित सीमाको ऋण रकममा अवस्था हेरी व्याज मिनाहा लगायतका राहत दिइनेछ।
- देशको विविध भौगोलिक परिवेश तराई, पहाड र हिमाली क्षेत्रको विशेषतालाई ध्यानमा राखी उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।
- दीर्घकालीन कृषि योजनालाई कृषि विकासका लागि मूल नीतिका रूपमा अंगिकार गरी कृषि क्षेत्रलाई आधुनिक एवं उपयुक्त प्रविधिको प्रयोगवाट सरकारी, सहकारी र निजी क्षेत्र मार्फत उत्पादन र उपादकत्व वृद्धि

गरिनेछ। साथै कृषिलाई विकासको मूल आधार बनाइनेछ र अन्य क्षेत्रगत नीतिहरू तद्अनुरूप कृषिमैत्री हुनेगरी संयोजन गरिनेछ।

- वैज्ञानिक भूमिसुधारको आधार तयार गरी यसको माध्यमबाट भूमि व्यवस्था गरी कृषि मजदूर, मुक्त कमैया र भूमिहीन सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानका लागि जोड दिइनेछ।
- समुदायमा रहेका बचत रकमलाई सहकारिता मार्फत एकीकृत गरी उत्पादक क्षेत्रमा लगानी गराउन वातावरण तयार गरिनेछ।
- कृषि, जलविद्युत्, पर्यटन, सूचना संचार, विज्ञान प्रविधि, भौतिक पूर्वाधार र मानव संसाधनको विकासलाई उच्चतम् प्राथमिकता दिइनेछ।
- उद्योग, बैंक तथा वित्तीय व्यवसाय, यातायात, सञ्चारलगायत अर्थतन्त्रका आधुनिक क्षेत्रका सुधार कार्यक्रमहरूलाई महत्त्वका साथ सञ्चालन गरिनेछ।
- विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूलाई वैदेशिक व्यापार, विकास सहयोग, श्रमिक व्यवस्थापन र पर्यटन प्रवर्द्धन जस्ता कार्य प्राथमिकताका साथ गर्न लगाइनेछ।
- संख्यात्मक र गुणात्मक पर्यटन विकासमा विशेष प्राथमिकता दिइनेछ। यसका लागि भौगोलिक विविधता र ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थल जस्ता क्षेत्रहरूको पहिचान, सुधार र विकास गरिनेछ। आन्तरिक र क्षेत्रीय पर्यटनलाई प्रवर्द्धन गरिनेछ।
- जनतालाई सेवा प्रदान गर्नुपर्ने संस्थानहरूको व्यवस्थापनमा सुधार गरी सस्तो, सुलभ र प्रभावकारी सेवा उपलब्ध गराइनेछ।
- प्रतिस्पर्धा संस्कारको अभिवृद्धि, उद्यमशीलता विकास र उत्पादकत्व वृद्धि लगायतका विषयहरूमा जोड दिँदै निजी क्षेत्रको विकास गरिनेछ।
- भ्रष्टाचार र ढिलासुस्तिको अन्त्य, पारदर्शीता र सुशासनको कार्यलाई अगाडि बढाइनेछ। यसको लागि विद्यमान संयन्त्रलाई सवल बनाउन आवश्यक हेरफेर गरी पूर्णता दिइनेछ।
- नेपाली सेनाको लोकतान्त्रिकरण, राष्ट्रिय र समावेशी चरित्रको निर्माण, उपयुक्त संख्या, संरचना निर्धारण र मानव अधिकारको मूल्यद्वारा प्रशिक्षणसम्बन्धी कार्ययोजनालाई कार्यान्वयन गरिनेछ।
- शिक्षा, स्वास्थ्य तथा रोजगारीलाई अधिकारमा आधारित विकास कार्यक्रमका रूपमा अघि बढाइनेछ।



- जनसामान्यको पहुँचमा रहने गुणस्तरीय, रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ। साक्षरता अभियान तथा अनौपचारिक शिक्षामा सरकारी बजेट तथा संलग्नता वृद्धि गरिनेछ।
- आम जनताका लागि स्वास्थ्य सेवालाई सुलभ र सहज बनाउन ग्रामीण स्वास्थ्यमा लगानी वृद्धि गर्दै सामुदायिक स्वास्थ्य नीति अवलम्बन गरिनेछ। साथै खानेपानी तथा सरसफाईमा जोड दिइनेछ।
- जनसंख्या व्यवस्थापनका लागि दीर्घकालीन जनसंख्याको कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ।
- क्षेत्रगत मन्त्रालयहरू तथा कार्यक्रमहरूबीच अझै प्रभावकारी समन्वय गरिनेछ। सञ्चालित आयोजनालाई मर्मत सम्भार गरी बढी उपयोगी बनाइनेछ। नयाँ आयोजनाहरू क्षेत्रीय सन्तुलनको आधारमा निर्माण गरिनेछ।
- औद्योगिक तथा व्यावसायिक पूर्वाधारको विकास, निजी क्षेत्रको विकास एवं व्यापार प्रवर्द्धन गर्ने तथा निर्यात प्रवर्द्धनका लागि नयाँ सोच प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- देशमा स्वेदशी तथा विदेशी लगानी वढाउदै लैजान आवश्यक पर्ने सुरक्षाको वातावरण सिर्जना गर्न सहयोग पुऱ्याइनेछ।
- मुलुकको आर्थिक क्षेत्रको विकासका लागि स्वदेशी र विदेशी लगानीलाई प्रवर्द्धन गरिनेछ र निश्चित क्षेत्रमा भने स्वदेशी पूँजी लगानीलाई विशेष प्रोत्साहित गरिनेछ।
- औपचारिक तथा अनौपचारिक क्षेत्रलाई समेट्दै रोजगारी अभिवृद्धि हुने, राष्ट्रिय पूंजी निर्माण हुने, आर्थिक समता प्रवर्द्धन र समग्र आर्थिक विकासमा योगदान दिने आर्थिक गतिविधिलाई प्रश्रय दिइनेछ।
- युवाहरू, विशेष गरी द्वन्द्व प्रभावितहरूको लागि स्वरोजगार र रोजगारका अवसरहरूको व्यवस्था गरिनेछ। साथै वैदेशिक रोजगारीको क्षेत्रलाई अझ व्यवस्थित बनाई विप्रेषण रकमलाई उत्पादन क्षेत्रतर्फ प्रवाहित गरिनेछ।
- सार्वजनिक वितरण प्रणालीमा रहेका विसंगतिहरू हटाउँदै उपभोक्ताको अधिकार सम्वर्द्धन गरिनेछ।
- केन्द्रीय र स्थानीय तहको कार्य जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरी स्थानीय स्तरका सवै सेवा प्रवाह र विकास निर्माणका कार्यहरू स्थानीय

निकायमा निक्षेपण गरिनेछ। तदनुरूप वित्तीय व्यवस्था, स्थानीय संयन्त्र र जनशक्तिको उपयुक्त व्यवस्थापन गरिनेछ।

- विपन्न, दलित, आदिवासी जनजाति, मधेशी, पिछडिएको वर्ग, अपाङ्ग, मुक्त कमैया तथा श्रमजीवीहरूको खाद्य सुरक्षा र सामाजिक आर्थिक सशक्तीकरणका लागि लगत तयार गरी विशेष लक्षित नीतिहरू ल्याइनेछ।
- जनताका दैनिक अत्यावश्यक वस्तु तथा सेवालाई सुलभ र सुपथ बनाउन आपूर्ति व्यवस्थालाई नियमित बनाइनेछ र मूल्य वृद्धि नियन्त्रणमा जोड दिँदै अनुगमन गरिनेछ।
- वन क्षेत्रको दिगो विकास, व्यवस्थापन तथा उपयोगका लागि जनसहभागितामूलक नीति अपनाइनेछ।
- मानव अधिकारलगायतका नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरू प्रभावकारी रूपमा लागू गरिनेछ।
- राज्यका विभिन्न अङ्ग तथा राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा महिला सहभागिताको विस्तार गरिनेछ र आदिवासी जनजाति, मधेशी, दलित, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ।
- पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि सामाजिक सुरक्षा लगायतका विशेष कार्यक्रमहरूलाई कार्यान्वयन गरी समानुपातिक विकासको अवधारणा अनुरूप दुर्गम-पिछडिएका क्षेत्रको विकासका लागि ठोस कार्यक्रम लागू गरिनुका साथै कर्णाली क्षेत्रको विकासका लागि विशेष कार्यक्रम र संयन्त्र निर्माण गरिनेछ।
- धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका सबै प्रकारका भेदभावहरूलाई पूर्णरूपमा समाप्त गरिनेछ। सबै जाति र जनजातिका भाषा तथा संस्कृतिको संरक्षण-सम्वर्द्धन एवं विकासका लागि विशेष व्यवस्था गरिनेछ।
- प्रवासी नेपालीहरूको हक-हितको राज्यद्वारा संरक्षण गर्ने व्यवस्था गर्नुका साथै उनीहरूको शीप र पूँजी स्वदेशमा लगानी गर्न प्रोत्साहित गरिनेछ।



## *१२.२ समष्टिगत आर्थिक नीति*

समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माणका लागि समष्टिगत आर्थिक नीतिहरूमा परिमार्जन र पुनःसंयोजन गर्दै लगिनेछ। निम्न क्षेत्रहरूमा देहाय बमोजिमका नीति अवलम्बन गरिनेछ।

**बचत**

यस योजनामा निर्धारित गरिएको आर्थिक वृद्धिदर हासिल गर्न आवश्यक लगानीका लागि बचतको अधिकतम परिचालन गर्नु आवश्यक छ। कुल गार्हस्थ बचतमा अभिवृद्धि गरी उपलब्ध बचतलाई सम्भाव्य लगानीमा रूपान्तरण गर्न निम्नलिखित नीतिहरू लिइनेछ :

- घरपरिवार, व्यावसायिक संस्थाहरू, सरकारी संस्थानहरू तथा गैर-सरकारी संस्थाहरू सबैको बचत गर्ने क्षमता वृद्धि र बचत गर्नसक्ने अनुकूल वातावरण बनाई उपभोग आचरण, सार्वजनिक खर्च व्यवस्थापन तथा निजी उद्यमीहरूको व्यवसायिक संस्कृतिमा सुधार गर्न विशेष कार्यक्रमहरू ल्याइनेछन्।
- ग्रामीण बचत परिचालन गर्न सहकारितामार्फत बचत र ऋण संस्थाहरूको अभिवृद्धि गर्ने नीतिगत व्यवस्था गरिनेछ।
- साधारण बचतकर्ताहरूलाई बैंक तथा वित्तीय संस्थासम्म सहज पहुँच हुन सक्ने वातावरण बनाइ बचतकर्ताले पाउने व्याजदरलाई सकारात्मक बनाउन प्रयास गरिनेछ।
- सम्भाव्य लगानीका क्षेत्रहरूमा गार्हस्थ र राष्ट्रिय बचतको परिचालन गर्न प्रेरित गरिनेछ।

**राजस्व**

विगतका द्वन्द्व तथा राजनैतिक अस्थिरताले गर्दा सरकारी वित्त क्षेत्र पनि नकारात्मक रूपमा प्रभावित बन्न पुग्यो। द्वन्द्वका कारण पर्यटन, औद्योगिक, तथा व्यापारिकलगायत अन्य आय आर्जन हुने क्षेत्रहरूको क्रियाकलाप विस्तार हुन नसक्नाले सरकारी राजस्व प्रभावित हुन पुग्यो। त्यस्तै कर तिर्न सक्षम् व्यक्ति र संस्थाहरूमा कर तिर्ने संस्कृतिको विकास नभएबाट समेत राजस्व सङ्कलन चुनौतीपूर्ण कार्य हुन गएको छ। यसर्थ यस योजनामा सरकारको आन्तरिक राजस्व परिचालनमा अनुकूल असर पार्न निम्न लिखित नीतिहरू लिइनेछ :

- कर प्रणाली र कानुन पुनरावलोकन गरी राजस्व सङ्कलन, परिचालनको व्यवस्था पारदर्शी तथा सरल बनाइनेछ।

- राजस्व प्रशासनको क्षमतामा अभिवृद्धि गर्दै राजस्व चुहावट नियन्त्रण गरिनेछ ।
- मूल्य अभिवृद्धि करलाई वढी प्रभावकारी बनाइनेछ ।
- करको दायरा फराकिलो पार्दै लगिनेछ ।
- विश्व व्यापार संगठन, साफ्टा जस्ता अर्न्तराष्ट्रिय एवं क्षेत्रीय संगठनहरूसित नेपालले गरेको प्रतिवद्धता अनुरूप भन्सार दर र अन्य कर प्रणाली अपनाइनेछ ।
- विद्यमान करको दायरालाई फराकिलो पारी आन्तरिक राजस्व परिचालनलाई सुदृढ तुल्याइनेछ ।

**सरकारी खर्च व्यवस्थापन**

विगतमा साधारण खर्च लक्ष्यभन्दा अधिक हुनु र विकास खर्च लक्ष्यभन्दा निकै कम हुनुका कारण राष्ट्रिय आय वृद्धि तथा अन्य आर्थिक परिसूचकहरूमा नकारात्मक असर पर्न गएको छ । सरकारी खर्च व्यवस्थापन सुधार गर्ने उद्देश्य प्राप्तिका लागि निम्नलिखित नीतिहरू लिइनेछ :

- समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने गरी सरकारी खर्चको कुशलतामा वृद्धि गर्ने, वित्तीय पद्धतिलाई सुदृढ गर्दै लग्ने र वित्त अनुशासन कायम गर्नेतर्फ थप प्रयत्न गरिनेछ । चालु तथा पूँजीगत खर्चको बीचको असन्तुलन कम गर्नेतर्फ थप उपायहरू अवलम्वन गरिनेछ ।
- मध्यमकालीन खर्च संरचनालाई पुनरावलोकन गरी नयाँ ढंगले क्षेत्रगत प्राथमिकीकरण तथा लगानीको प्रभावकारिताको लागि लागत/प्रतिफल/प्रभाव प्रणालीलाई ठोस ढंगले अवलम्वन गरिनेछ ।
- बजेट निकासा र नियन्त्रण प्रणालीलाई पुनरावलोकन गरी सुधार गरिनेछ ।
- अनुत्पादक खर्च कटौति गर्दै लगिनुका साथै बेरूजु फछ्र्यौटलाई कडाईका साथ पालना गरी वित्तीय अनुशासन कायम गरिनेछ ।
- शून्यमा आधारित बजेट प्रणाली लागू गर्ने तर्फ सम्भाव्यताको अध्ययन गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गरिनेछ ।

**(क) वैदेशिक सहायता व्यवस्थापन**

सहायता व्यवस्थापनमा दातृपक्ष, सरकार तथा सम्बद्ध पक्षहरूबीच



उचित सामन्जस्य र समन्वय स्थापित हुन नसक्नु, वैदेशिक सहायतामा संचालित विकास आयोजना/कार्यक्रमहरूको कार्यसमाप्तिको स्तर न्यून रहनु र राज्य माथिको ऋणभार बढनु यस क्षेत्रका समस्याहरू हुन् । वैदेशिक सहायताको प्रभावकारिता अभिवृद्धि गरी उच्च एवं दिगो आर्थिक वृद्धिद्वारा गरिबी निवारणको समेत उद्देश्य हासिल गर्न निम्नलिखित नीतिहरू लिइनेछन्: ।

- राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरूपमात्र वैदेशिक सहायता लिने परिपाटी बसालिनेछ । वैदेशिक सहायताबाट संचालित विकास कार्यक्रम/आयोजनाहरूको प्रभावकारी एवं दक्षतापूर्ण व्यवस्थापनमा जोड दिइनेछ ।
- वैदेशिक सहायतामा दोहोरोपन हटाउन तथा वैदेशिक सहायताको प्रभावकारी व्यवस्थापनको लागि दातृ निकायहरूबीच समन्वय र साझेदारी संयन्त्रको विकास गरिनेछ । सहयोगका क्षेत्रको नक्साङ्कन गर्दै मुलुकमा उपलब्ध सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमा प्रतिविम्बित गराइनेछ ।
- पुनःर्निर्माण, पुनःसंरचना, पुनःस्थापना र पुनःएकीकरण तथा समावेशी विकासमा वैदेशिक सहायता परिचालन गरिनेछ ।

**(ख) सार्वजनिक ऋण व्यवस्थापन**

विनियोजित खर्चको अनुपातमा राजस्व वृद्धि हुन नसकेका कारण वित्तीय घाटाको स्थिति अद्यापि कायमै रहेको छ । समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कुरालाई ध्यानमा राखी सार्वजनिक ऋण व्यवस्थापनमा निम्नलिखित नीतिहरू लिइनेछन् :

- आन्तरिक ऋणलाई कुल गार्हस्थ्य उत्पादनको वान्छित सीमाभित्र कायम राखिनेछ ।
- निजी क्षेत्रलाई आर्थिक क्रियाकलापमा बढी सक्रिय बनाई सरकारी लगानी न्यून गर्दै लगिनेछ ।

**मुद्रा, बैकिङ्ग तथा कर्जा**

राष्ट्रिय अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र विश्वव्यापीकरणको परिवेशमा नेपाली अर्थ व्यवस्थालाई सफल कार्यान्वयनमा ल्याउने उद्देश्यले निम्न अनुसारको मुद्रा, बैंकिङ्ग तथा कर्जा नीति अवलम्बन गरिनेछ :

- बैंक तथा वित्तीय संस्थाहरू, सहकारी संस्थाहरू र लघु वित्तीय

संस्थाहरूको सञ्जाल विकास गरी वित्तीय सेवामा ग्रामीण क्षेत्रका जनताको पहुँच बढाइनेछ ।

- सरकारी क्षेत्रमा रहेका ग्रामीण विकास बैंकहरूको शेयर क्रमशः निजी क्षेत्रलाई हस्तान्तरण गरिनेछ ।
- लघुवित्त कार्यक्रमहरू गैरसरकारी संस्था र निजी क्षेत्रबाट संचालन गरी ग्रामीण क्षेत्रका साना तथा सीमान्त कृषक, व्यवसायी र विपन्न परिवारहरूको आय वृद्धि गर्ने संयन्त्रको विकास गरिनेछ ।
- वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको अधिक तरलतालाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरूको स्वस्थ संचालनको निम्ति पारदर्शी तथा सरल कानुनी परिवेश तयार गरिनेछ । संस्थाहरू गाभिनेलगायत रेटिङ एजेन्सी स्थापना गर्ने जस्ता कानुनी व्यवस्थाहरू तर्जुमा गरी लागू गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्न नेपाल राष्ट्र बैंकको क्षमता अभिवृद्धि गरिनेछ ।
- निष्कृय ऋणको असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।
- सामाजिक क्षेत्रको विकासमा वित्तीय संस्थाहरूको योगदान अभिवृद्धि गर्न उपेक्षित क्षेत्रमा वाणिज्य बैंकहरूको साथै अन्य वित्तीय संस्थाहरूवाट पनि साधन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- जलविद्युत र अन्य पूर्वाधार विकासका लागि संचालन हुने ठूला परियोजनाहरूमा वित्तीय संस्थाहरूको लगानी बढाउन आवश्यक व्यवस्था गरिनेछ ।
- कर्मचारी संचय कोष, नागरिक लगानी कोष तथा अन्य वित्तीय संस्थाहरूको कार्यकुशलतामा अभिवृद्धि गरिनेछ । कर्मचारी संचय कोष, नागरिक लगानी कोष र बचत तथा ऋण सहकारी संस्थाहरूलाई उपयुक्त नियमनकारी संस्थाको आवश्यक व्यवस्था गरिनेछ ।

**पूँजी बजार, सम्झौतीत बचत तथा लगानी र वीमा**

पूँजी बजार, सम्झौतीत बचत तथा लगानी र वीमालाई व्यवस्थित गर्न निम्न नीतिहरू लिइनेछन् :



- धितोपत्र कारोवार व्यवस्थाको आधुनिकीकरण गर्ने, व्यवसायको स्तर अभिवृद्धि तथा समष्टिगत आर्थिक नीति धितोपत्र बजार अनुकूल बनाउनुका साथै सूचना प्रवाहको स्तरमा सुधार गरी बजारको पारदर्शिता अभिवृद्धि गरिनेछ ।
- ठूला उद्योगहरूलाई सार्वजनिक रूपमा शेयर निष्काशन गर्ने गरी पब्लिक लिमिटेड कम्पनीको रूपमा गठन गराउन प्रोत्साहित गरिनेछ ।
- वीमा व्यवसायको अनुगमन, सुपरिवेक्षण एवं नियमन व्यवस्थालाई सुदृढ गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकता अनुरूप स्तर अभिवृद्धि गरिनेछ ।
- विमितको हित संरक्षण सुनिश्चित गर्न विश्वसनीय संयन्त्रहरूको विकास गर्दै दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आयवर्ग लगायत समाजका सवै तहसम्म वीमा सेवाको पहुंच पुऱ्याइनेछ ।
- संगठित संस्थाहरूलाई आफ्नो पूंजी संरचना निर्माण गर्दा डिवेन्चर पूंजी समावेश गर्न प्रोत्साहित गरिनेछ ।
- विप्रेषणलाई उत्पादनशील क्षेत्रतर्फ लगानी गर्न वातावरण तयार गरिनेछ ।

**सरकारी लगानी विनिवेश नीति**

निजी क्षेत्रको प्रवर्द्धन गरी राज्यको भूमिकालाई जनउत्तरदायी, न्यायपूर्ण र विवेकशील नियामकका रूपमा स्थापित गर्ने, समावेशी विकास र गरिबी निवारणका लक्ष्यहरू हासिल गर्न आवश्यक स्रोत जुटाउने उद्देश्य अनुरूप लगानी विनिवेशसम्बन्धी निम्नलिखित प्रमुख नीतिहरू लिइनेछन् :

- विद्यमान सार्वजनिक संस्थानहरूमध्ये कुन सरकारी क्षेत्रमा र कुनलाई निजी क्षेत्रमा राख्ने भन्ने कुरा स्पष्ट रूपमा परिभाषित गरी सरकारी क्षेत्रमा रहने संस्थानहरूमा व्यवस्थापन सुधार गरी ती संस्थानहरूमा पारदर्शिता, जवाफदेहीता र प्रभावकारिता बढाइनेछ ।
- निजी क्षेत्र संलग्न भएका प्रतिष्ठानहरूमा विगतका सम्पूर्ण सरकारी लगानी विनिवेश गरिनेछ ।

**विदेशी लगानी**

आन्तरिक बजारबाट मात्र विकासको निम्ति आवश्यक पर्ने वित्तीय साधन पर्याप्त नहुने भएकोले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विदेशी लगानी भित्र्याउन निम्न नीतिगत व्यवस्था अपनाइनेछ :

- नेपालीहरूसँग संयुक्त लगानी गर्न इच्छुक विदेशी व्यक्ति तथा संस्थाहरूलाई व्यापारिक तथा अन्य आर्थिक विकाससँग सम्बन्धित क्षेत्रमा लगानी गर्न आकर्षित गरिनेछ ।
- गैर आवासीय नेपालीहरूको पूँजी लगानीका लागि प्रभावकारी नीति अवलम्बन गरिनेछ ।
- निजी क्षेत्रलाई राष्ट्रिय प्राथमिकताका निश्चित क्षेत्रमा अन्तर्राष्ट्रिय पूँजी बजारबाट ऋण लिन पाउने वातावरण तयार गरिनेछ ।

**विदेशी विनिमय र शोधनान्तर**

विदेशी विनिमय र शोधनान्तर स्थितिलाई सकारात्मक बनाउन विश्व व्यापार संगठन, साफ्टा र विमिस्टेकका शर्तहरूसँग सामन्जस्य हुने गरी निम्न नीतिहरू अवलम्वन गरिनेछ :

- निर्यात व्यापार बढाउन, वैदेशिक लगानी आकर्षित गर्न, आयातलाई प्रतिस्पर्धात्मक तुल्याउन, चालु खाता घाटालाई कुल गार्हस्थ उत्पादनको निश्चित प्रतिशत भन्दा अधिक हुन नदिन तथा आर्थिक आधार बलियो बनाउन मद्दत पुग्ने गरी प्रभावकारी यथार्थ विनिमय दर कायम गरिनेछ । सो क्रममा भारतीय मुद्रासँगको हालको विनिमयदरलाई पुनरावलोकन गरी यथार्थपरक बनाइनेछ ।
- विप्रेषण सुरक्षित रूपमा नेपाल भित्रन सक्ने थप संस्थागत व्यवस्था गरिनेछ ।
- विनियमदरमा हुने उतारचढावबाट वित्तीय क्षेत्रमा पर्ने असर बारे नियमित रूपमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

## *१२.३ गरिबी निवारण तथा रोजगारी*

गरिबी न्यूनीकरणको प्रयासलाई निरन्तरता दिँदै गरिब र धनी बीच बढ्दै गएको असमानताको अन्तरलाई कम गर्नु यस योजनाको प्रमुख चुनौती रहेको छ । गरिबी न्यूनीकरण र रोजगारी अभिवृद्धिका लागि निम्न वमोजिमका प्रमुख नीतिहरू लिइनेछ :

- पुनःनिर्माण, पुनःस्थापना, पुनःएकीकरण तथा पूर्वाधार विकासका लागि लगानी वृद्धि गरिनेछ ।
- समावेशी आधार भएको आर्थिक वृद्धिको रणनीतिलाई गरिबी न्यूनीकरण अनुकूल बनाइनेछ ।
- भौगोलिक क्षेत्र तथा सामाजिक समूह दुवैका आधारमा विभिन्न विषयगत क्षेत्रमा समावेशी, लक्षित तथा विशेष क्षेत्र कार्यक्रमहरू सञ्चालन गरिनेछ ।



- लक्षित कार्यक्रम सम्बन्धित समूहसम्म प्रभावकारी ढंगबाट पुग्न सकोस् भन्ने उद्देश्यले गरिबीको रेखामुनिका जनसंख्याको पहिचान प्रणालीको विकास गरिनेछ । लक्षित समूह पहिचान भएपछि सोका आधारमा राज्यले प्रदान गर्ने सेवा सहुलियत यस समूहलाई प्रवाहित गरिनेछ ।
- वेरोजगारी र अर्ध वेरोजगारीको स्थितिलाई न्यूनीकरण गर्न उत्पादनमूलक रोजगारी अभिवृद्धि गरिनेछ ।
- रोजगारीलाई बढी आयमूलक बनाउन गरिब तथा लक्षित समूहका युवा वर्गलाई सीप विकास तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।
- सहकारिताको माध्यमबाट साना बचत, साधारण सीप र सीमित भूमिको उत्पादनशील प्रयोग बढाई निर्वाहमूखी उत्पादन प्रणालीको व्यवसायीकरण गरिनेछ ।

## *१२.४ आर्थिक क्षेत्र*

**कृषि**

कृषि क्षेत्रमा विद्यमान न्यून उत्पादकत्व तथा उत्पादनमा उच्च उतारचढाव प्रमुख समस्याका रूपमा देखिएको छ । परम्परागत कृषि प्रणालीलाई व्यवसायिक रूपमा विकास गरी उद्योग व्यवसायस्तरसम्म पुऱ्याउनु प्रमुख चुनौती रहेको छ । यस सन्दर्भमा वैज्ञानिक भूमिसुधार र व्यवस्थापनको लागि पूर्वाधार तयार गरी कृषि क्रान्तिको सुरूवात गरिने छ । साथै वाली, वागवानी, पशु तथा मत्स्य उत्पादन एवं उत्पादकत्व बढाउने, खाद्य तथा पोषण सुनिश्चित गर्ने र व्यवसायिक तथा प्रतिस्पर्धात्मक खेती प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने उद्देश्य पूरा गर्न निम्नानुसारका नीतिहरू लिईनेछ :

- दीर्घकालीन कृषि योजनाको रणनीतिक दूरदृष्टिलाई संस्थागत गर्दै यसलाई कृषि विकासको लागि मूल नीतिको रूपमा अङ्गीकार गरिनेछ ।
- कृषिलाई विकासको मूल आधार बनाउने गरी समष्टिगत आर्थिक नीतिमा समायोजन गरिनेछ । आधुनिक एवं उपयुक्त प्रविधिको प्रयोगबाट कृषि क्षेत्रको विशेष गरेर उच्च मूल्यका कृषि उपजको उत्पादकत्व वृद्धि गर्न र उत्पादन लागत कम गर्न सहयोग गरिनेछ । यसैगरी बागवानी, रेशम खेती, मत्स्य पालन, पुष्प व्यवसाय, पशुपालन, फलफूल, जडिवुटी उत्पादन लगायत नगदे बालीको प्रवर्द्धन गरिनेछ ।

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्दै व्यावसायिक कृषिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुरूप प्रतिस्पर्धी हुन र गुणस्तरीय उत्पादनकालागि कृषिका सबै सरोकारबालाहरू (उत्पादक, प्रशोधनकर्ता, व्यापारी वर्ग) को माग र आवश्यकता अनुसार उपलब्ध स्रोतको आधारमा सहयोग पुऱ्याइनेछ।
- नेपालको भौगोलिक विशिष्टता तथा तुलनात्मक लाभलाई अधिकतम् उपयोग गर्दै चिया तथा कफि लगायत उच्च मूल्यका बाली/वस्तुहरूको उत्पादन तथा विक्रीबाट सबै सरोकारवालाहरू (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) लाई न्यायोचित लाभ प्राप्त गर्न सक्षम तुल्याउन सरकारी, सहकारी तथा निजीक्षेत्रको सहभागितामा आवश्यकता अनुसार प्रशोधन कारखानाहरूको स्थापना गरिनेछ। साथै उत्पादित वस्तुहरूको गुणस्तर प्रति अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय बजारलाई विश्वास दिलाउन क्वारेन्टाईन सेवा र नियमनको सुदृढीकरण एवं मान्यता प्राप्त प्रयोगशालाहरूको स्थापना तथा स्तर वृद्धि गरिनेछ।
- तराईमा भूमिगत तथा सतह सिंचाई र पहाडमा सतह सिंचाई, लघु सिंचाई एवं वर्षाको पानी संकलन गर्न लगानी तथा अन्य सुविधा वृद्धि गर्नुको साथै कृषि उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन निश्चित अवधिका लागि विपन्न, द्वन्दबाट पीडित एवं जोखिममा परेका कृषकहरू तथा त्यस्ता सेवा नपुगेका जिल्लाका कुना काप्चाहरूलाई लक्षित गरी एकीकृत कृषि उत्पादन आयोजना सञ्चालन गरिनेछ। साथै साना सिंचाइ आयोजनालाई विशेष प्राथमिकता दिइनेछ।
- ग्रामीण युवक युवतीहरूलाई ग्रामीण स्वरोजगारको अवसर सृजना गर्न उनीहरूको चाहना अनुरूप उद्यमशील तालिम तथा सेवा प्रदायक तालिम उपलब्ध गराईने छ। साथै तालिम प्राप्त युवक युवतीहरूलाई तालिम पश्चात सिकेका ज्ञान तथा सीपहरू उपयोगमा ल्याउने गरी सक्षम तुल्याउन आवश्यकता अनुसार ऋण, सामग्री, सुविधाका साथै प्राविधिक सहयोग उपलब्ध गराई प्रभावकारी अनुगमन गरिनेछ।
- दुर्गम हिमाली एवं पहाडी क्षेत्रमा उत्पादन हुने बालीहरूको अनुसन्धान एवं विकास गरी उत्पादनमा अभिवृद्धि गराउने र उत्पादित वस्तुको बजार सुनिश्चित गरिनेछ।
- संस्थागत कृषि ऋणमा साना तथा गरिब कृषकहरूको पहुंच सुनिश्चित गरिनेछ।



- उच्च मूल्यका तुलनात्मक लाभ भएका प्रांगारिक कृषि उत्पादनमा विशेष जोड दिई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- दुग्ध उत्पादक कृषकहरूको समस्यालाई सम्बोधन गर्न उपयुक्त दुग्ध नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ। साथै दुग्ध विकास संस्थान एवं निजी दुग्ध व्यवसायी/संस्थालाई आफ्नो क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग उपलब्ध गराई दुग्ध उत्पादक सहकारी संस्थाहरूबाट संचालित चिलिङ्ग सेन्टरलाई बिजुली खपतमा निश्चित सहुलियत समेत उपलब्ध गराईनेछ।
- कृषिजन्य साना तथा मझौला उद्योगमा किसान र उद्यमीको संयुक्त लगानीमा उद्योग सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।
- कृषि, भूमिसुधार, सिंचाइ र वन सम्बन्धी कार्यक्रमहरूलाई समन्वयात्मक रूपले सञ्चालन गर्न तहगत संयन्त्रको विकास गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- कृषि तथा पशु व्यवसायमा वीमा नीति अवलम्बन गरिनेछ।
- सीमान्त कृषकहरूको अवस्थामा सुधार ल्याउन सहकारी खेतीको विकासमा जोड दिइनेछ।
- कृषि विकास कार्यक्रममार्फत दलित, आदिवासी जनजाति, मधेशी, महिला एवं साना तथा सीमान्त किसानहरूको उत्पादकत्व वृद्धिमा विशेष जोड दिइनेछ।
- खाद्य सम्प्रभुताको हक स्थापित गर्दै लाने क्रममा खाद्य असुरक्षामा रहेका विपन्न वर्ग र भौगोलिक क्षेत्रका जनतालाई केन्द्रित गरी राष्ट्रिय खाद्य सुरक्षा नीति तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ।
- गरिब र वन्चितीकरणमा परेका लक्षित समूहमा प्रवाह हुने कृषि ऋण सहुलियतपूर्ण ब्याजदरमा उपलब्ध गराइनेछ।
- कृषि अनुसन्धान र जनशक्तिको आवश्यकता पूर्ति सुनिश्चित गर्न कृषि एवं वन विश्वविद्यालय स्थापना गरिनेछ।

**सहकारी**

- सहकारी प्रणालीलाई मुलुकको आर्थिक, सामाजिक र साँस्कृतिक विकासको महत्वपूर्ण माध्यमको रूपमा विकास गर्न एकीकृत राष्ट्रिय सहकारी नीति र

क्षेत्रगत नीति  तर्जुमा गरी लागू गरिनेछ । सरकारी, सहकारी र निजी तीनवटै क्षेत्रमा सहकारी शिक्षाको विकास र विस्तार गरिनेछ ।

- सहकारी प्रणालीलाई सामुदायिक र ग्रामीण विकासको आधारशीलाको रूपमा विकास गर्न गराउन प्रोत्साहन गरी गरिबी निवारण सम्बन्धी राष्ट्रिय लक्ष्य र सहस्राब्दी लक्ष्य हासिल गर्ने माध्यमको रूपमा अपनाइनेछ ।
- सहकारीलाई ग्रामीण विकासमा संयोजनकारी भूमिका खेल्न सक्ने गरी पुनर्गठित तथा सुदृढ गरिनेछ ।
- कारोवार र व्यवसायको प्रकृति अनुसार सहकारी संघ संस्थाहरूको वर्गीकरण गरी विशिष्टीकरणको आधारमा संघ संस्था गठन गरिनेछ । युवा, विद्यार्थी, बालबालिका, महिला आदिको उपस्थिति र प्रतिनिधित्व सुनिश्चित गर्न विशेष प्रकारका सहकारी संस्थाहरू खोल्न प्रोत्साहन  गरिनेछ ।
- सरकारद्वारा संचालन गरिने विभिन्न स्थानीय विकास निर्माण, सामाजिक सेवा, उपभोग्य सामाग्री र कृषि सामग्रीहरूको बिक्री वितरण आदि जस्ता कार्यहरू सम्बन्धित विषय र क्षेत्रका सहकारी संघ संस्थाहरू मार्फत समेत गर्ने गराउने व्यवस्था मिलाईनेछ ।
- सहकारी संघ संस्थाहरूलाई आवश्यक पर्ने व्यवसायिक पूँजी आपूर्तिको लागि राष्ट्रिय सहकारी बैक मार्फत सहकारी संघ संस्थाहरूलाई सहुलियत पूर्ण व्यवसायिक ऋण तथा पुर्नकर्जा उपलव्ध गराइनेछ ।
- लघु वित्त, घरेलु तथा साना व्यावसाय र सहकारीलाई समन्वयात्मक रूपमा संचालन गर्ने संयन्त्रको निर्माण गरिनेछ ।

## भूमिसुधार

भूस्वामित्व र भूमिश्रोत उपयोग सम्बन्धी सूचना/तथ्यांकलाई नियमित रूपमा अद्यावधिक गर्न नसक्नु, भूमिहीनहरूको पुनःस्थापना कार्य जटिल हुनु, विद्यमान कानुनमा समय सापेक्ष सुधारको कमी हुनु र भूमिहीन तथा मुक्त कमैयाको बसोबास व्यवस्थित हुन नसक्नु प्रमुख चुनौती रहेका छन् । यी चुनौतीहरूको सामना गर्नका लागि दीर्घकालीन भूमि नीति र भू-उपयोग नीतिको निर्माण गरी भूमिको उत्पादकत्व वृद्धिमा योगदान पु-याउने, भूमिको न्यायोचित वितरणबाट भूमिहीन, अव्यवस्थित बसोवासी र मुक्त कमैयाहरूको पुनःस्थापनद्वारा गरिबी न्यूनीकरणमा योगदान पु्याउने उद्देश्य लिइनेछ । यी उद्देश्यहरू पूरा गर्न निम्न बमोजिमका नीतिहरू लिइनेछ :

- भूमिसुधारको कार्ययोजना मार्फत भूमिको उपयोगलाई व्यवस्थित तथा



बढी उत्पादनशील बनाइनेछ । सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधारको आधार तयार पारी भूमिसुधारका कार्यक्रम लागू गरिनेछ । कृषि मजदुर, मुक्त कमैया, दलित, आदिवासी जनजाति, मधेशी, महिला लगायतका भूमिहीन तथा सुकुम्बासीको भूमि र प्राकृतिक स्रोतहरूमा पहुँच बढाई भूमि अधिकार सुनिश्चित गरिनेछ ।

- प्रभावकारी जग्गा प्रशासन तथा न्यायोचित भूमि वितरण र चक्लाबन्दीलाई प्रोत्साहन दिई देशमा वैज्ञानिक कृषि प्रणाली लागू गर्न दीर्घकालीन भूमि नीति र भू उपयोग नीति तर्जुमा गरिनेछ ।
- भूमि व्यवस्थापनका क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नुका साथै नाप नक्सा तथा भौगोलिक सूचना उपलब्ध गर्न आधुनिक प्रविधि अवलम्बन गरी भूमि प्रशासन सेवालाई दक्ष र प्रभावकारी बनाइनेछ ।
- भूमिसम्बन्धी अभिलेखलाई आधुनिक, वैज्ञानिक एवं व्यवस्थित बनाई भू-स्वामित्व, भू-उपयोग र भूमिस्रोत तथ्यांक प्रणालीलाई सुदृढ बनाइनेछ । भू-सूचना प्रणालीको आधारमा पछाडि पारिएको क्षेत्र र समुदायमा राज्यले बढी लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।
- गुठी अन्तर्गतका जग्गा यकिन गरी व्यवस्थित गरिनेछ ।
- भूमिसम्बन्धी विवाद निराकरणका लागि ठोस कार्यक्रम लागू गरिनेछ ।

## वन

वनक्षेत्रको अतिक्रमण रोकी वन पैदावारको व्यवसायीकरण गर्नु तथा बहुमुल्य जडिबुटीको संरक्षण एवं उपयोग गरी समुच्च वनक्षेत्रको दिगो व्यवस्थापन गर्नु वन क्षेत्रको प्रमुख चुनौती हो । यसका लागि वन, वनस्पति, जलाधार र जैविक विविधताको दिगो व्यवस्थापनद्वारा सन्तुलित वातावरण कायम राख्नुको साथै वन पैदावारको आपूर्तिमा निरन्तरता दिने, वनजन्य उद्योग एवं व्यवसाय प्रवर्द्धनलाई बढावा दिई रोजगारीका अवसर सिर्जना गर्ने र आन्तरिक बजारको विकास एवं निर्यात प्रवर्द्धन गर्ने उद्देश्य पूरा गर्न निम्नबमोजिमका नीतिहरू अवलम्बन गरिनेछन् :

- वन क्षेत्रसित सम्बन्धित विकास तथा व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक कानुनी एवं प्रक्रियागत सुधार गरिनेछ ।
- वन तथा जलाधार क्षेत्रको दिगो विकासका लागि जनसहभागितामूलक पद्धति अपनाई वन, वनस्पति, जडिबुटी, भू तथा जलाधार, वातावरण, जैविक विविधताको दिगो व्यवस्थापनका साथै वन उद्यमहरूको विकासद्वारा स्थानीय उपभोक्ताहरूको आय आर्जनका अवसरहरू वृद्धि गरिनेछ ।

- सामुदायिक वन व्यवस्थापन लगायतका दिगो वन व्यवस्थापनका माध्यमबाट वन पैदावारको उत्पादन र आपूर्ति वृद्धि गरी न्यायोचित वितरण प्रक्रिया अपनाई विपन्न वर्गको पहुँच सुनिश्चित गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिले आर्जन गरेको आम्दानीको कम्तीमा ३५ प्रतिशत सोही क्षेत्रका दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग र महिला तथा गरिब परिवारहरूका उत्पादनमूलक कार्यमा लगानी गरिनेछ ।
- सामुदायिक वन लगायतका वन व्यवस्थापन कार्यमा आदिवासी जनजाति लगायतका स्थानीय वासिन्दाको पहुंचलाई सुनिश्चित गरिनेछ।
- सामुदायिक वन व्यवस्थापनको अनुगमनलाई प्रभावकारी वनाईनेछ।
- देशको कुल भुभाग मध्ये वनले ढाकेको कूल क्षेत्रफल यकिन गरिनेछ।
- जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि आवश्यक नीतिगत सुधार गरी कार्यक्रम लागू गरिनेछ।
- तराई क्षेत्रको वन सामुदायिक व्यवस्थापनमा दिँदा स्थानीय थारू जस्ता आदिवासी जनजाति र मधेशी (मुस्लिम र पिछडावर्ग समेत) लाई प्राथमिकता दिइनेछ ।
- वन पैदावार बिक्रीबाट प्राप्त राजश्व रकमको निश्चित प्रतिशत र खरिदकर्ताबाट समेत खरिद रकमको निश्चित प्रतिशत प्राप्त गरी वन विकास कोषको व्यवस्था गरिनेछ। कोषको रकमबाट समानुपातिक रूपमा वृक्षारोपण लगायतको दिगो वन व्यवस्थापन र गरिबी न्यूनीकरणका कार्यक्रमहरू संचालन गरिनेछ।
- गरिबीको रेखामुनि रहेका परिवारहरूको जीविकोपार्जनमा सुधार ल्याउन कबुलियती वन विकास कार्यक्रमलाई विस्तार गर्न खेर गैरहेका नदी उकास र खोला वा नदी किनाराको जग्गालाई संरक्षण र संबर्द्धन गर्दै सदुपयोग गरिनेछ।
- वन, कृषि, भू तथा जल संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरूलाई एकीकृतरूपमा संचालन गरिनेछ।
- सेती महाकाली, राप्ती र कर्णाली अञ्चललाई जडिबुटी क्षेत्र घोषणा गरी विशेष प्याकेज कार्यक्रम ल्याईनेछ।
- हिमाली क्षेत्रका जनतालाई जडिबुटी र वन्यजन्तु संरक्षण, व्यवस्थापन र सम्बर्द्धनका लागि विशेष कार्यक्रम ल्याईनेछ।



- पश्चिमी हिमाली क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरी त्यस क्षेत्रमा विशेष संरक्षण तथा सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- संरक्षित क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई वृद्धि गर्दै लगिनेछ।

**उद्योग**

नीतिगत, संस्थागत तथा आधारभूत संरचनाहरूको विकास गरी उद्योग क्षेत्रमा भएका सुरक्षा एवं औद्योगिक सुसम्बन्धको समस्या, जटिल कानुनी संरचना, आवश्यक भौतिक पूर्वाधारको कमी जस्ता चुनौतीहरूको सामना गर्न निम्नबमोजिमका नीतिहरू लिइएका छन् :

- औद्योगिक प्रवर्द्धनका क्षेत्रमा विद्यमान कानुन, नीति तथा संरचनाहरूमा आवश्यकता अनुसार परिमार्जन एवं सुधार गरिनेछ ।
- प्रतिस्पर्धा संस्कारको अभिवृद्धि, उद्यमशीलता विकास र उत्पादकत्व वृद्धिका कार्यक्रम लागू गरिनेछ ।
- औद्योगिक सुसम्बन्ध कायम गर्दै लगानी प्रवर्द्धन गर्न, उत्पादकत्व एवं प्रतिस्पर्धात्मक क्षमता बढाउन श्रमिक एवं उद्यमीको सुरक्षा हुने गरी लचिलो श्रम नीतिको विकास एवं कार्यान्वयन गरिनेछ ।
- उद्योग व्यवसाय एवं लगानी प्रवर्द्धनको लागि सरोकारवालाहरूको सहभागिता भएको बोर्ड अफ इन्भेष्टमेन्टको संरचनात्मक व्यवस्था गरिनेछ ।
- पुनःसञ्चालन योग्य रूग्ण उद्योगको पुनःस्थापन गर्ने नीति लिइने छ ।
- औद्योगिक प्रक्रियालाई अझै सरल, सहज, पारदर्शी, वैज्ञानिक र समयानुकूल बनाउन नयाँ औद्योगिक नीति कार्यान्वयनमा ल्याइनेछ ।
- लघु, घरेलु तथा साना उद्योगको विकास गर्दै देशमा औद्योगिकरणलाई बढावा दिन नीतिगत व्यवस्था गरिनेछ ।
- विशेष आर्थिक क्षेत्रको अवधारणालाई जोड दिइनेछ ।
- उद्यमशीलता विकास एवं आयमूलक रोजगारी अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी द्वन्द्व प्रभावित, महिला, दलित, आदिवासी जनजाति र पछाडि परेका जन समुदायलाई लघु उद्यममा सहभागी गराइनेछ ।
- पेट्रोलियम पदार्थ लगायत खानी तथा खनिज पदार्थको सम्भाव्यता अध्ययनलाई निरन्तरता दिइनेछ ।

## वाणिज्य

तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीजन्य उत्पादनहरूको पहिचान गरी नेपाली उत्पादनलाई विश्व बजारमा स्थापित गर्ने कार्य चुनौतीको रूपमा रहेकोछ । विश्व व्यापार संगठनले खुला गरेको सेवा क्षेत्रबाट समेत लाभ लिई स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी व्यापारको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्य पूरा गर्न निम्नवमोजिमका नीतिहरू लिइएका छन् :

- उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने एवं आपूर्ति पक्षलाई सवल तुल्याउनको लागि वाणिज्य क्षेत्रको विकास गरिनेछ ।
- आन्तरिक एवं वैदेशिक व्यापारका नीतिगत सुधारका कार्यहरूलाई निरन्तरता दिइनेछ ।
- दुई विशाल छिमेकी अर्थतन्त्रहरूको विस्तारबाट प्राप्त हुने अवसरहरूलाई औद्योगिक तथा वाणिज्य विकासको माध्यमबाट उपयोग गरिनेछ ।
- उत्तर–दक्षिण मार्ग खोलेर अन्तरराष्ट्रिय व्यापार विस्तार गरिनेछ ।
- संस्थागत सुधारका साथै व्यापारको क्षेत्रमा क्षमता अभिवृद्धि तथा दक्ष जनशक्तिको विकास गरिनेछ ।
- आवश्यक वस्तु तथा सेवाहरूको आयात गर्दा निर्यात व्यापारलाई समेत सहयोग पुग्ने गरी आयात नीतिको उपयोग गरिनेछ ।
- व्यापार सम्बन्धी भौतिक संरचना र पूर्वाधारको विकास गरिनेछ ।
- गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरूको आयातलाई रोक्न प्रभावकारी व्यवस्था गरिनेछ ।
- नेपालमा भएको ज्ञान एवं सीपलाई अन्तरराष्ट्रिय रूपमा नै बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्ने प्रभावकारी नीति लिइनेछ ।
- निकासी व्यापार बढाउन आर्थिक कूटनीतिको उपयोग गरिनेछ ।
- तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीजन्य उत्पादनहरूको पहिचान, विकास र बजार विविधीकरण गरिनेछ ।
- निकासी व्यापारको पृष्ठ र अग्र सम्बन्ध विस्तार गरिनेछ ।
- व्यापार सहजीकरणका कार्यहरू (जस्तै व्यापार भुक्तानी प्रणालीको सुधार, भन्सार प्रक्रियाको सरलीकरण, पारवहन र गुणस्तर प्रमाणीकरण) सम्बन्धी प्रक्रियाका आधार एवं नीति नियमहरूलाई व्यापार साझेदार मुलुकहरू ( भारत, चीन, आदि) सँग मेल खाने किसिमले सुधार गरिनेछ ।



## आपूर्ति

आपूर्ति व्यवस्थालाई माग अनुसार सरल, सहज र गुणस्तरीय बनाउनु आपूर्ति क्षेत्रको मुख्य चुनौती हो । यो चुनौती सामना गरी आपूर्ति व्यवस्था प्रभावकारी बनाउन निम्नबमोजिमका नीतिहरू अवलम्बन गरिनेछन् :

- दुर्गम जिल्लाहरूमा नून, चिनी, मट्टितेल जस्ता अत्यावश्यक वस्तुहरूको एकीकृत आपूर्ति व्यवस्था मिलाउन सम्बद्ध संस्थाहरूबीच समन्वय कायम गरिनेछ ।
- कर्णाली क्षेत्रलगायतका दुर्गम क्षेत्रहरूमा खाद्य समस्याको स्थायी समाधानका लागि त्यहाँ उत्पादन हुने कृषि वस्तुको उत्पादन एवं व्यापारलाई बढावा दिँदै खाद्य सुरक्षा विकास गरिनेछ ।
- पेट्रोलियम पदार्थको व्यापार सम्बन्धी स्पष्ट नीति ल्याइनेछ ।
- खाद्य सुरक्षा र खाद्यान्न संकट व्यवस्थापनको लागि खाद्य सुरक्षा भण्डारमा न्यूनतम मौज्दात राख्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।
- एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ ।
- विभिन्न उपभोग्य वस्तुहरूमा दिइएको अनुदान नीति पुनरावलोकन गरिनेछ ।
- उपभोग्य वस्तुहरूको आपूर्ति व्यवस्थालाई सहज र भरपर्दो बनाइनेछ ।
- आपूर्ति विविधिकरणका लागि चीन र दक्षिण-पूर्व एसिया क्षेत्रबीचमा ट्रान्जिट कोरिडर खोलिनेछ ।

## पर्यटन

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हवाइ सेवा र शहरी तथा ग्रामीण पर्यटकीय स्थलहरूको विकास गरी बाह्य र आन्तरिक पर्यटन प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउनु चुनौतीपूर्ण रहेकोछ । यसका लागि निम्नलिखित नीतिहरू अवलम्बन गरिनेछन् :

- नयाँ पर्यटन क्षेत्र र वस्तुहरूको पहिचान र विकास गरी पर्यटन क्षेत्रबाट क्षेत्रीय सन्तुलन र समावेशी अवधारणाको आधारमा रोजगारी र आर्थिक क्रियाकलापमा अभिवृद्धि गरिनेछ ।
- पर्यटन उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा लिँदै पर्यटन उद्योगलाई कम्तिमा अन्य उद्योगले पाएसरहको सुविधा उपलव्ध गराइनेछ ।

- प्राकृतिक सौन्दर्य एवं जैविक विविधताको उपयोग गरी पर्यटन विकासका सम्भावना भएका क्षेत्रको विकास गरिनेछ ।
- पर्यटन व्यवसायमा स्थानीय सहभागिता बढाइ गरिबी निवारणमा सघाउ पुऱ्याइनेछ ।
- धार्मिक, खेलकुद, बैठक, कन्फरेन्स सेमिनार र समारोहहरू स्वास्थ्य, शिक्षा आदिमा आधारित नयाँ पर्यटकीय वस्तुहरूको विकास गरी पर्यटन उद्योगको विस्तार गरिनेछ ।
- पर्यटन व्यवसायको लाभ ग्रामीण जनता सम्म पुर्याई गरिबी निवारणमा सहयोग पुऱ्याउन ग्रामीण पर्यटनलाई बढावा दिइने छ ।
- वनस्पति एवं वन्यजन्तुमा आधारित पर्यटनको सम्भावनालाई दृष्टिगत गर्दै संरक्षणलाई बढावा दिने र संरक्षणमा आधारित पर्यटनको विकास गरिनेछ ।
- पर्यटन आगमन एवं निर्यात आयात व्यापार समेतलाई ध्यान दिंदै दोश्रो अन्तराष्ट्रिय विमानस्थल निर्माणको कार्य शुरू गरिनेछ । साथै आवश्यकता अनुसार क्षेत्रीय विमानस्थलहरको विकास गरिनेछ ।
- द्वन्दबाट क्षतिग्रस्त विमानस्थलहरू पुनःनिर्माण गरिनेछ ।
- अन्तर्राष्ट्रिय हवाई सेवा सम्बन्धलाई विस्तार गरिनेछ र राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सुदृढ गरिनेछ ।
- ठूला तालहरूमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विमानस्थलकै रूपमा प्रयोगमा ल्याउने जस्ता नयाँ सोच र प्रविधि प्रवर्द्धन गर्न प्राविधिक संभाव्यता अध्ययन गरिनेछ ।
- पर्यटनलाई बढावा मिल्ने गरी सडक, विमानस्थल, रेलवे लगायत पूर्वाधारको विकास गरिनेछ ।
- विदेशस्थित नेपाली कूटनैतिक नियोगहरूलाई पर्यटन प्रवर्द्धनका लागि परिचालन गरिनेछ ।
- कुनै खास पर्यटन क्षेत्रको आम्दानीको निश्चित अंश  त्यस क्षेत्रको विकासमा उपयोग गर्ने व्यवस्था गरिनेछ ।

**संस्कृति**

नेपालको साँस्कृतिक, धार्मिक र पुरातात्विक धरोहरहरूको संरक्षण सम्वर्द्धन गर्न निम्न नीतिहरू अवलम्वन गरिनेछ :

- नेपालका साँस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गरी नेपालको विशिष्ट पहिचानलाई कायम राखिनेछ । विश्व सम्पदा सूचीमा परेका स्थलहरू तथा महत्वपूर्ण पुरातात्विक महत्वका स्थल तथा संरचनाको संरक्षणका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- रूढीवादी संस्कृतिलाई प्रतिस्थापन गर्दै लोकतान्त्रिक संस्कृतिको विकास गरिनेछ ।
- उपेक्षित अवस्थामा रहेका भाषा, साहित्य, कला, परम्परागत ज्ञान, सीप र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकास गरी राष्ट्रिय पहिचानको सुदृढीकरण गरिनेछ ।
- धर्मनिरपेक्षताको मर्म अनुरूप कानुन, नियम र नीतिमा परिवर्तन, सुधार र परिमार्जन गर्दै लगिनेछ ।
- मुलुकभरिका भौतिक र अभौतिक साँस्कृतिक सम्पदाहरूको अध्ययन गरी तिनको विवरण संहिताबद्ध गरिनेछ ।
- देशमा विद्यमान भाषा, साहित्य, कला, संगीत लगायत समग्र संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।

**श्रम**

श्रम बजारमा भएको परिवर्तन अनुसार कानुनी प्रावधानहरू समय सापेक्ष हुन सकेका छैनन् । श्रमिक र उद्योगीबीच औद्योगिक सम्बन्धमा अपेक्षित सुधार हुन सकेको छैन । यसर्थ, कामदार तथा कर्मचारीहरूको आधारभूत हक अधिकारको सुरक्षाका लागि रोजगारीलाई मौलिक अधिकारको रूपमा स्थापित गर्नुका साथै स्वदेशी तथा अन्तर्राष्ट्रिय श्रमबजारमा रोजगार एवं स्वरोजगारलाई प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप निम्न बमोजिमका नीतिहरू अख्तियार गरिनेछ :

- स्वदेशी र वैदेशिक रोजगारलाई भरपर्दो, सुरक्षित बनाउनका लागि विद्यमान कानुनी र संस्थागत प्रावधानहरूमा सुधार गर्नुका साथै वैदेशिक रोजगारीमा गएका नेपालीको हित संरक्षणका लागि कूटनैतिक संयन्त्र विकसित गरिनेछ । आवश्यक सीप, तालिम र महिलामैत्री कानुनी प्रावधानहरूको व्यवस्था गरी महिलाहरूका लागि स्वदेश र विदेशमा रोजगारीका अवसरहरूमा वृद्धि गरिनेछ ।
- दलित, आदिवासी जनजाति, मधेशी समुदाय, श्रमजीवी, गरीब किसान, अपाङ्ग, मुक्त कमैया, सुकुम्बासी र अन्य सीमान्तीकृत समुदायका व्यक्तिहरूलाई उपयुक्त सीप प्रदान गरी आत्मनिर्भर हुने अवसर सिर्जना गरिनेछ ।
- श्रमिकहरूको हक हित, सुरक्षा सुनिश्चित गरी कामदार कर्मचारी तथा

व्यवस्थापनबीच सुसम्बन्ध अभिवृद्धि एवं औद्योगिक शान्ति कायम गर्न आवश्यक संयन्त्रहरू तयार गरिनेछ ।

- कृषि, चिया बगान, यातायात, निर्माण, गलैंचा, इँटाभट्टा, रेस्टुरेण्ट, घरेलुलगायतका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमशक्तिको पहिचान र तिनको हित संरक्षण गर्ने गरी कानूनी व्यवस्था गरिनेछ ।
- वैदेशिक श्रम बजारको पहिचान गरी रोजगारीका लागि प्राप्त अवसरको अधिकतम सदुपयोग गर्न कानुनी, प्राविधिक तथा व्यावहारिक तालिम उपलब्ध गराइनेछ ।
- विदेशी श्रमिकहरूलाई प्रतिस्थापन गर्दै लैजाने नीति लिइनेछ ।
- आन्तरिक तथा बाह्य श्रम सम्बन्धी व्यवस्थापनका लागि छुट्टाछुट्टै संस्थागत व्यवस्था गरिनेछ ।
- श्रम आयोग र श्रम न्यायाधीकरण गठन गरिनेछ ।
- कामदार वा कर्मचारीहरूका लागि सामाजिक सुरक्षाका प्रावधानहरूको विकास गर्दै लगिनेछ र कार्यसम्पादनका क्रममा हुने दुर्घटना लगायतका जोखिम व्यवस्थापन गर्न एक छुट्टै कोषको व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारमा जानेहरूका लागि पूर्ण करार अवधिभरका लागि दुर्घटना र जीवन बीमाको व्यवस्था गरिनेछ ।
- निश्चित संख्याभन्दा बढी कामदारहरू रोजगारका लागि गएका मुलुकहरूसँग श्रम सम्झौता गरिनेछ ।
- बेरोजगारको पहिचान गरी क्रमशः न्यूनतम रोजगारी प्रत्याभूति दिने नीति अवलम्बन गरिनेछ ।
- श्रमशक्तिको स्थिति यकिन गर्न श्रमशक्ति सर्भेक्षण गरिनेछ ।

## *१२.५ सामाजिक क्षेत्र*

**शिक्षा**

शिक्षा क्षेत्रमा न्यूनतम आधारभूत भौतिक तथा शैक्षिक पूर्वाधार उपलब्ध नहुनु, शिक्षकहरूको गुणस्तर र वृत्ति विकासबीच समन्वय नहुनु जस्ता चुनौतीहरू छन् । यस अवस्थालाई मनन् गरी मुलुकका सवै नागरिकलाई क्रमशः साक्षर वनाउने र गुणस्तरयुक्त तथा रोजगारीमूलक शिक्षा प्रदान गर्ने उद्देश्य पूरा गर्न निम्न बमोजिमका प्रमुख नीतिहरू लिइनेछन् :

- प्रत्येक नागरिकका लागि माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने अधिकार स्थापित गर्दै लगिनेछ ।



- प्राथमिकदेखि उच्चशिक्षासम्म शिक्षाको संरचनामा सुधार गर्दै गुणस्तर वृद्धि गर्नुका साथै यो कार्यमा स्थानीय निकायको योगदान र भूमिका समेत बढाएर शिक्षालाई समावेसी बनाइ महिला, दलित, आदिवासी जनजाति, मधेशी, द्वन्द्व प्रभावित तथा विस्थापित, अपाङ्गलगायत आम जनताको पहुँच वढाइनेछ ।
- साक्षरता कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्न सम्वद्ध संस्थाहरू वीचमा समन्वय गरी घुम्ती सहजकर्ताको व्यवस्था गरिनेछ । शैक्षिक रूपले पछाडि पारिएका दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्ग, द्वन्द्व प्रभावित तथा विस्थापित, महिला र विपन्न समुदायलाई विशेष रूपमा लक्षित गरी गैसस, स्थानीय निकाय, विद्यालय तथा निजी क्षेत्रको संलग्नतामा साक्षरता कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षाको अन्तिम विन्दुको रूपमा १२ कक्षालाई कायम गरी गुणस्तर बढाउन शिक्षक दरवन्दी र तालिम तथा सुबिधाहरू थपिनेछन् । यो तहसम्म लक्षित समूहका बालबालिकाहरूको पहुँच बढाउन छात्रवृत्तिलगायत प्रोत्साहनका उपायहरू अपनाइनेछ । उच्च शिक्षामा पहुंच बढाउनका लागि खुला विश्वविद्यालय खोल्न र पछि परेका लिंग, वर्ग र क्षेत्रलाई अवसर मिल्ने गरी छात्रवृत्ति तथा सहुलियतपूर्ण विद्यार्थी कर्जा कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।
- प्राविधिक तथा व्यावसायिक तालिमलाई अझ व्यवस्थित तथा विस्तृत गर्नुका साथै शैक्षिक अवसरको विस्तारका लागि सीपमूलक व्यावसायिक एवं प्राविधिक शिक्षालाई प्रवर्द्धन गर्न विद्यालयस्तरदेखि उच्च शिक्षण संस्थाहरू (प्रौद्योगिक विश्वविद्यालय समेत) को विस्तारमा जोड दिइनेछ ।
- एक विकास क्षेत्र एक विश्वविद्यालयको अवधारणा अपनाउनुका साथै विश्वविद्यालय खोल्न समेत प्रोत्साहित गरिनेछ ।
- विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको पहल गरिनेछ ।
- महिलाहरूको सहभागिता बढाउँदै आधारभूत बाल विकास, ECD तथा पूर्व प्राथमिक विद्यालय कार्यक्रमलाई विस्तार गरिनेछ ।
- एक गाउँमा कम्तीमा एक विद्यालयको अवधारणा लागू गरिनेछ ।
- विद्यालयमा दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग तथा महिला शिक्षकको अनुपात बढाउँदै लगी रिक्त दरवन्दीमा तिनलाई प्राथमिकता दिइनेछ ।

- सार्वजनिक-निजी साझेदारीअनुरूप र स्थानीय निकाय तथा समुदायको सहभागिताको प्रतिरूप अपनाई शिक्षण संस्थाको व्यवस्थापन गरिनेछ ।
- शिक्षा क्षेत्रलाई विशेष स्रोत जुटाउन शिक्षा विकास कोष तयार गरी लागू गरिनेछ ।
- शैक्षिक विकासमा निजी क्षेत्रको संलग्नताको महत्त्वलाई दृष्टिगत गरी सो क्षेत्रलाई प्रोत्साहन गर्न विभिन्न सुविधा, सहुलियत र संरक्षण प्रदान र अनुगमन गर्ने नीति लिइनेछ । साथै, निजी क्षेत्रले निश्चित प्रतिशत छात्रवृत्ति विपन्न एवं वञ्चितीकरणमा पारिएका छात्रछात्रालाई प्रतिस्पर्धात्मक एवं पारदर्शी प्रक्रियाबाट छनौट गरी दिनुपर्ने व्यवस्था प्रभावकारी रूपमा लागू गरिनेछ ।
- बालबालिकालाई मातृभाषाको माध्यमबाट शिक्षा दिनुका साथै शिक्षामा त्रयभाषिक नीति अवलम्बन गरिनेछ ।
- मदरसा र गुम्बाका साथै आश्रम शिक्षालाई शैक्षिक प्रणालीको मूलधारमा ल्याइनेछ ।
- अन्तर्राष्ट्रियस्तरमा पदक पाउने खेलाडीहरूलाई नगद पुरस्कार र रोजगारीको व्यवस्था गरिनेछ ।

**स्वास्थ्य**

आम नेपाली जनतालाई सहज रूपबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापनको विकेन्द्रीकरण प्रभावकारी बनाउनु चुनौतीपूर्ण रहेकोछ । यसर्थ सामाजिक समावेशीकरणको अवधारणा अनुरूप विभिन्न क्षेत्र, वर्ग, लिङ्ग, जातजाति, धर्म, राजनीतिक आस्था, आर्थिक तथा सामाजिक अवस्था अनुसार कुनै भेदभाव विना गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउने नेपाली नागरिकको नैसर्गिक अधिकारलाई प्रत्याभूति गर्ने अन्तरिम संविधान, २०६३ को मर्म, भावना र प्रतिवद्धताअनुरूप निम्न बमोजिमका प्रमुख नीतिहरू अवलम्बन गरिएका छन् :

- प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने अधिकारलाई स्थापित गर्दै लगिनेछ । सामाजिक, आर्थिक रूपले विपन्न व्यक्ति, महिला, आदिवासी जनजाति र दलित समुदाय तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सम्बर्द्धनलाई विशेष प्राथमिकता दिइनेछ ।
- जनस्वास्थ्यसँग सम्वन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरू प्राथमिक स्वास्थ्य सेवाको



सिद्धान्तअनुसार सञ्चालन गरिनेछ । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरी सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्न योगदान पुर्‍याइनेछ ।

- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच वढाउनका लागि सरकारी, निजी तथा गैरसरकारी निकायहरूबाट एकीकृत रूपमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको क्षेत्रमा हाल कार्यान्वयनमा नपरेका अन्य महत्वपूर्ण कार्यक्रम (जस्तै शहरी स्वास्थ्य, वृद्धवृद्धाहरूको स्वास्थ्य आदि) लाई प्राथमिकताको आधारमा लागू गरिनेछ ।
- स्वास्थ्य सेवाबाट बन्चित व्यक्ति, समुदाय (आदीवासी जनजाती, दलित, अपाङ्ग, मधेसी), लिङ्ग, वर्ग र क्षेत्रलाई लक्षित गरी स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रम ल्याइनेछ ।
- अस्पताल र स्वास्थ्य संस्थाको सेवामा सुधारका साथै विकेन्द्रीकरणको अवधारणाअनुरूप जिल्ला स्वास्थ्य प्रणालीलाई एकीकृत पद्दतिअन्तर्गत सञ्चालन गरी प्रेषण प्रणालीको विकास गरिनेछ ।
- स्वास्थ्यकर्मीहरूको दरवन्दी पुनरावलोकन गरी आवश्यकता अनुसार दरवन्दी थप गरिनेछ र स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने औषधि उपकरण तथा अन्य उपयुक्त सुविधाको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूको स्थापना तथा संचालनमा सरकारी-निजी नीति स्पष्ट तथा प्रभावकारी बनाइनेछ । साथै, स्वास्थ्य क्षेत्रमा निजी, सरकारी तथा गैरसरकारी क्षेत्रको साझेदारीबाट प्रदान गरिएको स्वास्थ्य सेवाको गुणस्तरमा अभिवृद्धि गर्न मानवीय, वित्तीय तथा भौतिक स्रोत साधनको प्रभावकारी ढंगबाट व्यवस्थापन गरिनेछ ।
- सामुदायिक अस्पतालहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- नयाँ मेडिकल कलेज स्थापनाको स्वीकृति प्रदान गर्दा हाल मेडिकल कलेज नभएका क्षेत्रलाई प्राथमिकता दिइनेछ ।
- शिक्षण अस्पतालहरूमा भएको निःशुल्क वेडको व्यवस्थालाई छिमेकी जिल्लाहरूलाई समेत फाइदा पुग्ने गरी नीतिगत व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य (प्रजनन् स्वास्थ्य आदि) र बाल स्वास्थ्य (खोप, पोषण आदि) मा थप जोड दिइनेछ ।

- नयाँ देखापरेका संक्रमणहरू (जस्तै बर्डफ्लु, डेङ्गु,) लगायत सवै प्रकारका संक्रामक रोगहरूका साथै वढ्दो जीवन शैलीसँग सम्वन्धित असंक्रामक रोगहरूको उपचार सेवा प्रभावकारी बनाइनेछ ।
- लागू पदार्थ दुर्व्यसन तथा HIV/AIDS रोकथाम तथा आवश्यक पुनःस्थापनमा विशेष जोड दिइनेछ ।
- सामुदायिक औषधि कार्यक्रमको सफलतालाई ध्यानमा राखी सामुदायिक तथा सहकारी क्लिनिक सेवालाई प्रोत्साहन गरिनेछ ।
- घुम्ती स्वास्थ्य शिविर विषयगत (सर्जरी, स्त्री रोग, आदि) रूपमा संचालन गरिनेछ । यस सेवालाई लागत प्रभावको आधारमा लगिनेछ ।
- स्वास्थ्य बिमाको कार्यक्रमलाई विस्तार गरी व्यवस्थित गरिनेछ । स्थानीय निकायहरूको समेत सहभागितामा हरेक घरपरिवारलाई स्वास्थ्य बिमा संजाल भित्र ल्याउन प्रयास गरिनेछ ।
- प्राकृतिक र आर्युवेदिक चिकित्सा पद्धतिलाई आधुनिक चिकित्सा पद्धतिको पूरकका रूपमा विकास गर्नुका साथै अन्य वैकल्पिक स्वास्थ्य सेवाको विकास एवं विस्तार गरिनेछ । यस प्रक्रियामा स्थानीय तथा परम्परागत ज्ञानलाई समेत प्रोत्साहन तथा प्रयोग गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको व्यवस्थापनमा व्यापक सुधार गरी स्वास्थ्य सेवालाई प्रभावकारी, जनमुखी र चुस्त बनाउन स्वास्थ्य विज्ञान शिक्षा, चिकित्सा एवम् जनस्वास्थ्य सेवा बीचको अन्तरसम्बन्धलाई सुदृढ गर्दै लगिनेछ ।
- सदरमुकाम वा निर्वाचन क्षेत्रका स्वास्थ्य संस्थाहरूलाई जनसंख्याको चाप र दूरीको हिसाबले आवश्यक भएमा स्थानान्तरण गरिनेछ ।
- गा.वि.स. को स्थान र जनसंख्याको चाप अनुसार उप-स्वास्थ्य चौकीहरूलाई स्वास्थ्य चौकीमा स्तरवृद्धि गरिँदै लगिनेछ ।
- टेलिमेडिसिन सेवाको स्थापना तथा विस्तारलाई प्राथमिकता दिइनेछ ।
- उच्च आय भएका अस्पतालहरूको पुनरावलोकन गरी स्वायत्तता दिने र त्यहाँ प्रदान गरिँदै आएको स्रोतलाई पिछडिएको क्षेत्रमा प्रवाह गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्वास्थ्यमा अनुसन्धान प्रणालीको विकास तथा विस्तार गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।
- सरकारी छात्रवृत्तिमा एमबीबीएस उत्तीर्ण गरेपछि (चिकित्सक) नेपाल मेडिकल काउन्सिलले प्रमाणित गर्नु अघि प्राथमिक स्वास्थ्य केन्द्र वा जिल्ला, अञ्चल वा क्षेत्रीय अस्पतालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले



खटाएको ठाउमा कम्तीमा २ वर्षसम्म सेवा गनुपर्ने नीति प्रभावकारी बनाइनेछ ।

**जनसंख्या**

मुलुकको जनसंख्याको वार्षिक वृद्धिदर कम गरी जनसांख्यिक सन्तुलन कायम गर्नु चुनौतीको रूपमा रहेको छ । साथै शहरी क्षेत्रमा कुल प्रजनन् दर घट्दै गएपनि ग्रामीण क्षेत्रमा यो अझै पनि उच्च रहेको छ । जनसंख्याको व्यवस्थापन सुदृढ गर्न निम्नबमोजिमका नीतिहरू अवलम्बन गरिएका छन् :

- नेपालको जनसंख्या नीतिलाई गरिबी र भोकलाई निर्मूल पार्ने लक्ष्यसँग घनीभूत रूपले जोडी जनसंख्या व्यवस्थापनका कार्यक्रमलाई विकासका सबै कार्यक्रमहरूसँग आवद्ध गरी एकीकृत रूपमा सञ्चालन गरिनेछ ।
- सानो परिवारको अवधारणालाई अगाडि बढाई जनसंख्या वृद्धि दर घटाउने उपायहरू अवलम्बन गरिनेछ ।
- बसाइ सराई प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

**खानेपानी तथा सरसफाइ**

पानीको परम्परागत स्रोत उपलब्ध नभएका स्थानमा खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउनु र खानेपानीको गुणस्तरको अभिवृद्धि गर्नु यस क्षेत्रको प्रमुख चुनौतीको रूपमा रहेको छ । दिगो खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराइ जनस्वास्थ्यमा सुधार गर्न निम्नबमोजिमका नीतिहरू अवलम्वन गरिनेछन् :

- खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ । खानेपानी आयोजनालाई लैङ्गिकमैत्री बनाइनेछ ।
- खानेपानीको पुरक स्रोतका रूपमा वर्षातको पानी सङ्कलन जस्ता नयाँ प्रविधिको प्रयोगलाई बढावा दिइनेछ ।
- शहरी क्षेत्रमा लागत असूली तथा ग्रामीण क्षेत्रमा खर्च व्यहोर्न सक्ने क्षमताको आधारमा खानेपानी सेवा विस्तार गरिनेछ ।
- सरसफाइ कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रूपमा सञ्चालन गरिनेछ । ग्रामीण क्षेत्रमा उपयुक्त प्रविधिको शौचालय र शहरी तथा नगरोन्मुख क्षेत्रमा प्रशोधन प्रणाली सहितको ढल निर्माण गरी सरसफाइ सुविधा विस्तार गरिनेछ । जसका निम्ति केन्द्रदेखि स्थानीयतहसम्म संस्थागत रूपमा महिलालाई सहभागी गराइनेछ ।

**लैङ्गिक मूलप्रवाहीकरण, महिला विकास तथा सशक्तीकरण**

महिला विकास र सशक्तीकरणको क्षेत्रमा श्रोत तथा साधनको कम विनियोजनका साथै बजेटको लैङ्गिक विश्लेषण कार्य प्रभावकारी हुन सकेको छैन। महिलाहरूलाई विकास प्रक्रियामा समानुपातिक रूपमा आवद्ध गर्न सकिएको छैन। यसर्थ, लैङ्गिक समता एवं समानतामा आधारित समावेशी समाजको स्थापनामा सहयोग पुऱ्याउन निम्न बमोजिमका प्रमुख नीतिहरू अवलम्बन गरिएका छन्:

- कानुनी, नीतिगत तथा संस्थागत सुधार गरी सम्पूर्ण राज्य संयन्त्रमा जातीय संरचनाको आधारमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिनेछ। महिला सहभागितालाई समानुपातिक बनाउन महिला भित्रको विविधतालाई ध्यान दिइनेछ।
- राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धतालाई कार्यान्वयन गर्न सबै विभेदकारी कानूनहरू हटाइनेछ।
- लैङ्गिक विषयसम्बन्धी नीति तथा कार्यक्रमहरूलाई एकीकृत रूपमा अघि बढाउन लैङ्गिक व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ। साथै लैंगिक बजेट, लैगिक अनुगमन र लैंगिक लेखा परीक्षण प्रणालीलाई संस्थागत गर्दै समष्टिगत आर्थिक रूपरेखा लगायतका क्षेत्रहरूमा लैङ्गिक मूलप्रवाहीकरण गरिनेछ।
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि प्राकृतिक स्रोत माथि उनीहरूको पहुँच र नियन्त्रण सुनिश्चित गरिनेछ।
- राष्ट्रिय महिला आयोगलाई स्वायत्त एवम् सुदृढ गरिनेछ।
- द्वन्द्वप्रभावित, विस्थापित, हिंसा पीडित, एकल महिला एवं अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण तथा सामाजिक सुरक्षा एवं पुनःस्थापनाका लागि गैरसरकारी क्षेत्र समेतको सहकार्यमा पुनस्थापना केन्द्रहरूको स्थापना गर्नुका साथै विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- महिलासँग सम्बन्धित सबै सामाजिक कुरीति हटाइनेछ।
- महिलाहरूको क्षमता अभिवृद्धिको लागि आधुनिक सीप तथा तालिमलगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

**बालबालिका**

बाल अधिकार संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कानुनी, संस्थागत, नीतिगत र कार्यगत प्रयासहरू प्रभावकारी हुन नसकेका सन्दर्भमा बालमैत्री वातावरण प्रवर्द्धन र बालबालिका विरुद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार र भेदभावको



अन्त्य गरी बाल अधिकार सुनिश्चित गर्न निम्नानुसारका प्रमुख नीतिहरू अवलम्बन गरिनेछन् :

- उमेरका आधारमा बालबालिकाको परिभाषा गर्नुका साथै बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था गरिनेछ।
- विद्यालयलगायत बालबालिका क्रियाशील रहने क्षेत्रलाई सुरक्षित एवम् शान्तिपूर्ण बनाइनेछ।
- द्वन्द्वबाट प्रभावित तथा कठीन परिस्थितिका बालबालिकाका लागि मनोसामाजिक परामर्श र पुनःस्थापनाको नीति लिइनेछ। साथै स्थायी बालकोषको स्थापना गर्ने नीति लिइनेछ।
- जिल्ला बाल कल्याण समितिहरूलाई जिल्ला विकास समिति अन्तर्गत राखी सुदृढीकरण गरिनेछ।

**अपाङ्गता भएका व्यक्तिहरू**

अपाङ्ग मैत्री कानुन, नीति तथा कार्यक्रमहरूको कमी छ र विकास प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता न्यून छ। यस सन्दर्भमा अपाङ्गहरूमा स्वावलम्बन प्रवर्द्धन गर्ने र उनीहरूको अधिकार सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ। तसर्थ, कानुनी, संस्थागत र नीतिगत पूर्वाधारहरू तयार गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो प्रतिभा र सम्भावनाको विकास गर्ने एवं स्वतन्त्र र मर्यादित जीवन यापनका अवसरहरू सिर्जना गर्ने उद्देश्य हासिल गर्न निम्न प्रमुख नीतिहरू अख्तियार गरिनेछन् :

- अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार र सशक्तीकरणका दृष्टिकोणले सम्बद्ध कानुन तथा नीतिहरूको पुनरावलोकन एवं परिमार्जन गरी अपाङ्गमैत्री बनाईनेछ।
- विश्वव्यापी मापदण्ड अनुरूप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरू अपाङ्ग मैत्री बनाइनेछ।
- सामाजिक आर्थिक पूर्वाधारहरूको विकास गरी अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वतन्त्र, स्वाबलम्वी र मर्यादित जीवनयापनका अवसरहरूको सिर्जना गरिनेछ।
- सबै क्षेत्रगत नीति तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार, र सरोकारका विषयहरूलाई मूलप्रवाहीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

- द्वन्द्वको कारणले अपाङ्ग भएकाहरूको पुनःस्थापनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, द्वन्द पीडित अपाङ्ग महिला र शारीरिक तथा मानसिक रूपमा असक्त महिलाहरूका लागि विशेष कार्यक्रमहरू ल्याइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि अपाङ्गहरूका संस्थाहरू तथा सरकारी एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ गरिनेछ।
- अपाङ्गताको रोकथाम र अपाङ्गता भएका व्यक्तिहरूको विकास कार्यमा जोड दिइनेछ।

**युवा**

सबै नेपाली युवाहरूलाई आफ्नो क्षमता र प्रतिभाको विकास गर्ने अवसर प्रदान गर्दै राष्ट्रको पुनःनिर्माण र सामाजिक आर्थिक रूपान्तरणमा सकृय बनाउन निम्न प्रमुख नीतिहरू अवलम्वन गरिनेछन् :

- अन्तर्राष्ट्रिय मान्यता अनुरूप युवाहरूको परिभाषा सहित अन्तरिम संविधानमा युवा सम्बन्धी भएको विशेष व्यवस्था अनुरूप राष्ट्रिय युवा नीति ल्याइनेछ।
- सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरूलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ।
- विकास निर्माणको कार्यमा युवाहरूको रचनात्मक सहभागिता बढाउन आवश्यक संस्थागत संयन्त्रहरूको विकास गरिनेछ। सामाजिक संरचनाको पुनःनिर्माणमा युवा परिचालन गरिनेछ।
- युवाहरूका समस्या सम्बोधनका लागि युवा परामर्श सेवा, स्रोत केन्द्र लगायत अन्य आवश्यक संयन्त्रको विकास गरिनेछ।
- युवाहरूको शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिइनेछ र युवाहरूलाई स्वदेशमै आफ्नो भविष्य छ भन्ने भावना जागृत गराउन एवं आफ्नो श्रम र सीपको सदुपयोग गर्न प्रोत्साहन दिने नीति लिइनेछ।
- बेरोजगारहरूको लगत तयार गरिनेछ र स्वदेशमै रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना हुने वातावरण तयार गरिनेछ।
- युवाहरूको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि खेलकूदमा सहभागी हुन प्रेरित गरिनेछ।



**ज्येष्ठ नागरिक**

जनसंख्या दिन प्रतिदिन बढीरहेको र संयुक्त परिवार प्रथामा क्रमशः विचलन आईरहेको वर्तमान अवस्थामा ज्येष्ठ नागरिकहरूका आवश्यकतालाई सम्बोधन गर्ने संस्थागत, कार्यक्रमगत पहल प्रभावकारी र यथेष्ट हुन सकेको छैन। साथै उनीहरूको सीप, ज्ञान र अनुभवको उपयोग पनि यथोचित रूपमा हुन सकेको छैन। त्यसैले ज्येष्ठ नागरिकहरूको आधारभूत हक अधिकारको प्रत्याभूति गर्न निम्न प्रमुख नीतिहरू अवलम्बन गरिनेछन् :

- ज्येष्ठ नागरिकहरूको हक अधिकारको सुनिश्चितताका लागि आवश्यक कानुनी र संस्थागत प्रावधानहरूको विकास गरिनेछ।
- ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालनमा रहेका वृद्धाश्रमहरू, ज्येष्ठ नागरिक भत्ता लगायत आर्थिक सामाजिक सुरक्षाका कार्यक्रमहरूको पुनरावलोकन गरी आवश्यकता अनुसार विस्तार गरिनेछ। साथै, निश्चित उमेर पुगेका असहाय वृद्ध/वृद्धाको संरक्षणका लागि विशेष कार्यक्रमहरू ल्याइनेछ।
- जेष्ठ नागरिकहरूका लागि अस्पताल तथा सार्वजनिक यातायातका साधनहरूमा विशेष सुविधाको व्यवस्था गरिनेछ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्ने नीति अपनाइनेछ।
- ज्येष्ठ नागरिकहरूका लागि उपयुक्त सेवा सुविधा प्रदान गर्नका लागि स्थानीय निकायहरू, निजी क्षेत्र र गैर सरकारी क्षेत्रहरूलाई प्रोत्साहित गरिनेछ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू**

विकासको महत्वपूर्ण साझेदारको रूपमा रहेका गैरसरकारी संस्थाहरूको क्रियाकलापलाई सहजीकरण र समन्वय गर्न अझै प्रयास गर्नुपर्ने अवस्था छ भने उनीहरूको योगदानको मूल्याङ्कन संस्थागत रूपमा गर्ने परिपाटी बस्न सकेको छैन। गैरसरकारी, सामुदायिक संस्था एवं नागरिक समाजलाई लक्षित वर्गको सशक्तीकरण एवम् सामुदायिक विकासका क्षेत्रमा क्रियाशील गराउन निम्न प्रमुख नीतिहरू अवलम्बन गरिनेछन् :

- समाज कल्याण ऐन तथा संघ संस्था ऐनलगायत गै.स.स. सम्बन्धी कानुनको पुनरावलोकन गरी संरचनागत तथा अन्य विषयमा सुधार गरिनेछ।

- गै.स.स.हरूलाई सामाजिक, आर्थिक तथा नागरिक विकासको क्षेत्रमा विकास साझेदारको रूपमा प्रोत्साहित गरिनेछ ।
- संस्थाहरूको वर्गीकरण गरी उनीहरूमा विद्यमान क्षमताको उपयुक्त क्षेत्रमा अधिकतम उपयोग गर्ने दृष्टिकोण लिई परिचालन गरिनेछ ।
- एकद्वार प्रणालीलाई अनिवार्य गर्नुका साथै सहजीकरणलाई प्रभावकारी बनाइनेछ । संस्थागत एवं प्रक्रियागत सुधार गरी समाज कल्याण परिषद्लाई समाज विकास परिषद्को रूपमा सुदृढ गरिनेछ ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई स्थानीय निकाय, गैसस वा अन्य सामुदायिक संस्थाहरू मार्फत मात्र कार्यक्रमहरू सञ्चालन गर्न र स्थानीय योजना प्रक्रियासंग समन्वय गरी काम गर्न अभिप्रेरित गरिनेछ । साथै गै.स.स. लाई द्वन्द्व रूपान्तरण, शान्ति स्थापना, द्वन्द्व प्रभावित एवं विस्थापितहरूको पुनःस्थापना एवं पुनःएकीकरणको क्षेत्रमा क्रियाशील हुन प्रोत्साहित गरिनेछ ।
- राष्ट्रिय/अन्तर्राष्ट्रिय गै.स.स. हरूको काम कारवाहीको पारदर्शिता र प्रभावकारितामा अभिवृद्धि गर्न नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको संयन्त्र विकास गरिनेछ ।

## १२.६ *भौतिक पूर्वाधार क्षेत्र*

भौतिक पूर्वाधारको निर्माण तथा पुनःनिर्माणसम्बन्धी बढ्दो जनआकांक्षा पूरा गर्नु, निर्माणको गुणस्तर अभिवृद्धि गर्नु र लागत प्रभावकारी बनाउनु ठूलो चुनौतीको रूपमा रहेको छ । क्षतिग्रस्त संरचनाहरूको पुनःर्निर्माण एवं पुनःस्थापना तथा नयाँ भौतिक संरचनाहरूको विकास तथा विस्तार गर्नका लागि निम्न नीतिहरू अपनाइनेछन् :

- देशको आर्थिक विकासलाई गति दिने, तत्कालै रोजगार सिर्जना गर्ने तथा समग्र राष्ट्रको चासो बढ्ने खालका ठूला आयोजनाहरूको पहिचान गरी कार्यान्वयन गरिनेछ ।
- द्वन्द्वबाट क्षतिग्रस्त ग्रामीण पूर्वाधार संरचनाहरूको समग्र पुनःर्निर्माण तथा पुनःस्थापनाका लागि लगानी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- भौतिक पूर्वाधारहरूको निर्माण गर्दा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्न निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (BOOT) को अवधारणालाई प्रभावकारी रूपमा लागू गर्न यस सम्बन्धी कानुनलाई व्यावहारिक तथा सरल बनाइनेछ ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास, निर्माण तथा सेवा प्रक्रियामा वातावरण संरक्षण तथा प्रवर्द्धनलाई विशेष जोड दिइनेछ ।
- नेपाली सेना, नेपाल प्रहरी र माओवादी सेनालाई सम्भाव्यता र उपयोगिताको आधारमा पूर्वाधार निर्माण तथा पुनःनिर्माण कार्यमा लगाइनेछ ।
- पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्ग, समुदाय, जाति र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गरिनेछ ।
- औद्योगिकीकरण, व्यवस्थित शहरीकरण, निर्धारित आर्थिक केन्द्र, कृषि उत्पादन क्षेत्र तथा पर्यटन प्रवर्द्धनमा पुऱ्याउन सक्ने योगदानलाई पूर्वाधार विकासको आधार बनाइनेछ ।
- स्थानीय पूर्वाधारको विकास र व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना तर्जुमा गरिनेछ । यस्ता कार्यमा प्राविधिक जनशक्तिको परिचालन र पूर्ण उपयोगमा विशेष जोड दिइनेछ ।
- समुदायबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरूको निर्माणमा जोड दिइनेछ ।
- कर्णाली अञ्चल लगायतका दुर्गम जिल्लाहरूमा पूवार्धार निर्माण गर्दा अदक्ष तथा अर्ध-दक्ष श्रमिकहरूको श्रम तत्काल उपयोग हुने गरी पूँजी अन्तक्षेपण (Capital Injection) को नीति लिइनेछ ।
- भौतिक पूर्वाधारको निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार कार्य गर्दा अपाङ्गता र लैङ्गिक संवेदनशीलतालाई ध्यान दिइनेछ ।
- अन्तर्राष्ट्रिय प्रतिवद्धता, महासन्धि तथा सन्धि सम्झौतालाई समयानुकूल बनाई योजना तथा कार्यक्रममा प्रतिविम्बित गर्दै भौतिक पूर्वाधारलाई स्तरीय र भरपर्दो बनाइनेछ ।

### यातायात

स्रोत र साधनको कमी तथा विशेष भौगोलिक बनावटका कारण देशका सबै जिल्ला सदरमुकामहरू लगायतका दुर्गम क्षेत्रसम्म सडक सञ्जाल पुऱ्याउनु ठूलो चुनौतीको रूपमा रहेको छ । क्षेत्रीय असन्तुलन र सामाजिक

असमानता कम गर्न सहयोग पुऱ्याउन यातायात क्षेत्रमा निम्न अनुसारका प्रमुख नीतिहरू लिइनेछन् :

- कृषि, औद्योगिक उत्पादन तथा सेवालाई बजारसम्म सहज पहुँच हुने गरी सदरमुकाम, दुर्गम क्षेत्र, मध्य-पहाडी, पूर्व-पश्चिम र उत्तर दक्षिण जोड्ने सडक तथा हुलाकी सडक सञ्जालको विस्तार तथा स्तरोन्नति गरिनेछ ।
- काठमाडौलाई तराईसँग जोडने फास्ट ट्र्याक राजमार्ग र विद्युतीय रेल मार्गको सम्भाव्यता अध्ययन गरी सम्भाव्य आयोजनाको निर्माण सुरु गरिनेछ ।
- निर्माणाधीन सडकहरूको निर्माण कार्य पूरा गर्ने र स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।
- वैकल्पिक प्रविधि, रेलवे, केवलकार, रोपवे जस्ता पूर्वाधारको निर्माणमा निजी क्षेत्रलाई अभिप्रेरित गरी विकासका पूर्वाधारमा ग्रामीण क्षेत्रको पहुँच बढाइनेछ । साथै जलमार्गहरूको विकासबारे सम्भाव्यता अध्ययन गरिनेछ ।
- स्थानीय सडक निर्माण एवं मर्मत सम्भारको जिम्मेवारी स्थानीय निकायलाई नै दिइनेछ ।
- सडक सुरक्षा सम्बन्धी स्पष्ट नीति अवलम्बन गरिनेछ ।

**यातायात व्यवस्थापन**

विद्यमान सडक धारण क्षमताको तुलनामा सवारीको संख्यामा अत्यधिक वृद्धि हुनुले यातायात व्यवस्थामा समस्या देखिएका छन् । सवारी साधन एवम् सडकको दूरावस्थाले दुर्घटना र प्रदूषणको दर पनि बढ्दै गएको छ । आवश्यक पूर्वाधार र नयाँ प्रविधिको प्रयोगबाट व्यवस्थापनलाई आधुनिकीकरण गर्न सकिएको छैन । ट्राफिक, सडक र यातायात व्यवस्थापन गर्ने निकाय र कार्यक्रमबीच उचित समन्वय हुन सकेको छैन । यसर्थ यातायात प्रणालीलाई छरितो, सेवामूलक र प्रभावकारी बनाउन निम्न बमोजिमका प्रमुख नीतिहरू अवलम्बन गरिनेछन् :

- नीतिगत, कानुनी, संस्थागत व्यवस्था र प्रविधिमा सुधार गरी राजमार्गहरूलाई सुरक्षित, भरपर्दो, प्रभावकारी र आधुनिक बनाइनेछ ।
- यातायात क्षेत्रको विकास र व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थागत सुधार गरिनेछ र एक स्वायत्त राष्ट्रिय यातायात बोर्डको स्थापना गरी निजी क्षेत्रसँगको साझेदारी र सहकार्यलाई प्रगाढ बनाइनेछ ।
- प्रतिस्पर्धात्मक वातावरणमा सार्वजनिक यातायातका साधनहरू सञ्चालन



गराई सेवामा सुनिश्चितता, लागत प्रभावकारिता र आर्थिक सक्षमता हासिल गर्न सिन्डिकेट प्रणालीलाई अन्त्य गरिनेछ ।

- वातावरणमैत्री सवारी साधनहरूलाई प्रोत्साहित गर्दै प्रदुषणकारी साधनहरू विस्थापित गर्ने नीति लिइनेछ ।
- सार्वजनिक यातायात प्रणालीलाई प्राथमिकता दिइनेछ ।
- यातायात व्यवस्थासँग सम्बन्धित निकायहरूसँग प्रभावकारी समन्वय राखिनेछ ।

**जलविद्युत**

कम लागतमा गुणस्तरीय सेवा उपलब्ध गराई विद्युतको विस्तार ग्रामीण क्षेत्रसम्म पुऱ्याउने र जलविद्युतलाई समष्टिगत आर्थिक विकासको मुख्य आधारको रूपमा लिनुका साथै निर्यातयोग्य वस्तुको रूपमा विकास गर्दै लैजाने जलविद्युत क्षेत्रको मुख्य उद्देश्यहरू रहेका छन । यी उद्देश्यहरू प्राप्त गर्न निम्न बमोजिमका प्रमुख नीति अवलम्वन गरिनेछन् ।

- जलविद्युत विकासको लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गरिनेछ ।
- विद्युत् क्षेत्रको संस्थागत सुधार, उत्पादन, प्रसारण र वितरणलाई व्यवस्थित गर्न विद्युत् नियमन निकाय सुदृढ गरिनेछ ।
- जलविद्युत्को उत्पादन, खपत एवं निर्यातको लागि निजी क्षेत्र, समुदाय तथा स्थानीय निकायको सहभागिता अभिवृद्धिका लागि स्पष्ट, सरल एवं पारदर्शी प्रक्रिया अपनाइनेछ ।
- ग्रामीण विद्युतीकरणलाई प्राथमिकताका साथ विस्तार गरिनेछ ।
- कृषि तथा अन्य उत्पादनशील क्षेत्रका लागि सहज र सस्तोदरमा विद्युत उपलब्ध गराउने नीति लिइनेछ ।
- साना जलविद्युत् उत्पादन तथा वितरणको अनुमतिपत्र मात्र लिई उत्पादन तथा वितरणको कार्य सुरु नगर्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ ।
- निश्चित क्षमतासम्मका जलविद्युत उत्पादनमा स्वदेशी लगानीलाई प्रोत्साहित गरिनेछ ।
- जलस्रोत रणनीति र राष्ट्रिय जल योजनामा भएका प्रावधानहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- सार्क मुलुकहरूसँग जोडिने नेपालको विद्युत प्रणाली र क्षेत्रीय पावर ग्रिडको विकासको सन्दर्भमा क्षेत्रीयस्तरका बृहत जलविद्युत योजनाहरूको

विकासका लागि सम्बन्धित मुलुकहरूसग आपसी समन्वय गरी आवश्यक कानुनी प्रावधान निर्माण गर्न पहल गरिनेछ ।

- लघु तथा साना जलविद्युत केन्द्रलाई राष्ट्रिय प्रसारण लाइन (National Grid) सँग आवद्ध गर्नेतर्फ पहल गरिनेछ ।

**सूचना तथा सञ्चार**

सूचना तथा सञ्चार सेवालाई प्रत्येक नागरिकको पहुँचमा सर्वसुलभ रूपमा पुऱ्याउने सन्दर्भमा देशको विद्यमान भौगोलिक बनावट, कमजोर आर्थिक अवस्था, संस्थागत संरचना र प्राविधिक क्षमता प्रमुख चुनौतीको रूपमा रहेका छन् । यस्ता चुनौतीहरूलाई प्रभावकारी रूपमा सामना गर्न सूचना तथा सञ्चारका विभिन्न क्षेत्रहरूलाई प्रभावकारी, सर्वसुलभ अत्याधुनिक प्रविधियुक्त, गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाउने उद्देश्य लिइएको छ । यो उद्देश्य प्राप्तिको लागि निम्न प्रमुख नीतिहरू लिईनेछन् :

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई देशव्यापी बनाउँदै कृषि, उद्योग, व्यापार तथा सेवा क्षेत्रमा यसको प्रयोग बढाई उत्पादक र अन्तिम उपभोक्ता बीच रहने अनावश्यक तहलाई घटाइनेछ ।
- सूचना तथा सञ्चारमा सबै भाषाभाषी, जातजाति, धर्मावलम्बी र दुर्गम तथा विकट क्षेत्रका वासिन्दाहरूको पहुच बढाइनेछ ।
- टेलिफोन, मोवाइल तथा अन्य ताररहित दूरसञ्चारका प्रविधिमा सर्वसाधारण जनताको सहज पहुँच पुऱ्याई जनताको सूचनाको हकलाई सुनिश्चित गर्न योजना अवधिमा सबै गाउँ विकास समितिमा टेलिफोन सुविधा पुऱ्याइनेछ ।
- सूचना र संचार प्रणाली अझ द्रुत र व्यवस्थित गर्न अप्टिकल फाइवरको सञ्जाल विस्तार गरिनेछ ।

**आवास तथा शहरी विकास**

छरिएर रहेका वस्तीहरूलाई आवश्यक भौतिक पूर्वाधार तथा अन्य सेवा सुविधाहरू उपलब्ध गराई व्यवस्थित वस्तीको विकास गर्नु यस क्षेत्रको प्रमुख चुनौती रहेको छ । विद्यमान साँस्कृतिक तथा ऐतिहासिक क्षेत्रको संरक्षण र सम्वर्द्धनलाई ध्यान दिँदै सुरक्षित र किफायती भवन निर्माण, व्यवस्थित शहरीकरण र गाउँ नगर अन्तरसम्बन्धलाई सुदृढ गर्न निम्नानुसारका प्रमुख नीतिहरू अवलम्वन गरिनेछन् :

- बढ्दो शहरीकरणलाई व्यवस्थित गर्ने सन्दर्भमा शहरी क्षेत्रमा न्यूनतम सुविधा प्रत्याभूत गरिनुका साथै शहरका छेउछाउमा उपनगर विकास गरिनेछ । साथै ग्रामीण क्षेत्रमा छरिएर रहेका बस्तीलाई पुनर्वासका माध्यमबाट व्यवस्थित गरिनेछ ।



- सरकारी तथा निजी क्षेत्र समेतमा भवन निर्माण संहिता एवं मापदण्डहरू अध्यावधिक गरी लागू गरिनेछ । सरकारी भवनहरू निर्माण गर्दा अपाङ्ग मैत्री बनाइनेछ ।
- शहरोन्मुख बस्तीहरूको योजनावद्ध विकासको आधार तयार गरिनेछ ।

**सिंचाइ तथा जलउत्पन्न प्रकोप न्यूनीकरण**

सिंचाइयोग्य कृषि भूमिमा सतही र भुमिगत सिंचाइ प्रणालीद्वारा वर्षैभरी सिंचाइ सुविधा पुऱ्याउदै लैजाने र जल उत्पन्न प्रकोपबाट वर्षेनी हुने क्षतिलाई न्यून गर्ने उद्देश्य अनुरूप निम्न प्रमुख नीतिहरू अवलम्बन गरिनेछन् :

- तराइमा ठूला तथा मझौला सतह सिंचाइका साथै डिप तथा स्यालो ट्यूववेल सिंचाइलाई प्राथमिकता दिइनेछ ।
- पहाडी एवं हिमाली क्षेत्रमा मझौला तथा साना सिंचाइका साथै अन्य उपयुक्त प्रविधिमा आधारित सिंचाइ प्रणालीलाई प्राथमिकता दिइनेछ ।
- नदीनालाको एकीकृत रूपमा संरक्षण गर्न जिल्ला, नगर तथा वस्तीहरूलाई विशेष सहयोग र प्रोत्साहन दिइनेछ ।
- जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न जोखिमयुक्त नदीहरूको पहिचान गर्ने र त्यस्ता नदीहरूको नियन्त्रण गरी प्राकृतिक प्रकोप र वातावरणीय क्षतिबाट हुने प्रतिकूल प्रभावलाई कम गर्न विशेष ध्यान दिइनेछ ।

**वातावरण, विज्ञान तथा प्रविधि**

यस क्षेत्रका समस्या तथा चुनौतीहरूलाई सामना गर्न वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाई स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक श्रोत तथा साधनको बुद्धिमतापूर्ण प्रयोगद्वारा दिगो विकास हासिल गर्न एवम् विज्ञान प्रविधि क्षेत्रको विकास र उपयोगद्वारा नेपाली जनताको जीवनस्तर उकास्न निम्नानुसारका प्रमुख नीतिहरू अवलम्बन गरिनेछन् :

- प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिदै पानी, वायु तथा ध्वनि प्रदूषण न्यूनीकरणका उपायहरू कार्यान्वयन गरिनेछ ।
- मुलुकले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धताहरू र नेपाल पक्ष भएका

वातावरण सम्बन्धी महासन्धि, सन्धि तथा संझौताहरूको कार्यान्वयन गर्दै स्वच्छ विकास संयन्त्र (CDM) सम्बन्धी आयोजनाहरू प्रवर्द्धन गरिनेछ ।

- वातावरणीय सुशासनलाई सुदृढ गर्दै स्थानीय निकायहरूलाई सबल बनाई वातावरण व्यवस्थापनका कार्यहरू कार्यान्वयन गर्न जोड दिइनेछ ।
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरूको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण-मैत्री बनाइनेछ ।
- जैविक लगायत वैकल्पिक इन्धनको विकासको संभाव्यताबारे अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ ।
- वातावरणमैत्री इन्धनको प्रयोगलाई विशेष प्राथमिकता र सहयोग दिइनेछ ।
- वैकल्पिक ऊर्जा प्रणालीको विकासद्वारा ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याइनेछ ।
- सूचना प्रविधिको क्षेत्रमा निजी क्षेत्रलाई समेत परिचालन गर्दै ग्रामीण क्षेत्रमा सूचना प्रविधिको पहुँचमा वृद्धि गरिनेछ ।
- विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास, सुधार तथा प्रयोगद्वारा जनताको जीवनस्तर उत्थान गरिनेछ ।

### १२.७ मानव अधिकार

मानव अधिकारको प्रवर्द्धनका लागि राज्यका तर्फबाट प्रदान गरिने सामाजिक आर्थिक सेवाहरूको प्रभावकारिता, स्तर तथा पहुँचमा वृद्धि गर्नुपर्ने चुनौती रहेको छ। नेपाल सरकारले अनुमोदन गरेका सबै महासन्धि तथा अभिसन्धिका प्रावधानहरू लागू गरी सम्पूर्ण नेपाली नागरिक र विशेष गरी सीमान्तीकृत विभिन्न जातजाति, भाषा, लिङ्ग, धर्म, क्षेत्र, वर्ग र समुदायको मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा जोड दिंदै शान्ति, समानता र सामाजिक न्याय सुनिश्चित गर्नका लागि निम्न बमोजिमका प्रमुख नीतिहरू अवलम्बन गरिनेछन्:

- मानव अधिकारलगायत नेपाल सरकारले अनुमोदन गरेका सबै महासन्धि तथा अभिसन्धिका प्रावधानहरू प्रति प्रबिद्धता दर्शाई लागू गर्न प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन र नयाँ कानुनहरूको तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने दृष्टिकोण लिई क्षेत्रगत विकासका नीति तथा कार्यक्रमहरू तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी अवलम्बन गरिनेछ ।



- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक जस्ता सीमान्तीकृत समुदायहरू, गरिबीको मारमा परेका र सामाजिक आर्थिक दृष्टिले जोखिममा रहेका समुदायको प्राकृतिक तथा आर्थिक स्रोत साधनमा पहुँच बढाई उनीहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने नीति लिइनेछ ।
- जातजाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, छुवाछुत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त गरी सबै नागरिकहरूको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- दण्डहीनताको अन्त गर्न दण्डहीनता, भ्रष्टाचार प्रति शून्य सहिष्णुताको नीति लिइ शान्ति सुरक्षा, अपराध अनुसन्धान र अभियोजन प्रणालीमा सुधार एवं सुदृढीकरण गरी कानुनको शासन र आम नागरिकको शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।
- सुरक्षाकर्मी, राजनीतिकर्मीलगायत सर्वसाधारण नागरिकहरूलाई सूसूचित गर्ने र मानव अधिकार सम्बन्धी औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्ने सशक्त माध्यमका रूपमा सार्वजनिक सञ्चारका माध्यमहरूलाई प्रवर्द्धन गरिनेछ ।
- सामाजिक तथा आर्थिक सेवाहरूको विस्तार गर्दै पहुँच र प्रभावकारितामा वृद्धि गरिनेछ ।
- हिरासतमा रहेकाहरूको मानव अधिकारको प्रत्याभूति गरिनेछ ।
- कारागारहरूलाई सुधार गृहका रूपमा विकास गर्दै लगिने छ ।
- मानवअधिकारसँग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरूको क्षमता, कार्यदक्षता र प्रभावकारितामा अभिवृद्धि गरिनेछ ।
- मानव अधिकार राष्ट्रिय कार्ययोजना समय सापेक्ष बनाउन आवश्यक कार्यक्रम तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

### १२.८ शान्ति तथा सुशासन

राज्यका संयन्त्रहरूलाई समावेशी र छरितो बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनु नै आज देशका सामु प्रमुख चुनौतीका रूपमा रहेको छ । राज्य व्यवस्थाको सञ्चालन र विकास कार्यमा सहभागिता, पारदर्शिता र जवाफदेहीको प्रवर्द्धन गर्दै सुशासन एवं दिगो शान्ति स्थापना गर्ने उद्देश्य राखी निम्नबमोजिमका प्रमुख नीतिहरू अवलम्बन गरिनेछ :

- राज्यको समावेशी, संघीय, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचनालाई अनुकूल हुने गरी प्रशासनिक प्रणालीमा सुधार गर्दै लगिनेछ ।
- कार्य सम्पादनमा आधारित प्रशासन संस्कृतिको विकास गर्दै सार्वजनिक कर्मचारीहरूको कार्य सम्पादनको स्तरलाई अधिकतम विन्दुमा पुऱ्याउने व्यवस्थापन शैली अवलम्बन गरिनेछ। कार्य सम्पादन मूल्यांकन सेवाग्राहीको सन्तुष्टिको आधारमा मापन गर्ने व्यवस्था गरिनेछ ।
- सरकारी कर्मचारीहरूको काम वा सेवाको कार्य सम्परीक्षण गर्ने व्यवस्था मिलाई कार्य सम्पादनमा सुधार ल्याइनेछ ।
- रणनीतिक संचारको माध्यमबाट शासकीय सुधारलाई गति दिइने छ ।
- भ्रष्टाचार निवारणका लागि निरोधात्मक तथा उपचारात्मक दुवै रणनीति अवलम्बन गरिनेछ। लाभको पदमा रहेर भ्रष्टाचार गरी गैर कानुनी सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कारबाहीको लागि स्पष्ट व्यवस्था गरिनेछ। कुनै पनि लाभको पद वा सरकारी सेवामा प्रवेश गर्दा सम्पत्ति विवरण पेश गर्नु पर्ने नियमलाई कडाइका साथ पालना गराइनेछ ।
- स्वतन्त्र, स्वच्छ, निष्पक्ष र सक्षम न्यायपालिकाको लागि लोकतान्त्रिक मूल्य मान्यताको आधारमा न्याय क्षेत्रलाई सुदृढ गर्दै लगिनेछ ।
- सुलभ र पारदर्शी न्यायिक सेवा र न्याय सम्पादनका लागि सबै तहका न्यायिक एवं अर्ध न्यायिक संस्थाहरूको क्षमता विकासलाई प्राथमिकता दिई न्यायिक स्वतन्त्रता र न्यायिक मर्यादामा अभिवृद्धि गरिनेछ ।
- राज्यको संरचनामा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्ग र पिछडिएका वर्ग र क्षेत्रको प्रभावकारी सहभागिताका लागि सकारात्मक विभेदको नीति अवलम्बन गरिनुका साथै उनीहरूको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।
- सुशासनका निमित्त जनसहभागिता, पारदर्शिता, जवाफदेहीता, उत्तरदायित्व र अधिकारको निक्षेपणमा जोड दिइनेछ ।
- उपयुक्त नीति तथा कानुनद्वारा सेवा प्रवाहमा हुने ढिलासुस्ती र भ्रष्टाचार रोकिने छ र यसका लागि नागरिक अनुगमन प्रणालीलाई परिणाममुखी ढङ्गबाट सक्रिय र संस्थागत बनाइनेछ ।
- गुणस्तरीय सेवा पाउने कुरा सेवाग्राहीको अधिकारको रूपमा स्थापित गरिनेछ ।
- स्थानीय सेवामा जाने कर्मचारीहरूलाई स्थानीय भाषा र संस्कृति बारे अनुशिक्षण दिइनेछ ।



- निजामती सेवामा सूचना र सञ्चार प्रविधिको प्रयोगलाई व्यापक तुल्याइनेछ। "इ-गभर्नेन्स" योजनावद्ध रूपमा लागू गर्दै लगिनेछ ।
- शान्ति सुरक्षा लगायत अपराध नियन्त्रणका लागि नेपाल प्रहरीको संगठनलाई बदलिंदो चुनौतीसँग सामना गर्न समय सापेक्ष थप सुदृढ गराउँदै लगिनेछ ।
- कारागारमा रहेका वन्दीहरूको मानवीय हक संरक्षण गर्न र कारागार अवधि पश्चात् समाजमा समाहित गराउने आवश्यक नीति तर्जुमा गरिनेछ ।

## *१२.९ स्थानीय विकास र विकेन्द्रीकरण*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरेका उद्देश्य, नीति एवं सिद्धान्तका प्रावधानहरू अनुरूप निक्षेपणलाई कार्यान्वयन गर्नु र उक्त ऐन, नियमसँग बाझिएका कतिपय ऐन नियम संशोधन गरी निक्षेपणलाई प्रभावकारी बनाउनु चुनौतीको रूपमा रहेको छ। यी चुनौतीहरू सामना गरी स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा स्थानीय स्रोत साधनको परिचालन, सीप र प्रविधिको उपयोग तथा आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी निवारणमा सघाउनु स्थानीय विकास कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ। यसैगरी समावेशी संघीय लोकतन्त्रको अवधारणामा निक्षेपणको नीति अनुरूप जनचाहना पूरा गर्न स्थानीय सरकारको रूपमा रहेका स्थानीय निकायहरूलाई प्रभावकारी बनाउनु निक्षेपणको उद्देश्य रहनेछ। उक्त उद्देश्यहरू हासिल गर्न निम्न बमोजिमका नीतिहरू अवलम्बन गरिनेछन्:

- लक्षित कार्यक्रम तथा सामाजिक परिचालनको माध्यमबाट महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, मुस्लिम, विपन्न वर्ग एवं पिछडिएको क्षेत्रको उत्थानका लागि ग्रामीण एवं शहरी क्षेत्रमा सामाजिक सशक्तीकरण एवं पूर्वाधार तथा आय आर्जनका क्रियाकलापहरू सञ्चालन गरी ग्रामीण एवं शहरी गरिबी न्यूनीकरणमा सहयोग पुचाइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने श्रोत, साधन, सीप र प्रविधिको अधिकतम रूपमा परिचालन गरी स्थानीय आवश्यकता पूर्ति गर्ने खालका विकास कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय विकासले समेटने सबै विषयगत क्षेत्रहरूमा क्षमता अभिवृद्धि सम्बन्धी मानव श्रोत विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा स्थानीय निकायको स्वामित्व समेत सिर्जना गराई प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

- द्वन्द्वबाट क्षतिग्रस्त ग्रामीण पूर्वाधारका संरचनाहरूको समग्र पुनःनिर्माण तथा पुनःस्थापनालाई प्राथमिकता दिइनेछ ।
- स्थानीय पूर्वाधारको विकास र व्यवस्थापनका लागि आवश्यक रणनीतिक कार्ययोजना तर्जुमा गरी वातावरण मैत्री, सहभागितात्मक र स्थानीय स्रोतमा आधारित निर्माण तथा संभार प्रणाली अवलम्बन गरिनेछ । यसमा गैरसरकारी संगठनहरू र निजी क्षेत्रसँगको साझेदारीमा जोड दिइनेछ ।
- नगरक्षेत्र तथा नगरोन्मुख क्षेत्रमा फोहर व्यवस्थापनका लागि सम्बन्धित नगरपालिकाको लागत साझेदारीमा स्यानीटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालन गरिनेछ ।
- विकेन्द्रीकरण र निक्षेपणलाई राज्य संचालनको मूल नीति र स्थानीय सरकार प्रवर्द्धन गर्ने प्रमुख माध्यमको रूपमा अवलम्वन गर्न सबै सरकारी, गैरसरकारी र निजी क्षेत्रका निकायहरूलाई जिम्मेवार वनाइनेछ ।
- विषयगत निक्षेपण कार्यलाई प्रभावकारी वनाउन स्थानीयस्तरमा सम्पन्न हुनसक्ने सवै कार्यहरूलाई स्थानीय निकायमार्फत संचालन गरिने संस्थागत प्रणाली विकासका साथै केन्द्रबाट प्रभावित हुने स्रोत साधनलाई निश्चित मापदण्डका आधारमा प्रवाहित गरिने व्यवस्था मिलाइनेछ ।
- विषयगत मन्त्रालयहरूले स्थानीय निकायद्वारा प्रतिपादन हुने कार्यहरूका लागि निश्चित मापदण्ड तयार गरी सम्बन्धित स्थानीय निकायको क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय निकायबीच राजश्व परिचालन र बाँडफाँड गर्दा सन्तुलित र समतामुखी विकास हुने गरी सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पिछडिएका क्षेत्र, वर्ग तथा समुदायको समग्र उत्थानका लागि विशेष ध्यान दिइनेछ । स्थानीय निकायहरूबीच कार्य जिम्मेवारीका आधारमा राजश्व परिचालन तथा बाँडफाँड गर्ने व्यवस्था मिलाइनेछ ।
- केन्द्रीय तथा स्थानीय निकायहरूको कार्य जिम्मेवारी (Functional jurisdiction) स्पष्ट पार्ने, कार्य जिम्मेवारी अनुरूप हुने गरी वित्तीय व्यवस्था मिलाउने र सुम्पिएका कार्य गर्नसक्ने गरी आवश्यक पर्ने संयन्त्र हस्तान्तरण गर्ने गरी निक्षेपण कार्यान्वयन कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ ।
- स्थानीय निकायहरूको भौगोलिक, जनसांख्यिक एवं साधन स्रोतका आधारमा पुनःसंरचना गरी सबै स्थानीय निकायहरूलाई स्थानीय सरकारको रूपमा संचालन हुने सक्षम इकाईको रूपमा विकास गरिनेछ ।



- स्थानीय निकाय र प्रशासनमा नेपाली भाषाको साथै स्थानीय भाषाको प्रयोगमा जोड दिइनेछ ।
- स्थानीय निकायलाई स्थानीय सामाजिक संरचना अनुरूप समावेशी बनाइनेछ । उनीहरूको कार्यलाई पारदर्शी, जनमुखी र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- स्थानीय निकायहरूलाई दिइने अनुदानलाई न्यूनतम शर्त र कार्यसम्पादन मापनमा आबद्ध गरिनेछ । साथै स्थानीय निकायमा जाने एकमुष्ट अनुदान र केन्द्रबाट स्थानीय स्तरमा जाने विषयगत अनुदानलाई वैज्ञानिक आधारमा सुत्रमा आबद्ध गरिनेछ ।
- योजना, नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा अधिकारवादी अवधारणा अपनाउनुका साथै आम नागरिक (महिला, बालबालिका, मधेशी, अपाङ्ग, आदिवासी जनजाति तथा दलित समग्र) को राज्यका सबै क्षेत्रमा समावेशीकरण तथा उनीहरूको मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।
- स्थानीय स्तरमा हुने विकाससँग सम्बन्धित कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका प्रत्येक चरणमा सरोकारवालाहरूलाई सहभागी गराइनेछ ।

### *१२.१० शान्ति, पुनःनिर्माण, पुनःस्थापना र पुनःएकीकरण*

पुनःनिर्माण र पुनःस्थापना कार्य सञ्चालन गरी गुमेको सामाजिक मूल्य र पछाडि धकेलिएको विकासलाई निकट भविष्यमै हासिल गर्नु चुनौतीपूर्ण छ । देशमा पुनर्वहाली भएको शान्तिलाई निरन्तरता दिंदै द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका नागरिकहरू र बिग्रे भत्केका भौतिक संरचनाहरू राज्यको प्राथमिकतामा परेका छन् । द्वन्द्वबाट प्रभावित समुदायको मानवीय पुनःएकीकरण, समायोजन एवम् भौतिक संरचनाको पुनःस्थापनालाई समन्वित तथा प्रभावकारी रूपमा सम्पन्न गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछ :

- नयाँ मूल्य मान्यता स्थापना गर्न नेपाली जनताले विगतमा सम्पन्न गरेका ऐतिहासिक संघर्ष र जनआन्दोलनका क्रममा मुलुकमा घटेका महत्त्वपूर्ण घटनासँग सम्बन्धित स्थलहरूको पहिचान गरी तिनको सम्वर्द्धन तथा प्रवर्द्धन गरिनेछ ।
- देशमा बहाल शान्तिलाई संस्थागत र दिगो बनाउन सघाउ पुऱ्याउन कार्यक्रमहरू पहिचान गरी सञ्चालन गरिनेछ र सो प्रक्रियामा महिलाको समेत अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

- द्वन्द्वको क्रममा बिग्रिएका वा भत्किएका भौतिक संरचनाहरूको पुन निर्माण गरिनेछ ।
- द्वन्द्वबाट विस्थापित तथा प्रभावित व्यक्ति तथा परिवारको पुनःस्थापना र पुनःएकीकरणको लागि आवश्यक मनोसामाजिक परामर्श, राहत, रोजगारीमा वा स्वरोजगारीका अवसर र सुरक्षा समेतको व्यवस्था मिलाइनेछ ।
- माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनःस्थापनाका लागि गठित विशेष समितिको सुझावहरू कार्यान्वयन गरिनेछ ।
- वेपत्ता पारिएका, विस्थापित लगायतका द्वन्द प्रभावितको तथ्य संकलन गरी राहत पुनःस्थापन गरिनेछ ।
- द्वन्द्वबाट प्रभावित महिला, बालबालिका, अपाङ्ग, असहाय व्यक्तिहरूका लागि सबलीकरण र पुनःस्थापनाको प्याकेज तर्जुमा गरी संचालन गरिनेछ ।
- शान्ति पुनःस्थापना, पुनःनिर्माण, पुनःस्थापना र पुनःएकीकरण कार्यलाई प्रभावकारी रूपमा लैजान केन्द्र, जिल्ला र गाँउस्तरसम्म शान्ति तथा पुनःस्थापना समितिहरू गठन गरिनेछ । राज्यलाई समृद्धि र सहमतितर्फ अगाडि बढाइनेछ । सो कार्यका लागि निजी क्षेत्र, गैरसरकारी संस्थाहरू र नागरिक समाजको सहभागिता जुटाउन प्रोत्साहन गरिनेछ ।
- शान्तिको प्रवर्द्धन र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि नेपाली सेनाको लोकतान्त्रिकरण गरिनेछ । सैनिकको उपयुक्त संख्या र संरचना व्यवस्थित गर्दै समावेशी राष्ट्रिय चरित्रको वनाइनेछ । सेनालाई विकास निर्माणको कार्यमा पनि संलग्न गराइनेछ ।

### १२.११ समावेशी विकास

शताब्दियौंदेखि विभेदमा परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग तथा विपन्न समुदाय र वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनको लागि आइपर्ने नीतिगत, संस्थागत एवं संरचनागत अवरोधहरुलाई हटाई उनीहरुको सामाजिक, सांस्कृतिक, आर्थिक एवं मानवीय विकास सुनिश्चित गरी उनीहरुको जीवनस्तरमा सुधार गर्ने यस अन्तरिम योजनाको नीति रहेको छ । सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउनका लागि दुई किसिमबाट प्रयास गरिने छ :

(क) *वञ्चित समूहको सशक्तीकरण:* वञ्चितीकरणमा परेका समूहहरूलाई आर्थिक, सामाजिक, नागरिक तथा मनोवैज्ञानिकरुपले सशक्त बनाउने, र

(ख) *समावेशीकरण:* नीति निर्माता तथा सेवाप्रदायकहरुले उनीहरुलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा सुधार ल्याउनुका साथै विद्यमान विभेदकारी नीति, नियम, मूल्य तथा मान्यतामा परिवर्तन गर्ने र नीति निर्माण तथा कार्यान्वयन निकाय र प्रक्रियाहरूमा वञ्चितीकरणमा परेका समूहरूको समानुपातिक प्रतिनिधित्व, आरक्षण वा अन्य उपयुक्त विधिहरूद्वारा प्रभावकारी सहभागिता बढाउने ।

सम्वृद्ध, आधुनिक र न्यायपूर्ण राज्य निर्माण गर्नु सामाजिक समावेशीकरणको दीर्घकालिन सोच रहेको छ । त्यस्तै वञ्चितीमा पारिएका समुदायको मानवीय विकासमा सुधार गर्ने लक्ष्यका साथ र राज्यका सबै तहका संरचना, निर्णय प्रक्रिया र सेवा सुविधामा उनीहरूको समानुपातिक सहभागिता सुनिश्चित गर्ने यसको उद्देश्य रहेको छ । यो उद्देश्य पूरा गर्न निम्न अनुसारको नीतिहरू अवलम्बन गरिनेछः

- सामाजिक समावेशीकरणको लागि नीतिगत एवं कानुनी व्यवस्था मिलाइनेछ । जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, आर्थिक, लिङ्गीय, क्षेत्रीय एवं अपाङ्गताको आधारमा गरिने विभेदको निर्मूल गरिनेछ ।
- नीति निर्माण, कार्यक्रम तर्जुमा एवं कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियाहरूमा बञ्चितीमा पारिएका जाति/समूह वा समुदायहरूको बालबालिका, महिला एवं पुरुषको अर्थपूर्ण सहभागिता गराइनेछ ।
- सामाजिक समावेशीकरणसँग सम्बन्धित तीनवटा आयामः (१) स्रोत, साधन, सेवा र अवसरमा पहुँच, (२) सशक्तीकरण, अस्तित्ववोध र क्षमतामा वृद्धि, र (३) नीति, नियम, मूल्य, मान्यता र संरचनामा परिवर्तनको आधारमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- वञ्चितीमा पारिएका जाति/समूह वा समुदायहरू, वर्ग, क्षेत्र र लिङ्गको लागि कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यी समुदायभित्र पनि सबैभन्दा पछाडि पारिएकाहरूलाई विशेष प्राथमिकता दिइनेछ ।
- वञ्चितीमा पारिएका समुदायहरूका लागि विशेष कार्यक्रमहरूको सञ्चालन तिनै समुदायका प्रतिनिधि संस्थाहरू मार्फत् गरिनेछ र उनीहरूको क्षमता वृद्धिमा जोड दिइनेछ ।

- वञ्चितीमा पारिएका समूह वा समुदायहरूको आर्थिक सामाजिक सुरक्षाको लागि शिक्षा, स्वास्थ्य, सहभागिता, क्षमता विकास, सेवा प्रदान, सरकारी सेवा, रोजगारी लगायतका क्षेत्रमा सकारात्मक विभेद वा आरक्षणको नीति अवलम्बन गरिनेछ ।
- उपेक्षित अवस्थामा रहेका भाषा, साहित्य, कला, परम्परागत ज्ञान, सीप र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकास गरिनेछ ।
- देशभित्र बोलिने भाषाहरूको पहिचानको लागि भाषिक सर्भेक्षण गरिनेछ ।
- स्वास्थ्य तथा शिक्षाल गायतका सामाजिक एवं आर्थिक पक्षका आधारमा कतिपय व्यक्ति तथा समुदाय मानवीयताका हिसावले अस्वीकार्य (Unacceptables) अवस्थाको जीवन बाँचिरहेकाले त्यसको सुधारको लागि विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- कर्णाली अञ्चल र आर्थिक-सामाजिक तथा विकासको दृष्टिकोणले अत्यन्त पिछडिएका क्षेत्र, सिमावर्ती क्षेत्र, भौगोलिक दृष्टिकोणले विशिष्ट अवस्थिति भएका क्षेत्रलाई तुलनात्मक रूपमा विकसित क्षेत्रको औसतस्तरमा ल्याउन नमूनाका रूपमा त्यस्ता क्षेत्रका केही गा.वि.स.हरूमा नमूना लक्षित कार्यक्रमहरू ल्याइनेछ । क्षेत्रीय विकास रणनीति अध्ययनको सुझाव अनुसार यी क्षेत्रहरूको विकासको लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।
- भू-सूचना प्रणालीको आधारमा पिछडिएको क्षेत्र र समूदायमा राज्यले बढी लगानी गर्नेछ ।
- महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपाङ्ग, श्रमिकसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गर्न र उनीहरूको समग्र विकासका कार्यहरू तदारूकताका साथ सञ्चालन गर्नका लागि सो सम्बन्धी उपयुक्त आयोग, समिति तथा परिषद्हरू गठन गरी तिनका अधिकार र कार्यक्षेत्रहरू सुनिश्चित गरिनेछ ।
- भौतिक निर्माणहरू अपाङ्ग मैत्री बनाइनेछ ।
- प्राविधिक र व्यावसायिक शिक्षामा महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग तथा वन्चितीकरणमा परेका समुदाय एवं विपन्न वर्गको पहुँच बढाइनेछ ।
- पछाडि परेका क्षेत्र र जनताको समानुपातिक विकासको अवधारणा अनुरूप विकास आयोजनाहरूको सञ्चालनमा जोड दिइनेछ ।



- धर्मनिरपेक्ष राज्यको मर्म अनुरूप धार्मिक समानता र स्वतन्त्रताको पूर्ण रूपमा पालना गर्ने र गर्न लगाउने व्यवस्था गराइनेछ ।
- भूमिहीन आदिवासी जनजाति, मुक्त कमैया, हरूवा, चरूवा, सुकुम्बासी, भूमिहीन दलित तथा मधेशीहरूको पहिचान गरी उनीहरूको बसोबास र रोजगारीको व्यवस्था मिलाइनेछ ।
- कृषि मजदुर, मुक्त कमैया र भूमिहीन र सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानको लागि विशेष ध्यान दिइनेछ ।
- देशको समष्टिगत आर्थिक संरचनालाई समावेशी बनाइनेछ ।
- समावेशी विकाससम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन र कार्य सम्परीक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

### *१२.१२ क्षेत्रीय एवं सन्तुलित विकास*

आर्थिक एवं सामाजिक पूर्वाधार क्षेत्रमा गरिएको लगानीले विभिन्न भौगोलिक क्षेत्रहरू तथा ग्रामीण एवं शहरी क्षेत्रहरूको समानुपातिक र सन्तुलित रूपमा विकास गर्न सकेको देखिदैन। सन्तुलित विकासप्रति राजनीतिक प्रतिबद्धता प्राप्त हुन नसक्दा तुलनात्मक रूपमा पछिपरेका क्षेत्रहरूमा भौगोलिक अवस्था अनुरूपका आर्थिक विकास नीति र क्षेत्रीय विकासका रणनीतिहरू अवलम्बन हुन सकेनन्। क्षेत्रीय विकासको समग्र समस्याहरूलाई सम्बोधन गर्न निम्न नीतिहरू अवलम्बन गरिनेछ :

- स्रोतको विनियोजन गर्दा आर्थिक एवं पूर्वाधार विकासका दृष्टिले पछि परेका क्षेत्रहरूमा विशेष प्राथमिकता दिइनेछ ।
- विद्यमान व्यापारको परिमाण, बजार व्यवस्थापन, पूर्वाधार विकासको स्थिति र सामाजिक बनोटका आधारमा खास आर्थिक क्षेत्रहरू विकास गर्दै लगिनेछ। यसरी निर्माण हुने आर्थिक क्षेत्रहरूलाई सडक, सञ्चार लगायतका पूर्वाधार सञ्जालमा आबद्ध गर्दै लगिनेछ ।
- क्षेत्रगत नीति तर्जुमा गर्दा क्षेत्रगत तुलनात्मक लाभ एवं स्थानीय प्रतिस्पर्धात्मक क्षमताको आधारमा स्थानीय स्रोत, सीप उपयोग तथा उत्पादन प्रणाली विकास गर्न जोड दिइनेछ ।
- छुट्टाछुट्टै भौगोलिक क्षेत्रहरू, शहर र ग्रामीण क्षेत्रहरू जोडन सम्पन्न भएका एवं निर्माणाधीन सडक आसपासका क्षेत्रका बस्ती विकासका लागि पूर्वाधारहरू निर्माण गरी आर्थिक क्रियाकलाप बढाउने नीति लिइनेछ ।

## १२.१३ *कार्यान्वयन, अनुगमन तथा मूल्यांकन*

**कार्यान्वयन**

आवधिक योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी निर्दिष्टि उद्देश्य तथा लक्ष्य हासिल गर्नु नै विकास प्रकृयाको प्रमुख चुनौती रहेको छ। अतः विकास कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन निर्धारित परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न गरी तिनको प्रतिफल लाभान्वित वर्गले दिगो रूपमा पाउन सक्ने अवस्थाको सिर्जना गर्नु कार्यान्वयन व्यवस्थाको प्रमुख उद्देश्य रहनेछ। यसका लागि निम्न बमोजिमका नीतिहरू लिइनेछन् :

- केन्द्रीयस्तरका विकास आयोजनाहरूको छनौट प्रक्रियालाई गुणस्तरीय (Quality at Entry) गराउने व्यवस्था मिलाइनेछ ।
- केन्द्रीयस्तर, जिल्लास्तर तथा सामुदायिकस्तरमा संचालन गरिने कार्यक्रम तथा आयोजनाहरूको छनौट तथा कार्यान्वयन लागत प्रभावकारी, नतिजापरक, सेवाग्राहीको अपनत्व हुने गरी सहभागितामूलक र गुणस्तरीय गराउने कार्यपद्धती लागू गरिनेछ ।
- योजनाको कार्यान्वयनमा सरकारी निकायहरू, नागरिक तथा गैरसरकारी संस्थाहरू, निजी क्षेत्रको साझेदारी अभिवृद्धि गरिनेछ। बजेट तथा कार्यक्रमलाई अघिल्लो आर्थिक वर्षमा नै अन्तिम रूप दिई नयाँ आर्थिक वर्षको प्रारम्भदेखि नै काम थालनी गर्ने व्यवस्था गरिनेछ। अनुदानको रूपमा जाने रकम र पुनः निर्माण तथा पुनःस्थापनाका लागि जिल्लाहरूमा जाने रकम सोझै अर्थ मन्त्रालयबाट जिल्ला विकास समितिमा पठाउने प्रबन्ध मिलाइनेछ ।
- विकास कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनलाई प्रभावकारी गराउन सार्वजनिक खरिद सम्बन्धी नियमावली तथा निर्देशिका लागू गरिनेछ ।
- द्वन्द्वको क्रममा नष्ट भएका भौतिक पूर्वाधारहरूको पुनःनिर्माण तथा नयाँ निर्माण कार्यहरूको लागि स्थानीय स्तरका उपभोक्ता समूह, गैर सरकारी संस्थाहरू र समुदायमा आधारित संस्थाहरूले गर्नसक्ने कार्यहरू तिनीहरू मार्फत सोझै कार्यान्वयन गराईनेछ ।
- आयोजनाहरूको निर्माण कार्यको ठेक्कापट्टा वहुवर्षीय रूपमा गर्न सक्ने



गरी थप कानुनी व्यवस्था गरिनेछ। यसरी गरिने ठेक्का व्यवस्थापनबाट गरिने निर्माण कार्यका लागि आवश्यक पर्ने वित्तिय साधन सुनिश्चित गर्ने नीति लिइनेछ ।

- विगतका सफल कार्यक्रमहरूलाई निरन्तरता दिने, विस्तार गर्ने तथा नयाँ र सिर्जनात्मक कार्यलाई प्रोत्साहित गरिनेछ ।

**अनुगमन तथा मूल्यांकन**

अनुगमन तथा मूल्यांकन व्यवस्थालाई सशक्त गराउन प्रारम्भ गरिएका प्रयासहरूलाई अझै परिमार्जन गरी संस्थागत गर्ने कार्य नै प्रमुख चुनौतीका रूपमा रहेको छ। नीति निर्माण तहको प्रतिबद्धता, संस्थागत सक्रियता, तालिम प्राप्त दक्ष जनशक्तिको सेवा निरन्तरता र लागू गरिएका सूचक तथा समग्र सूचना प्रवाह व्यवस्थाको पूर्ण परिपालना नै अनुगमन व्यवस्थाको कार्यान्वयनमा देखिएका चुनौतीहरू हुन्। गरिबी अनुगमन तथा विश्लेषणसम्बन्धी व्यवस्था केन्द्र तथा जिल्लास्तरमा समेत संस्थागत गर्नु र विकास आयोजना तथा कार्यक्रमहरूको कार्यसम्पादन अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउनु अनुगमन तथा मूल्यांकनको उद्देश्य रहनेछ।

- जिल्ला, नगर र गाउँ तहमा नागरिक समाज तथा राजनीतिक दलहरू सहितको संयन्त्र बनाई त्यसलाई समग्र अनुगमन र कार्यान्वयन सहजीकरणको जिम्मा दिइनेछ ।
- पुनःनिर्माण, पुनःस्थापना, पुनःएकीकरण तथा सामाजिक समावेशीकरणको अनुगमन विशेष रूपमा गरिनेछ ।
- गरिबी अनुगमन तथा विश्लेषण व्यवस्थालाई आवश्यकतानुसार परिमार्जन गर्दै संस्थागत गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई बढी सहभागितामूलक बनाई सार्वजनिक मूल्यांकन प्रणालीको अवधारणाको विकास गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई बढी सहभागितामुलक बनाइनेछ ।
- सार्वजनिक खर्च अनुगमन प्रणालीलाई अझ व्यापक बनाइनेछ ।
- विकास प्रक्रियाका प्रत्येक तहमा नतिजामुखी व्यवस्थापन प्रणालीलाई संस्थागत गर्न प्रारम्भ गरिनेछ ।
- मानवीय सुरक्षाका विभिन्न पक्षहरू जस्तैः खाद्य सुरक्षा, वातावरण सुरक्षा, स्वास्थ्य सुरक्षा, आय सुरक्षा सम्बन्धी प्रगतिको अनुगमन प्रणाली केन्द्रदेखि गा.वि.स. सम्म विकास गरिनेछ ।

- विकास आयोजना तथा कार्यक्रमको अनुगमनलाई कार्यसम्पादनमूलक बनाउनका साथै यसका लागि स्थापना गरिएका संयन्त्रलाई अझै सक्रिय गराई आयोजना कार्यान्वयन लक्ष अनुरूप नै सम्पन्न गर्न टेवा पुऱ्याइनेछ ।
- कार्यस्थलदेखि जिल्लातहसम्म हरेक आयोजनाको बजेट रकम, वार्षिक कार्यक्रम र प्रगति आवधिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- विकास कार्यक्रम तथा आयोजनाहरूको वार्षिक कार्यतालिका बनाई छानिएका आयोजनाहरूको स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने व्यवस्था गरिनेछ ।
- विकास आयोजनाहरूको कार्यसम्पादन अनुगमनका अतिरिक्त सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गराउने व्यवस्था गरिनेछ ।
- सार्वजनिक गरिएका नीतिहरूको कार्यान्वयन स्थितिको अनुगमन गरिनेछ ।
- विकास कार्यक्रम र आयोजनाहरूको मूल्यांकन गरी प्राप्त नतिजालाई योजना प्रक्रियामा उपयोग गरिनेछ ।



## अनुसूची १

### तालिका १ : कुल गार्हस्थ उत्पादन
### (२०५८/५९ को स्थिर मूल्यमा) र आर्थिक वृद्धिदर

*(रू. करोडमा)*

| क्षेत्रहरू | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३* | २०६३/६४** | दशौं योजनाको औषत वार्षिक वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| कृषि, बन र मत्स्य पालन | १६६०९.० (३.०९) | १७१६१.९ (३.३३) | १७९८८.१ (४.८१) | १८६१७.६ (३.५०) | १८८२५.८ (१.१२) | १८९४९.२ (०.६६) | २.६७ |
| गैर कृषि | २७७९६.२ (-१.१७) | २८७४८.५ (३.४३) | ३०२६४.५ (५.२७) | ३१०६५.० (२.६५) | ३२४८७.६ (४.५८) | ३३६४६.८ (३.५७) | ३.७९ |
| उद्योग, भूगर्भ तथा खानी | ३९८८.५ (-४.६६) | ३९९७.० (०.२१) | ४०७७.३ (२.०१) | ४१९३.३ (२.८४) | ४२९०.३ (२.३१) | ४३९२.५ (२.३८) | १.९५ |
| बिद्युत, ग्याँस तथा पानी | ९१३.८ (११.३७) | १०८७.८ (१९.०४) | ११३२.१ (४.०७) | ११७७.० (३.९७) | १२१९.९ (३.६४) | १२५९.१ (३.२२) | ६.६२ |
| निर्माण | २८८३.८ (६.४१) | २९४४.४ (२.१०) | २९३४.२ (-०.३५) | ३०१९.२ (२.९०) | ३२३९.४ (७.३०) | ३२८८.१ (१.५०) | २.६६ |
| वयापार, होटेल तथा रेष्टुराँ | ७१९२.१ (-१२.२८) | ७३५२.७ (२.२३) | ८१६१.४ (११.००) | ७६५८.९ (-६.१६) | ७९५७.५ (३.९०) | ७७९४.९ (-२.०४) | १.६२ |
| यातायात तथा सञ्चार | ३४९५.९ (८.३७) | ३६७७.६ (५.२०) | ३९५३.१ (७.४९) | ४०३१.५ (१.९८) | ४२०७.० (४.३५) | ४५४८.१ (८.११) | ५.४ |
| वीत्त तथा घरजग्गा | ४८७२.७ (-२.८५) | ४७४८.० (-२.५६) | ४७५१.४ (०.०७) | ५४१५.८ (१३.९८) | ५७२६.७ (५.७४) | ६२२०.३ (८.६२) | ५.०० |
| समुदाय तथा सामाजिक सेवा | ४४४९.४ (१२.०२) | ४९४०.९ (११.०५) | ५२५५.० (६.३६) | ५५६९.४ (५.९८) | ५८४६.८ (४.९८) | ६१४३.७ (५.०८) | ६.६७ |
| कुल मूल्य अभिवृद्धि | ४४४०५.२ (०.३८) | ४५९१०.४ (३.३९) | ४८२५२.६ (५.१०) | ४९६८२.६ (२.९६) | ५१३१३.४ (३.२८) | ५२५९६.० (२.५०) | ३.४४ |
| कुल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा) | ४५९४४.३ (०.१२) | ४७७५६.९ (३.९५) | ४९९९३.१ (४.६८) | ५१५५४.५ (३.१२) | ५२९९७.६ (२.८०) | ५४३२३.२ (२.५०) | ३.४ |

**स्रोत** : केन्द्रीय तथ्यांक विभाग **नोट** : आर्थिक वृद्धिदर कोष्ठमा दिइएको छ ।

*संशोधित अनुमान । **प्रारम्भिक अनुमान ।

## तालिका २ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

(प्रतिशतमा)

| क्षेत्रहरू | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | दशौं योजनाको औषत योगदान |
|---|---|---|---|---|---|---|---|
| कृषि, मत्स्यपालन र बन | ३७.४ | ३६.५ | ३५.९ | ३५.२ | ३३.९ | ३३.१ | ३४.९ |
| गैर कृषि | ६२.६ | ६३.५ | ६४.१ | ६४.८ | ६६.१ | ६६.९ | ६५.१ |
| उद्योग, भूगर्भ तथा खानी | ९.० | ८.७ | ८.५ | ८.४ | ८.२ | ८.० | ८.४ |
| बिद्यूत, ग्यास तथा पानी | २.१ | २.४ | २.३ | २.३ | २.१ | २.० | २.२ |
| निर्माण | ६.५ | ६.५ | ६.४ | ६.५ | ६.५ | ६.४ | ६.५ |
| वयापार, होटेल तथा रेष्टुराँ | १६.२ | १६.१ | १७.० | १५.७ | १६.० | १५.३ | १६.० |
| यातायात तथा सञ्चार | ७.९ | ८.३ | ८.९ | ९.१ | १०.४ | ११.८ | ९.६ |
| वीत्त तथा घरजग्गा | ११.० | १०.८ | १०.४ | ११.८ | ११.६ | ११.७ | ११.२ |
| सामाजिक सेवा | १०.० | १०.७ | १०.५ | ११.२ | ११.४ | ११.८ | ११.१ |
| कुल गार्हस्थ उत्पादन | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |



## तालिका ३ : कुल गार्हस्थ उत्पादनको अनुपातमा समष्टिगत आर्थिक सूचकांकहरू

| विवरण | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३* | २०६३/६४** | दशौं योजनाको औषत अनुपात |
|---|---|---|---|---|---|---|---|
| कुल उपभोग | ९०.५१ | ९१.४४ | ८८.२५ | ८८.४४ | ९२.०९ | ९०.६५ | ८९.८४ |
| कुल लगानी | २०.२५ | २१.४१ | २४.५३ | २६.४५ | २५.९९ | २५.३५ | २५.५७ |
| कुल गार्हस्थ बचत | ९.४९ | ८.५६ | ११.७५ | ११.५६ | ७.९१ | ९.३५ | १०.०१ |
| कुल राष्ट्रिय बचत | २४.२० | २३.७७ | २७.२५ | २८.४१ | २८.१९ | २८.५६ | २८.१० |
| वस्तु तथा सेवाको आयात | २८.४९ | २८.५५ | २९.४६ | २९.४८ | ३१.६८ | २८.४८ | २९.७५ |
| वस्तु तथा सेवाको निर्यात | १७.७४ | १५.७० | १६.६८ | १४.५८ | १३.६० | १२.४८ | १४.२६ |
| चालु खाता (बचत) | ४.९ | ४.३ | २.५ | २.९ | २.२ | २.३ | |
| शोधनान्तर स्थिति (रू. करोडमा) स्थिर मूल्यमा | -३३४.२ | ४२३.३ | १४९३.० | ५०४.१ | २११८.६ | १०७३.१ | |
| मुद्रा प्रदाय (एम्-१) को वृद्धिदर | ९.३ | ८.६ | १२.२ | ११.२ | १२.० | १४.७ | ११.३ |
| मुद्रा प्रदाय (एम्-२) को वृद्धिदर | ४.४ | ९.८ | १२.८ | १२.५ | १३.५ | १६.० | ११.५ |
| जि.डि.पि. डिफ्लेटर वृद्धिदर | | ३.१ | ३.९८ | ६.२५ | ६.५० | ८.३३ | ५.६ |
| राजस्व | ११.० | ११.४ | ११.६ | ११.९ | ११.४ | १२.० | ११.७ |
| कुल खर्च | १७.४ | १७.१ | १६.७ | १७.१ | १७.३ | १८.८ | १७.४ |
| साधारण खर्च | १०.६ | ११.२ | १०.९ | ११.२ | ११.२ | ११.० | ११.० |
| विकास खर्च | ६.९ | ५.९ | ५.८ | ५.९ | ६.१ | ८.४ | ६.४ |
| चालु खर्च | १०.६ | १०.६ | १०.३ | १०.५ | १०.७ | ११.२ | १०.७ |
| पूँजीगत खर्च (सावाँ भुक्तानी समेत) | ६.८ | ६.५ | ६.३ | ६.९ | ६.७ | ७.७ | ६.८ |
| वैदेशिक सहायता | ३.१ | ३.२ | ३.५ | ४.० | ३.६ | ४.५ | ३.८ |
| अनुदान | १.५ | २.३ | २.१ | २.४ | २.१ | २.८ | २.३ |
| ऋण | १.७ | ०.९ | १.४ | १.६ | १.५ | १.७ | १.४ |
| आन्तरिक ऋण | ३.३ | २.४ | १.५ | १.५ | १.८ | २.३ | १.९ |

*संशोधित अनुमान । **प्रारम्भिक अनुमान ।